# अध्याय-१

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा विभिन्न जातजाति, जनजाति आदिवासीहरूको बसोबास रहेको छ। उनीहरूका आफ्नो छुट्टै भाषा, संस्कृति, रीतिरिवाज छन्। नेपालमा हिन्दू धर्मको बाहुल्यता भए पनि यहाँ बुद्ध धर्म, इसाई धर्म, मुस्लिम धर्म र जैन धर्मलगायतका धर्महरू पनि रहेका छन्। नेपाल बहुधार्मिक राष्ट्र भए पनि यहाँको समाज मूलतः हिन्दू धार्मिक संस्कारअनुसार नै परिचालित छ। नेपालको पूर्वदेखि पश्चिम महाकालीसम्म तथा हिमालदेखि तराई प्रदेशसम्म बसोबास गरेका सबै जातजाति सिङ्गो नेपाली संस्कृतिको अभिन्न अङ्गको रूपमा रहेका छन्। नेपाल अधिराज्यभित्र बाहुन, क्षत्री, राई, लिम्बु किराँत, मगर, गुरुङ, तामाङ, सुनुवार, जिरेल, दरै, थारु, राजवंशी, धिमाल, सन्तार, बोटे, राउटे, मुसलमान, नेवार आदिजस्ता विभिन्न जातजाति, जनजाति आदिवासीहरू रहेका छन्। यिनीहरूको आफ्नै भाषा, संस्कृति र वेशभूषा रहेका छन्। जसले नेपालीहरूको पहिचान राख्न मद्दत गरेको हामी पाउँछौं। त्यसैले नै हामी गर्व गर्दछौं कि हाम्रो देश नेपाल अनेकतामा एकताको उदाहरण बनेको छ।

नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरू मध्ये मगर पनि एक हो। मगर मंगोल मूलका जाति मानिन्छन्। मंगोल मूलका अन्य जनजातिहरूमा तामाङ, गुरुङ, शेर्पा, राई, लिम्बु, थकाली, जिरेल, सुनुवार, लोपो, थारु, मेचे धिमाल आदि पर्दछन्। नेपालको दुई भिन्नाभिन्नै भौगोलिक परिवेश र सांस्कृतिक परम्परा भएका विशाल छिमेकी मुलुकहरू भारत र चीनसँगको निकटताले गर्दा प्रागैतिहासिक कालदेखि नै समय समयमा यहाँ विभिन्न दिशाबाट अनेक जाति उपजातिका मानिसहरू भित्रिन पुगे जसको परिणाम स्वरूप जातीय विविधताले प्रश्रय पाएको भेटिन्छ। नेपालको भौगोलिक विभाजन अनुसार हेर्ने हो भने हिमाली भेगमा भोटे, शेर्पा, तामाङ, लोपा, मनाङे, थकाली आदि जातिहरूको बसोबास भएको देखिन्छ। पहाडी भेगमा ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, नेवार, तामाङ जिरेल,

चेपाङहरू र तराई भेगमा ब्राह्मण, राजपुत, थारु, कोचे, सत्तार, राई लिम्बु, दनुवार, माझी, दरै, मुसलमान, यादव आदि जातिहरूको बसोबासले स्थान ओगटेको छ ।

२०५८ सालको जनगणना अनुसार जनजातिहरूमध्ये सबैभन्दा बढी जनसङ्ख्या मगरहरूको छ। २०५८ सालको जनगणनाको तथ्याङ्क हेर्दा मगर जातिको सङ्ख्या १६,२२,४२१ रहेको छ (**राष्ट्रिय जनगणना, २०५८**) । निश्चित भौगोलिक क्षेत्र, भाषा, धर्म, परम्परा, रीतिरिवाज र हामीको भाबनाले गर्दा मगर जातिहरूको आफ्नो अलग पहिचान कायम भएको छ । अधिक मात्रामा मगरहरूको बसोबास हुने मगरात क्षेत्र गण्डकी, राप्ती, धौलागिरि र लुम्बिनी अञ्चल भए तापनि नेपाल राज्यको एकीकरणपछि पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्मका सम्पूर्ण भूभागमा मगरहरू छरिएर बसेका छन् । यिनीहरूको मूलथलो कर्णाली र गण्डकी प्रदेशको बीचको भूभाग हो । आज पनि धेरैजसो मगरहरू लुम्बिनी, राप्ती र धौलागिरि अञ्चलको पहाडी क्षेत्रमा बसोबास गर्दछन् । रुकुम, रोल्पा, दाङ, सुर्खेत, दैलेख, जाजरकोट, अर्घाखाँची, गुल्मी, कपिलवस्तु, पाल्पा, वाग्लुङ, म्याग्दी, पर्वत आदि जिल्लाहरूमा मगरका बाक्लै बस्तीहरू छन् । मगरहरूको बसोबास भएको भूभागलाई पहिले मगरात भनिन्थ्यो । मगराँती भाषा मगरहरूको मातृभाषा हो । यस भाषालाई अठार मगराँती भाषा र बाह्र मगराँती भाषा गरी दुई समूहमा विभाजन गरिएको छ । अठार मगराँती भाषा अन्तर्गत खाम भाषा, काइके भाषा र छन्तेल भाषा पर्दछन् । यी भाषाहरू विशेष गरी गुल्मी, सल्यान, रोल्पा, बाग्लुङ, प्युठान, डोल्पा आदि जिल्लाका मगरहरूले बोल्ने गर्दछन् । बाह्र मगराँती भाषा बोलिने जिल्लाहरू पाल्पा, तनहुँ, स्याङ्जा, चितवन, नबलपरासी, रामेछाप, सिन्धुली, उदयपुर, इलाम, ओखलढुङ्गा, पाँचथर, धनकुटा, सर्लाही, महोत्तरी आदि रहेका छन् । भेरी नदीको माथिल्लो भागतिर बस्ने मगरहरू भोटे भाषालाई नै मातृभाषा मान्दछन् भने रोल्पा तथा रुकुमतिरका मगरहरू खाम भाषा बोल्दछन् । कतिपयका ठाउँका मगरहरूले नेपाली भाषा नै बुझ्दैनन् । मगराँत भन्दा बाहिरका मगरहरू भने नेपाली भाषा नै बोल्दछन् । मगरात क्षेत्रमा सेन र ठकुरी राजाहरू पनि मगरहरू नै थिए भन्ने कतिपय अनुसन्धानकर्ताहरूको मत छ (**पाण्डेय, २०६५ : ८३**) । यसै गरी मगरहरूलाई अठार र बाह्र पन्थी गरी दुई समूहमा विभाजन गरिएको छ । अठार पन्थी मगरहरू अठार मगराँती भाषा र बाह्र पन्थी मगरहरू बाह्र मगराँती भाषा

बोल्ने गर्दछन् । तर केही मानवशास्त्रीहरूले अठार पन्थीलाई चौधपन्थीमा विभाजन गरेको पनि भेटिन्छ । अठार पन्थी मगरहरू भन्दा बाह्र पन्थी मगरहरू लोक संस्कृतिका धनी देखिन्छन् । यसरी मगरहरूलाई माथि उल्लेखित विभिन्न तरिकाले विभाजन गरे पनि उनीहरूको पुर्खा एउटै हुन् । भाषामा भिन्नता भए तापनि अधिकांश परम्परा र संस्कृति एक आपसमा मिल्न आउँछ ।

मगर नेपालको सबैभन्दा ठूलो जनजाति हो । यिनीहरूमा मंगोलियन विशेषता पाइन्छ भन्ने कुरालाई उनीहरूको शारीरिक बनौटले नै पुष्टि गर्दछ । मगरहरू क्षेत्री वंशका ठकुरी जातिबाट झरेका जाति मानिन्छन् (**शर्मा, २०५८ : १४३**) । प्राचीनकालदेखि नै खस बाहुनहरूसँगको निकट सम्पर्कले गर्दा मगरहरू तिनै खस बाहुनहरूबाट अत्याधिक रूपमा प्रभावित भएको देखिन्छ । नेपालको उत्तरी भेगका मगरहरू बाहेक अन्य क्षेत्रका मगरहरूमा खस बाहुनकै बढी प्रभाव परेको छ । मगरहरूको पुरेत ब्राह्मण वा आफ्नै जातको राख्ने चलन छ । मगरहरूको पुरेतलाई भुसाल भनिन्छ । यिनी हिन्दूधर्म र बौद्ध धर्म मान्नेहरू मात्र नभएर प्रकृतिका पूजकहरू पनि मानिन्छन् ।

मगरहरूले दशैं, तिहार, साउने सङ्क्रान्ति, माघे सङ्क्रान्ति, वैशाख पूर्णिमा, फागु पूर्णिमा, कुलपूजा, मण्डली पूजा, भुमेपूजा, बराहपूजा, भाइटीका, कृष्णाष्टमी, तीजजस्ता चाडर्वहरू बडो हर्षोल्लासपूर्वक मनाउने गर्दछन् । मगर परिवार पितृ सत्तात्मक भए तापनि यो जातिमा पुरुषहरूले तुलनात्मक रूपमा महिलाहरूलाई बढी स्वतन्त्रता दिएका हुन्छन् । मगरहरूको विबाह आफ्नै जातभित्र भए पनि सगोत्र भित्र भने हुँदैन । यिनीहरूको समाजमा मामाचेली र फुपूचेला बीच वैवाहिक सम्बन्ध प्रचलित छ । सोझो, मिलनसार प्रवृत्ति, लगनशील र बहादुर भएका कारण पृथ्वीनारायण शाहकै पालादेखि सैनिक सेवामा भर्ती भई हालसम्म पनि वृटिस, भारतीय र नेपाली सेनामा रही आफ्नो वीरता र बहादुरी प्रदर्शन गरिरहेका छन् । मगरहरूको परम्परागत पेसा भने कृषि र पशुपालन नै हो । मतबाली समूहभित्र पर्ने मगर जातिहरू भोटबर्मेली परिवारको भाषा बोल्ने गर्दछन् ।

२००७ सालको राजनैतिक परिवर्तनले देशमा आर्थिक, सामाजिक क्षेत्रमा परिवर्तनका सङ्केतहरू देखिन थालेपछि यातायात, सञ्चार र शिक्षाको विकासले गर्दा

नेपालका जातिहरू बसोबासको पुर्ख्यौली थलो छोडेर व्यवसायको खोजीमा विभिन्न क्षेत्रहरूमा बसाइ सर्ने क्रम बढ्दै गएको पाइन्छ । क्षेत्रीय वितरणका आधारमा हेर्दा विशेष क्षेत्रमा आ-आफ्नो जातीय बाहुल्यताका साथै बसोबासका आधारले चालचलनमा विभिन्नता भए पनि वर्तमान सामाजिक तथा आर्थिक परिवर्तन आधुनिक शिक्षा, सञ्चार, यातायात र दैनिक जीवनको सम्पर्कले गर्दा सम्पूर्ण नेपालीहरू एउटै सामाजिक सङ्गठनको एकीकृत धरातलमा आबद्ध भएको पाइन्छ। नेपाली समाजको मौलिक विशेषता भनेको अनेकता भित्रको एकता र धार्मिक सहिष्णुता हो। यहाँ हिन्दू धर्माबलम्बीहरूले बौद्ध धर्मका कतिपय सिद्धान्तहरूलाई अनुसरण गरेको पाइन्छ भने बौद्ध धर्माबलम्बीहरूले हिन्दू धर्मको । बुद्धलाई विष्णुका अवतारका रूपमा लिइनु, मन्जुश्रीलाई दुवै पक्षको देवी मानिनु, मुक्तिनाथमा दुवै धर्माबलम्बीहरूले पूजा गर्ने, मच्छिन्द्रनाथलाई दुवै धर्ममा देवता मान्नु आदि नेपाली धार्मिक सहिष्णुताका सबल पक्षहरू हुन् । हिन्दू धर्मले अन्य धर्मलाई सधै एक लक्ष्य प्राप्तिको निम्ति अपनाइएको वेग्लावेग्लै मार्गहरूको रूपमा अंगिकार गर्नुको साथै ती धर्महरूप्रति सहिष्णुता, उदारता र आदरको भावना लिएको पाइन्छ । फलस्वरूप शताब्दीऔंदेखिको अविच्छिन्न स्वाधीनता, जीवित सांस्कृतिक विविधताले नेपालको गौरवमय विशिष्टता कायम राखेको पाइन्छ। आवागमन, सञ्चार, शिक्षा जस्ता आधुनिकिकरणका प्रक्रियाहरू प्रारम्भ भई उदारता र समानताको भावना विकास भएको छ। नेपालको विभिन्न भौगोलिक प्रदेशहरू हिमाली, पहाडी र तराई जनजीवनमा जातिगत, भाषा, वेशभूषा आदिमा व्यापक भिन्नता भए पनि पर्याप्त मात्रामा एकता छ। चारजात छत्तीस वर्णको साझा फूलबारीरूपी नेपालमा हरेक जातिका आ-आफ्ना भाषा धर्म, परम्परा र रीतिरिवाज छन् ।

नेपालको जनगणनाको इतिहासमा पहिलो पटक सन् १९९१ मा मात्र नेपालमा विभिन्न जाति र जनजातिहरूको पहिचान सहित जनसङ्ख्या लिने प्रयासको थालनी गरियो । सो गणनाको आधार अनुसार नेपालमा ६० जनजातिहरूको पहिचान गरिएको छ । यिनै ६० जनजातिहरू मध्येको सबैभन्दा बढी जनसङ्ख्या रहेको जनजाति मगर हो । २०४८ सालको जनगणनाअनुसार मगर जातिको जनसङ्ख्या १३,३९,३०८ रहेको देखिन्छ भने २०५८ सालको जनसङ्ख्यामा यिनीहरूको सङ्ख्या १६,२२,४२१ अर्थात् कूल

जनसङ्ख्या (२,३१,५१,४२३) को ७.१% देखिन्छ। यसै म्याग्दी जिल्लामा मगरहरूको जनसङ्ख्या ४७,८२० अर्थात् कूल जनसङ्ख्याको ४१% रहेको पाइन्छ (**राष्ट्रिय जनगणना, २०५८**)। त्यसैले नेपालको मुख्य जनजाति भएर पनि विकासको मूल प्रबाहमा आउन नसकेका म्याग्दी जिल्लाको उत्तरी भेगमा पर्ने भुरुङ तातोपानी गा.वि.स मा बसोबास गर्दै परम्परागत खेतीपाती र पशुपालन व्यवसाय अपनाउँदै आएका मगरहरूको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको सेरोफेरोमा सीमित मात्रामा भए पनि अध्ययन अनुसन्धान गर्ने प्रयास गरिएको छ।

## १.२ अध्ययनको समस्या

मगर जातिहरू नेपालको जुनसुकै भौगोलिक क्षेत्रभित्र छरिएर रहेपनि उनीहरूका पुर्खा एउटै हुन्। नेपालको भौगोलिक विविधताले गर्दा मगर जनजातिहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थामा विभेद पाइन्छ। यिनीहरूको आय आर्जनको प्रमुख स्रोत कृषि र पशुपालन नै हो। आधुनिक समयमा पशुपालन खेतीपातीले मात्र परिवार पालिन मुस्किल भएकाले र शिक्षाको प्रसार प्रचारले चेतनशील वर्गहरू आफ्नो पुर्ख्यौली थलो र पेसालाई परित्याग गर्दै शहरबजारमा केन्द्रित भई कलकारखाना र उद्योगधन्दामा संलग्न रही व्यापार व्यवसायको थालनी गरेको भेटिन्छ। हाल उनीहरू रोजगारीको सिलसिलामा विदेशतिर जाने क्रम पनि बढेको छ। लोक संस्कृतिका धनी मगरहरूको आफ्नो रीतिरिवाज, विबाह, चाडपर्व पूजाआजा बिस्तारै बिस्तारै लोप हुने स्थितिको क्रम देखापर्न थालेको छ। तसर्थ यहाँका मगरहरूको सामाजिक जनजीवन, पेसा, धर्म संस्कार र सामाजिक तथा सांस्कृतिक मूल्यमान्यताहरू आदिको अध्ययन गरी यस जातिको खोज र संरक्षण गर्नु आवश्यक देखिएको छ।

अतः यो अध्ययन निम्न समस्यामा केन्द्रित रहेको छ।

१. मगर जातिको वास्तविक पहिचान के हो ?

२. मगर जातिको मुख्य पेसा के हो र यिनीहरूको आर्थिक अवस्थाको स्थिति कस्तो छ ?

३. मगर जातिमा देखिएका समय सापेक्ष सामाजिक तथा आर्थिक परिवर्तनहरू के-के हुन् ?

४. मगर समुदायको शैक्षिक अवस्था कस्तो छ ?

५. मगरहरूको विदेशी नोकरीमा आकर्षण हुनाको रहस्य के हो ?

६. मगर समुदाय र अन्य समुदायबीचको सम्बन्धले उनीहरूको जीवन पद्धतिमा कस्तो प्रभाव पारेको छ ?

७. मगर समुदाय सामाजिक रूपले पछि र सांस्कृतिक खतराउन्मुख हुने कारणहरू के-के हुन् ?

८. सामाजिक सङ्गठन, परिवार, विबाह, नातेदारी प्रथा आदिले कसरी उनीहरूमा प्रकार्यात्मक भूमिका खेलेको छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको साधारण उद्देश्य म्याग्दी जिल्लास्थित भुरुङ तातोपानी गा.वि.स.का मगर समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको विश्लेषण गर्नु हो ।

यो अध्ययनलाई मूर्त रूप दिन निम्नलिखित विशिष्ट उद्देश्यहरूमा जोड दिइने छ ।

१. भुरुङ तातोपानी गा.वि.स.का मगरहरूको सामाजिक तथा सांस्कृतिक पक्षको विश्लेषण गर्नु ।

२. भुरुङ तातोपानीका मगरहरूको आर्थिक पक्षको विश्लेषण गर्नु ।

३. भुरुङ तातोपानीका मगर समुदायमा देखिएका समय सापेक्ष सामाजिक तथा आर्थिक परिवर्तनको पहिचान गर्नु ।

## १.४ सामाजिक, सांस्कृतिक र आर्थिक पक्ष

### सामाजिक पक्ष

भुरुङ तातोपानी गा.वि.स.मा रहेका मगरहरूको सामाजिक प्रक्रिया, सामाजिक प्रतिमान, सामाजिक अन्तरक्रिया सामाजिक सङ्गठन, सामाजिक व्यवस्था, सामाजिक घटना, मानिसको जीवनपद्धति इत्यादिले सामाजिक पक्षलाई जनाउँछ ।

### सांस्कृतिक पक्ष

यस अध्ययनमा भुरुङ तातोपानी गा.वि.स.का मगरहरूको कला, साहित्य, दर्शन, चाडपर्व, लवाईखुवाई, शिक्षा नीतिनियम, कानुन चाडपर्व, धर्म, प्रथा, विश्वास, पोशाक बसोबास, भाषा, आविष्कार, इत्यादिले सांस्कृतिक पक्षलाई समेट्छ ।

### आर्थिक पक्ष

भुरुङ गा.वि.स.का मगरहरूको पेसा, खेतीपाती, पशुपालन, ज्यालामजदुरी, नोकरी, व्यापार व्यवसाय, काम, आम्दानी, सम्पत्ति, श्रमविभाजन, उत्पादन लगानी, उपयोग वितरण जस्ता पक्षहरू आर्थिक पक्षअन्तर्गत पर्दछन् ।

## १.५ अध्ययनको महत्त्व

नेपालको विकासको लागि यस देशमा रहेका विभिन्न जातिहरूको ऐतिहासिक, सांस्कृतिक, आर्थिक र सामाजिक स्थितिका बारेमा सत्य-तथ्य तथ्याङ्कको आवश्यकता पर्दछ । नेपाललाई विश्व सामु चिनाउने विभिन्न जातिहरूमध्ये मगर पनि एउटा जाति हो । तसर्थ यहाँका मगरहरूको बारेमा खोज-अनुसन्धान गरी उनीहरूको शैक्षिक सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाबारे जानकारी गराउनु यस अध्ययनको महत्त्व रहेको छ । कुनै पनि जाति र जनजातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको विश्लेषण र चिन्तन मनन गर्नु एउटा महत्त्वपूर्ण कार्य हो । यो अध्ययन सीमित क्षेत्रलाई समेट्ने सानो अध्ययन भए पनि सम्पूर्ण मगर जातिको समस्या र वास्तविकतालाई उजागर गर्न ठूलो टेवा पुग्नेछ । यति मात्र हैन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरू र जो कोही नीति निर्माताहरूलाई नीति निर्माण गर्न सहयोग पुग्नेछ । यसको साथै भुरुङ गा.वि.स.का मगर समुदायको बारेमा जान्न चाहने जो कोही व्यक्तिलाई यसले सीमित मात्रमा भए पनि जानकारी गराउने छ ।

## १.६ अध्ययनको सीमा

कुनै पनि विषयवस्तुको अध्ययन गर्ने क्रममा सीमाको निर्धारण गर्नु अपरिहार्य देखिन्छ । सीमाको पूर्व निर्धारण गर्नुको प्रमुख कारण समग्रमा सम्पूर्ण पक्षको अध्ययन गर्न नसक्नुका साथै समय र आर्थिक तत्त्वको खाँचोले गर्दा नै हो । अझ भन्नुपर्दा यो अध्ययन पृथ्वीनारायण क्याम्पस, पोखरा समाजशास्त्र/मानवशास्त्र विभागको स्नातकोत्तर तहको शोधपत्रको लागि मात्रै तयार गरिएको हो । यस अध्ययन क्षेत्रभित्र नेपाल अधिराज्यभरि बसोबास गर्ने विभिन्न मगर जातिहरूको बारेमा अध्ययन गर्न नसकेता पनि म्याग्दी जिल्ला भुरुङ तातोपानी गा.वि.स.मा बसोबास गर्दै आईरहेको मगर जातिको यथार्थता उतार्ने प्रयास गरिएको छ । म्याग्दी जिल्ला भुरुङ तातोपानी गा.वि.स क्षेत्रभित्र बसोबास गर्ने मगर जातिको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाको बारेमा मात्र सीमाङ्कन गरी अध्ययन गरिएको हुनाले समग्र अधिराज्यमा बसोबास गर्दै आएका मगर जातिको अध्ययनको लागि सामान्यीकरण नहुन पनि सक्दछ ।

## अध्याय-२

## साहित्य पुनरावलोकन

### २.१ सैद्धान्तिक पृष्ठभूमि

नेपाली भूमिमा अवस्थित विभिन्न जाति तथा जनजातिहरूको बारेमा बेलाबेलामा विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूद्वारा अध्ययन अनुसन्धान गरेको पाइन्छ। विभिन्न विद्वान्हरूले विभिन्न जाति तथा जनजाति सम्बन्धी गरेका अध्ययन अनुसन्धानबाट प्राप्त निष्कर्ष र तथ्यका आधारमा प्रकाशित कृतिले गहन भूमिका खेल्ने भएकोले ती सामग्रीहरूलाई पूर्व साहित्यको अध्ययनको रूपमा लिइएको छ।

नेपालको जनगणनाको इतिहासमा पहिलो पटक सन् १९९१ मा मात्र नेपालमा विभिन्न जाति र जनजातिहरूको पहिचानसहित जनसङ्ख्या लिने प्रयासको थालनी गरियो। सो गणनाको आधारअनुसार तराईमा २९, पहाडी भागमा २९ र हिमाली भागमा २ गरी जम्मा ६० जनजातिहरूको पहिचान गरिएको छ (**गुरुङ, १९९६ : १**)। हर्क गुरुङका अनुसार नेपालमा ३१ भन्दा बढी भाषिकाहरू रहेका छन्। त्यस्तै उहाँका अनुसार सामाजिक विभाजन हिन्दू जाति प्रथाभित्र र बाहिर गर्नुको साथै जनजातिमा पनि नपरेकालाई आदिवासी भनिएको छ। नेवारहरू हिन्दू, बौद्ध दुवै धर्म मान्ने हुँदा सामाजिक विभाजनमा नराखी भाषाको आधारमा जनजाति समूहमा राखिएको छ भने त्यसैको परिशिष्ट ५ मा उल्लेख भए अनुसार नेपालका जाति तथा जनजातिको बनावटलाई संक्षेपमा प्रस्तुत गरिएको छ। सानो भएर पनि सांस्कृतिक विविधतामा धनी मानिने यो देशमा विभिन्न जाति र जनजातिहरू उच्च पहाडी, मध्य पहाडी र तराईको भू-भागहरूमा बसोबास गरेको पाइन्छ। प्रत्येक जाति तथा जनजातिको आफ्नै भाषा, धर्म र संस्कृति भएको हुँदा नेपाल बहुजातीय, बहुधार्मिक बहुभाषिक एवं बहुसांस्कृतिक देशको रूपमा विश्वमा आफ्नो सामाजिक सांस्कृतिक पहिचान दिन सफल भएको छ। यसरी विविध जाति र जनजातिको मनोरम स्थलको रूपमा रहेको यो देश स्वदेशी तथा विदेशी समाजशास्त्री तथा मानवशास्त्रीहरूको लागि अध्ययन अनुसन्धानको केन्द्र बिन्दु बनेको छ।

जनजातिहरू मध्ये सबैभन्दा वढी जनसङ्ख्या भएको मगर जातिका पुर्खाहरू इ.पू २३०० तिर फिरन्ते जातिका रूपमा नेपाल प्रवेश गरेका मानिन्छ। नेपालका मगरहरू पाँच

समूहमा नेपाल प्रवेश गरेका थिए जसमा पहिलो समूह पश्चिम भेगबाट आएका मनाङका सन्तानहरू नै सर्वप्रथम २३०० इ.पू.तिर प्रवेश गरेका थिए भने दोस्रो समूह आसामबाट, तेस्रो समूह उत्तरी भेगबाट, चौथो समूह सिक्किम र पाँचौ समूह दक्षिण भेगबाट नेपाल प्रवेश गरेका हुन भन्ने भनाइ छ (**बरालमगर, २०५०**)। यसैगरी केशरजङ्ग बरालमगरले सामाजिक स्वरूपमा परिवार, नाता र पारिवारिक सम्बन्ध, जन्म संस्कार, कर्म संस्कार नृत्य, चाडपर्व आदिका बारेमा समेत उल्लेख गरेको पाइन्छ। त्यस्तै गरी मगरहरूका विभिन्न थर र उपथरहरूका बारेमा समेत उनले बताएका छन् जो यसप्रकार छन्।

| | | | |
|---|---|---|---|
| १. | आले मगर | २. | घर्ती मगर |
| ३. | थापा मगर | ४. | पुन मगर |
| ५. | राना मगर | | |

यसरी यिनले आफ्नो पुस्तकमा मगरजातिको नेपाल प्रवेश सामाजिक स्वरूप, धर्म संस्कृति र थर उपथर बारेमा जानकारी दिएका छन्।

शर्मा, (२०५८) का अनुसार अध्ययन अनुसन्धानमा ठकुरीहरूलाई पनि मगरसँग सम्बन्धित गराइको पाइन्छ। कुनै कालखण्डमा जाति भ्रष्ट भएका ठकुरीहरू नै पछि गएर मगर भएका हुन्। मगरहरूको मूल थलो भने काली गण्डकी भन्दा पश्चिम, कर्णालीभन्दा पूर्व चुरे वा शिवालिक पर्वत शृङ्खला भन्दा उत्तर र अति हिमपात हुने हिमाली भागभन्दा दक्षिणको विशाल भू-भाग हो। मगरहरू जहाँ गएपनि तीन प्रकारका दृष्टिगोचर (थर) हुन्छन्। ती तीन थर हुन्। (थापा, आले र राना), थापा, राना र आले सबै मिलाएर करिव ४०० प्रकारका उपथरहरू हुन्छन् (**शर्मा, २०५८ : २४३**)।

बुढामगर (२०५३) ले आफ्नो पुस्तकमा मगरहरूको उत्पत्तिका बारेमा इस्वीको नवौं शताब्दीमा युरालसबाट आएका मग्यार घोडचढीहरूले हंगेरीमा अवस्थित देन्यूव र तीजामा आई बसोबास गरेका हुन्। मगर भाषासँग यी मग्यार घोडचढीहरूको भाषाका शब्दहरू उच्चारणमा समानता भेटिएको छ। त्यसैले हंगेरीमा बसोबास गर्दै आएका मग्यार भन्ने जातिलाई पछि गएर मगर भन्ने गरेको हो। यसैगरी १६ औं शताब्दीको अन्त्य र १७ औं शताब्दीको सुरुमा मगरात देश भनी प्रसिद्धि पाएको पाल्पाको मानचित्र अहिले जस्तो सानो नभएर एकदम विस्तृत थियो। यसको पूर्वी सीमाना हालको कोशीनदी वगेको तराई

क्षेत्रदेखि ८० कि.मि अर्थात् नेपालको झापा र भारतको पूर्वीय एवं जलपाईगुडीसम्म, पश्चिमअर्घाखाची र गुल्मीसम्म, उत्तरमा मुस्ताङकोट र दक्षिणमा वर्तमान गंगा किनार, मुजफरपुर र छपरा जिल्लासम्म भएको बुझिन्छ । मगर जातिहरूलाई मुख्य तीन वर्गमा विभाजित गरिएको छ । ती वर्गमा पनि विभिन्न थर र उपथरहरू रहेका छन् ।

| | | |
|---|---|---|
| 'क' | | |
| थापा मगर - (थर) | रानामगर - (थर) | आलेमगर (थर) |
| अर्घाली (उपथर) | असलामी (उपथर) | असलामी (उपथर) |
| गरञ्ज (उपथर) | गुरुघाने (उपथर) | गोलागी (उपथर) |
| थन्याली (उपथर) | थरवर (उपथर) | दमौली (उपथर) |
| 'ख' | | |
| थापा मगर - (थर) | रानामगर - (थर) | आलेमगर (थर) |
| उपथर | उपथर | उपथर |
| आले, बलामी, दुरैल, गेलुङ्ग | सिंजाली, दंगाली, रेश्मी, लुङगेती | बलम, पुलामी, सिर्पाली, फेबाली |
| 'ग' | | |
| बुढाथोकी वा बुढा - (थर) | घर्ती - (थर) | पुन (थर) |
| उपथर | उपथर | उपथर |
| बलकोटी, नामबाली, धामी, लाम्छाने र सिरिस | भूज्याल, गर्बुजा, सिजाली, दगामी | वैशाली, पहरे, तजाली, थानी |
| रोका (थर) | | |
| (उपथर) रामजली, बझांगी, रोकाम, आदि छन् । | | |

*स्रोत : हर्षबहादुर बुढा मगर (२०५३)*

विष्ट (२०५५) का अनुसार तत्कालीन गण्डकी र कर्णाली प्रदेशको बीचको भाग विभिन्न राज्यमा विभाजित भएको कालखण्डसम्म त्यस क्षेत्रमा मगर जातिको आफ्नै राज्य थियो जसलाई बाह्र मगराती राज्य भनिन्थ्यो । विष्टका अनुसार मगर जातिका विभिन्न

थरहरू हुन्छन् । थरहरू भित्र पनि विभिन्न खलक हुन्छन । जस्तै पुन मगरमा पेगेल, तिर्के, सावे, रामजोली हुन्छन् । भने आलेमगरमा दुध आले, तोर्छाकी आले, सूर्यवंशी आले र फेङ्दी आले पर्दछन् । त्यस्तै थापा मगरमा तङलामी, असलामी, क्याप्छाकी, दर्लामी, बिकट्टा, पुलामी, रासकोटी, सिंजाली, फेबाली, ध्यावाङ, गहसरु र सिंजापति पर्दछन् (**विष्ट, २०५५ : ५२**) ।

नेपालका मगरहरू भोट वर्मेली परिवारअन्तर्गत पर्दछन् । यसैगरी नेपालको पश्चिम भागमा बढी मात्रामा बसोबास गर्ने मगरहरू नेपालको पूर्वदेखि पश्चिमसम्म फैलिएर रहेका छन् । यिनीहरूको मुख्य क्षेत्रलाई बाह्र मगरात भनिन्छ जसमा लुम्बिनी, राप्ती र भेरी अञ्चल पर्दछन् । मगरहरूको मुख्य पेसा कृषि रहेको छ । यसका अलवा पशुपालन काठको काम, भवन निर्माण, ढुङ्गाको काम आदि गर्दछन् । यिनीहरूको मुख्य उब्जनीमा गहुँ, कोदो, मकै र सागपात रहेको छ । यिनीहरू गोर्खाली सेनामा बढीमात्रामा भर्ना हुन चाहन्छन् । घरहरू प्राय गरी थाकाल र ढुङ्गाबाट बनाइएका हुन्छन् । साथै वरण्डा समेत निकालिएका हुन्छन् । यिनीहरूको आफ्नै जातिमा मात्र विबाह गर्ने परम्परा रहेको छ (**विष्ट, २००० : ६४**) ।

त्यस्तै विष्टका अनुसार हिन्दू मगरहरू कुनै पनि धार्मिक कामकाज गर्नुपर्दा ब्राम्हण पुरेतलाई लगाउँछन् । बच्चा जन्मेकोमा दश दिनसम्म सुतक बार्दछन् र एघारौं दिनमा बच्चाको नाम राख्ने कार्य सम्पन्न गर्दछन् । मगर संस्कार अनुसार गरिने छेवर कार्य बच्चा (छोरा) पाँच वा छ वर्षको उमेरमा गरिन्छ । उनीहरू नजिकको नातेदार मर्दा तेह्र दिनसम्म जुठो बार्ने गर्दछन् । मगरहरू ब्राम्हण पूजारी नअपनाउनेहरू बांम्हणको सट्टामा भान्जा वा ज्वाइँलाई धार्मिक कार्यहरू सम्पन्न गर्न लगाउँछन् । सो कार्य गरेवापत तिनलाई कपडा, खानेकुरा र दक्षिणा दिइन्छ । ब्राम्हण पूजारी नअपनाउनेहरू बच्चा जन्मेकोमा सूतक केबल तीन दिनसम्म बार्दछन् र चौथो दिनमा न्वारन सम्पन्न गर्दछन् । मगरहरूको धार्मिक कार्यहरू सम्पन्न गर्नुपर्दा ब्राम्हणको सट्टा लामालाई लगाउने गर्दछन् । यिनीहरूमा मान्छे मरेपछि लासलाई गाड्ने प्रथा छ ।

बुढामगर (२०६५) का अनुसार मगर जातिमा कुलपूजा गर्ने सेवारे (पूजारी) मनकामना, जलजलाबार कोने, छाब्दीबाराही, आलमदेबी, खयरबराही बुढा सुब्बा आदि

स्थानमा औपचारिक रूपमा छन् भने अन्य कार्यमा रमा (झाँक्री), धामी, गारुले, पोन्या पूजारु पनि प्रशस्त रूपमा छन् । खासगरी कुलपूजा गर्ने तरिका १२ मगरातमा सुँगुरद्वारा र १८ मगरात भेडाद्वारा गरिन्छ । १२ मगरातमा भैँसीको मासु नखाने र १८ मगरातमा भैँसी घरभित्र पकाउने तथा सुँगुर, गाईको मासु घर बाहिर 'बितलो स्या' नामबाट अलग राख्ने चलन छ । सुँगुरलाई १८ मगरातमामा 'व' र १२ मगरातमा 'बाक्' भनिन्छ । प्रकृतिपूजा, पितृपूजा, विभिन्न विधामा राँगा, बोका, बाखी, कवर पोथी, भाले चल्ला परेवा आदिले पनि बलि पूजा गर्ने चलन छ (**बुढामगर, २०६५ : ३५**) ।

खाम मगर समाजमा धेरैजसो विबाह आफू खुशीले गर्छन् । जुन सन्तान लाटो लठ्यौरो छ र उसले आफै स्वास्नी ल्याउन सक्दैन भने उसको आमा बाबुले माइतीको घरमा गई रक्सी र नगद साइपाटो लगि मागी दिन्छन् । केटीले मानी भने लगेको रक्सी पहिले पिउँछन् । त्यसपछि नगद साइपाटो लमीको हातबाट केटीलाई बुझाउछन् । तिनले समय भन्छे । तोकेको समयमा विबाह हुन्छ । मागी विबाह खाममगर समाजमा खासगरी ५% मात्र हुन्छ । (**घर्तीमगर, २०६२**) त्यस्तै रणप्रसाद घर्ती मगरका अनुसार मगर सामाजिक संस्कार र नातासम्बन्धको बारेमा यसरी चचा गर्नु भएको छ ।

मगर जातिको सामाजिक संस्कार मध्ये सबभन्दा पहिलो जन्म संस्कार हो । यो संस्कार आइमाई गर्भवती भएमा त्यस घरको सम्पूर्ण परिवार अशुद्ध भएको मानिन्छ । जब बच्चा जन्मन्छ । त्यसवखत बच्चाको सिद्धिको लागि छोरा भए भाले र छोरी भएमा पोथी काटिन्छ । मासु र भात पकाई ख्वाउनुपर्छ जसलाई "हामज्यास" भन्दछन् । जब बच्चाको नाइटो झर्छ त्यसदिन आइमाईहरू जम्मा भै कुखुरा काटी घर लिपपोत गरी पाटी र गउत छर्की चोखाइ त्यहाँ जम्मा भएका आइमाईहरूले खाना खान्छन् त्यसदिनदेखि अरू गाउँलेहरूले पनि जाँडरक्सी पिउँछन् किनभने त्यस दिनदेखि त्यो घर शुद्ध भएको मानिन्छ ।

मगर समाजमा मर्न लागेको मानिसको मुखमा सिक्का राखी मरे नमरेको थाहा पाउने चलन रहेको छ । यदि मरेको भए त्यो सिक्का निल्छ र नमरेको भए सिक्का निकालेर फाल्छ । यस्तो अभ्यास मगर समाजमा मर्न लागेको जुनसुकैलाई पनि अन्तिम अवस्थामा पुगी सकेकोलाई परीक्षण गरिन्छ । यो हिन्दू जनसङ्ख्यामा तीन समूहमा

गरिन्छ। यस्तै प्रकारको तरिका स्यउ, चुवान र युनान, नाखी बीचमा रहेको छ। मरेको मानिसलाई चेलीहरूले सिङरीले पोत्ने काम गर्छन्। मुख धोइदिने रङ्ग लगाई दिन्छन्। मलामीहरू उपस्थित भएको ठाउँमा मूर्दालाई राम्रो देखाउनुको लागि मरेको मानिसलाई आँखाको वरीपरी निलो रङ्ग लगाई दिन्छन्। यदि लोग्ने मानिस हो भने सेतो कपडा पगरी बाँधी दिन्छन्। सेता कपडाले वर्खि कपडा बेरिन्छ। मगरसमाजमा कुनै मानिसको आमा बाबुको कुनै एक जनाको मृत्यु भएकोमा मृतकको छोराहरूले १३ दिने क्रिया बसेर घोट बनाउने वा कियाकाज गर्ने निधो गरिन्छ। घोट हुने दिन भन्दा अघिल्लो दिनमा खाना खाने गरी टाढा टाढा गाउँका ईष्टमित्रहरूलाई निमन्त्रणा गर्नुपर्दछ। घोटको अघिल्लो दिन बेलुकी इष्टमित्रको सत्कारको लागि एउटा खसी वा राँगो पाहुनालाई काट्न लगाई खाना ख्याउनुपर्छ। अनि खाना खाइसकेपछि क्रियाकाजको गीत गाउन लगाउनुपर्छ। आइमाई समूह एकतर्फ अर्कोतर्फ लोग्ने मान्छे समूहले सम्पूर्ण रात जागराममा (गीत गाइ) बिताउँछन्। जुन गीत मृतक आइमाई भए सोमरानी र लोग्ने भए निर्योग्य भनिन्छ।

मगरका सामाजिक चाडपर्वहरूको नाम हिन्दू धर्मसँग मिल्दाजुल्दा भए तापनि काम गराइ र अर्थ अर्कै हुन्छन्। मगरहरूले हिन्दूधर्म ग्रहण गरे तापनि व्यवहारमा प्रयोग गरेको अझै पनि देखापरेको छैन। यिनीहरूले आफ्नै कुल देवतालाई मान्छन्। यिनीहरू प्राकृति पूजक छन्। राजनीतिक र सरकारको नियमले गर्दा नागरिकता प्रमाणपत्रमा र राहदानीमा धर्म हिन्दू भने पनि हिन्दूधर्मको नियम मान्ने रीति धर्म उसैलयाई थाहा छैन। जस्तो :- विबाह गर्दा हिन्दू धर्म मान्नेहरूले यज्ञ गरी स्वयम्बर गरेर मात्र विबाह हुन्छ भने मगरहरूले कुनै पनि ज्योतिष पनि राख्नु पर्दैन। केबल उनीहरूले शुभ साइत विचार गरेर मात्र विबाह गर्छन्।

मगरहरू आफ्ना कुलपूजा पितृपूजा बाजे बराजु पूजा आदि कायम राखी हिन्दूहरूले मनाउने चाडपर्वहरू साउने सङ्क्रान्ति जनै पूर्णिमा, औँसी, फागु पूर्णिमा, दशैँ, तिहार, माघे सङ्क्रान्ति, चैत्य दशैँ आदि मनाउने गर्छन् तर मगरहरू आफ्नै तरिकाले मान्छन्। साथै भूमे पूजा, हलसार, माघे सङ्क्रान्ति (तारा) पनि धुमधामले मान्दछन् **(घर्तीमगर, २०६२)**।

मगर जातिहरू हिन्दूधर्मसँग नजिक छन् । यिनीहरूको पुरानो धर्म संस्कृति आफ्नै किसिमको भए तापनि हिन्दू धर्मालम्बीहरूसँग नजिकिदै गएकोले यिनीहरूको धर्म संस्कृति हिन्दू धर्मसँग मिल्दछ (**शर्मा, १९८१ : ८५**) ।

अन्य जातिको झैं मगरहरूको आफ्नै मगर भाषा छ। यो प्राचिन भाषा हो। नेपालमा बोलिने मगर भाषा भोट वर्मेली परिवार अन्तर्गत बोलिने भाषा हो जसको आफ्नै लिपि छ (**पाण्डेय, २०६५ : १३३**)। मगराती भाषालाई अठार मगराती भाषा र बाह्र मगराती भाषा गरी दुई भागमा बाड्न सकिन्छ। अठार मगराती भाषा अन्तर्गत खाम भाषा चाहीँ रोल्पा, रुकुम, प्यूठान, म्याग्दी र बाग्लुङका मगरहरूले बोल्ने भाषा हो। यस भाषाको प्रमुख थलो रोल्पा हो। खाम भाषा प्रायः पुन, बुढा, रोका, घर्ती मगरहरूले बोलेको पाइन्छ। केशरजङ्ग बराल मगरका अनुसार मगरहरू चीनको खाम प्रान्तबाट नेपाल आएका र त्यस प्रान्तमा बोलिने भाषासँग मिल्दोजुल्दो हुनाले यसलाई खाम भाषा भनिएको हो। त्यस्तै काइके भाषा डोल्पाका सहर ताराकोटका रोकाय मगरहरू बोल्ने गर्दछन्। बाह्र मगराती भाषा भने पाल्पा नबलपरासीको उत्तरी भाग, तनहुँ, स्याङजा, बाँके, सुर्खेत, दैलेख, काभ्रे, रामेछाप, उदयपुर, महोत्तरी, भोजपुर, पाँचथर, तेह्रथुम, इलाम र धनकुटामा बोलिन्छ (**बुढामगर, २०५३**)।

२०५८ सालको जनगणना अनुसार नेपालमा मगर भाषा मात्र बोलिने जनसङ्ख्या ३.३९% छ। म्याग्दी जिल्लामा भने कुल मगर जनसङ्ख्या ४७,८२० मध्ये १६,९८६ ( ३५.५२%) मात्र मगरभाषी छन् (**जि.वि.स. म्याग्दी २०६२ को सङ्कलित तथ्याङ्क**)। वि.सं. १२४६ तिर प्रथम राजा कालु थापा लगायत अन्य थापा राजाहरूले तत्कालीन पुराना राजवंशी मगरहरूको चर्को शोषण दमन र मगरभाषा (वामभाषा) मा प्रतिबन्धसमेत लगाएका थिए। तत्कालीन थापाहरूको ताकम राज्य म्याग्दी जिल्लाभरी फैलिएको थियो। समाजशास्त्री एम.एस.थापा मगरको भनाइ अनुसार पर्वते मल्ल राजाहरूले आफ्नो राज्यको सीमाभित्र मगर कुरा गरेमा चारपैसा दण्ड लाग्ने नियम बनाएका थिए। तत्कालीन पर्वते मल्ल राज्य वर्तमान म्याग्दी, डोल्पा, बाग्लुङ पर्वतका साथै मुस्ताङ्गसम्म फैलिएको थियो। (**नागरिक वडापत्र, २०६१:२**) यसरी तत्कालीन शासकले नै मगरहरूको

भाषा लगायत अन्य पक्षमा शोषण गरेका थिए । सोही शोषणमा आजका मगरका पुर्खाहरू परेका हुन् सक्दछन् ।

## २.२ पूर्व साहित्यको समीक्षा

मगरहरूको बारेमा विभिन्न विद्वान् लेखकहरूबाट अध्ययन गरिएको छ। सबैले आ-आफ्नो तरिकाबाट अध्ययन गरेका छन्। तर म्याग्दी स्थित भुरुङ गा.वि.स.का मगरहरूको बारेमा अध्ययन भइसकेको छैन ।

**मानबहादुर खत्री,** (**२००५**) ले बाग्लुङ्ग जिल्लामा अवस्थित अर्गल गा.वि.स.का मगरहरूको सामाजिक, आर्थिक र सांस्कृतिक क्रियाकलापलाई पयोवरणसँग सम्बन्धित गरी अध्ययन अनुसन्धान गर्नु भएको छ। अर्गली मगरहरूको धार्मिक दृष्टिकोण हिन्दूवादी दर्शनसँग नभै खेतीपातीसँग गाँसिएको छ भन्ने उहाँको मत छ। उनीहरू प्राकृतिक विपत्ति वा महामारी हटाउन पूजाआजा वा धार्मिक संस्कारलाई उपयोग गर्दछन्। उनीहरूले खेतीपातीको काम सञ्चालन गर्न हुल्दा, पर्म, खेतला जस्ता सामाजिक सङ्गठनहरूको प्रयोग गर्दछन्। सामाजिक सम्बन्ध र सांस्कृतिक परिवर्तनमा इष्टमित्र प्रथाले महत्त्वपूर्ण भूमिका निभाउनुको साथै हालको बजार विस्तारको कारण इष्टमित्र प्रथा कमजोर बन्दै गएको विश्लेषण गर्नुभएको छ ।

चन्द्रकुमारी राना (२००५) ले पाल्पा जिल्लाको मगर जातिको कृषि कार्यमा लैङ्गिक विश्लेषण गरी त्यस समुदायमा गरिने कृषि कार्य अन्तर्गत बाली लगाउने, स्याहार्ने जस्ता उत्पादन कार्यमा र घरायसी कार्यमा पुरुषको भन्दा महिलाको योगदान बढी भएको कुरा उल्लेख गर्दै निर्णय प्रक्रियामा भने पुरुषको भूमिका बढी हुने गरेको तथ्य माथि प्रकाश पार्नु भएको छ। यसको साथै महिलाको अग्रसरतामा व्यवस्थापन र सञ्चालन गरेको परिवार पुरुषले व्यवस्थापन गरेको परिवारभन्दा राम्रो र व्यवस्थित भएको उहाँको निचोड छ ।

मिनु जोशी (२०५९) का अनुसार मगरहरू करिब २३०० इ.पू.तिर फिरन्तेको रूपमा नेपाल प्रवेश गरेर पश्चिम नेपालमा सर्वप्रथम बस्ती बसाउँन थालेका थिए। मगरहरूको मुख्य बसोबासको क्षेत्र पाल्पा तनहुँ, म्याग्दी, प्यूठान, रोल्पा, अर्घाखाँची, स्याङ्जा, पर्वत, बाग्लुङ, डोल्पा, सुर्खेत, सिन्धुली र उदयपुर हुन् जहाँ यिनीहरूको बस्ती

बाक्लो रहेको छ। उहाँले स्याङ्जा जिल्लाका मगरहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाको अध्ययन गरी सामाजिक रूपले अति सोझा र मिलनसार सिञ्चाइको अभावमा एक बाली लगाउने प्रथाले गर्दा आर्थिक अवस्था कमजोर भएको र शैक्षिक अवस्था त झन नाजुक भएको कुरा विश्लेषण गर्नु भएको छ।

**अगष्टा मोनलार** (१९८१) ले पश्चिम नेपालको रोल्पा, रुकुम र बाग्लुङ क्षेत्रका खाम मगरहरूको सामाजिक, आर्थिक अवस्थालाई पर्यावरणसँग जोडी अध्ययन गर्नु भएको छ। उहाँका अनुसार त्यस क्षेत्रमा बसोबास गर्ने मगरहरूको अर्थव्यवस्थाको मुख्य आधार कृषि र पशुपालन भएको उल्लेख गर्दै आर्थिक व्यवस्थामा प्राकृतिक स्रोतहरूको उपलब्धता, सांस्कृतिक ढाँचा, प्रविधि, यातायात, जनसङ्ख्या शिक्षा एवं बजारले प्रभाव पार्ने निष्कर्ष छ। एउटै मगर जाति भएर पनि गाउँ पिच्छे मगरहरूको फरक-फरक संस्कृति भएको र त्यस ठाउँमा घरको काममा पुरुषको पनि संलग्नता भएको तर निर्णय प्रक्रियामा महिलाहरू अग्र पङ्क्तिमा रहनाले खाम मगर जातिहरूमा महिलाहरूको स्थान राम्रो रहेको भएर पनि शैक्षिक संस्थाहरूको अभावमा ती मगरहरूको शैक्षिक अवस्था कमजोर भएको कुरा उल्लेख गरेको पाइन्छ। उहाँले अर्थव्यवस्था र पर्यावरण बीचको सम्बन्धलाई विश्लेषण गरी सामाजिक, सांस्कृतिक तथा आर्थिक व्यवस्था पनि पर्यावरणीय तथा भौतिक वातावरण जत्तिकै आर्थिक विकास वा रणनीतिमा जिम्मेवार रहने निष्कर्ष निकाल्नु भएको छ।

**जेम्स फिसर,** (१९८६) ले डोल्पा जिल्लाको Tichurang उपत्यकाको सबैभन्दा ठूलो तरङ्गपूर (काल्पनिक नाम) गाउँमा बसोवास गर्ने मगरहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवर्तनमा व्यापारिक लेनदेन तथा बजार क्रियाकलापले महत्त्वपूर्ण भूमिका खेल्ने कुरा प्रष्ट पार्नु भएको छ। उहाँका अनुसार त्यस क्षेत्रका मगरहरू सुरुमा आत्मनिर्भर थिए र पछि परनिर्भर बन्नु परेको यथार्थता व्यापारिक विनियम उपागमनको माध्यमद्वारा प्रस्तुत गर्नु भएको छ। उहाँले त्यहाँका मगरहरूको आर्थिक अवस्था कमजोर भएको जनाउँदै उनीहरूमा दुई प्रकारका व्यापार चक्रको व्याख्या गरेको पाइन्छ। उनीहरूमा आएको सांस्कृतिक परिवर्तन वाध्यताको रूपमा स्वीकारी सामाजिक सांस्कृतिक परिवर्तनमा

व्यापार विनिमयको प्रभाव र बाह्य अर्थतन्त्रले स्थानीय स्तरमा पार्ने प्रभाबलाई Fisher ले सूक्ष्म रूपमा अध्ययन र विश्लेषण गरेको पाइन्छ ।

**बलराम घिमिरे,** (२०६०) ले अर्घाखाँची जिल्लाको ढिकुर गा.वि.स. गौचरका मगरहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाको अध्ययन गर्नु भएको छ । उहाँका अनुसार मगरहरू अत्यन्त सोझा, इमानदार, कडा परिश्रमी हुनुका साथै मुख्य व्यवसायको रूपमा कृषि पेसालाई अबलम्वन गरेका छन् । यस बाहेक यहाँका मगरहरू भारतीय सेना, नेपाली सेना, नेपाल प्रहरी सेवा र पशुपालन गरी आफ्नो जीवनयापन गरिरहेका छन् । यहाँका मगरहरू हिन्दू धर्म मान्दछन् त्यस्तै उनीहरू विभिन्न चाडपर्व सांस्कृतिक परम्परा र रीतिरिवाज मनाउने गर्दछन् । कुनै रोग लागेकोमा वा बिरामी भएमा सर्वप्रथम धामी झाँक्री जस्ता परम्परागत उपचार विधि अपनाउँछन् भने यस विधिबाट बिरामी निको नभएमा उपचारका लागि स्वास्थ्यकर्मी वा स्वास्थ्य चौकीको सहारा लिन्छन् ।

**प्रतिमा रिमाल,** (२०५९) ले ललितपुर जिल्ला सैंबु तथा भैसेपाटी गा.वि.स.का मगर जातिको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको अध्ययन गरी यहाँको मगरहरूले मुख्य व्यवसायको रूपमा कृषिलाई निरन्तरता दिई पशुपालन, व्यापार र नोकरीमा समेत संलग्न रहेको कुरालाई उल्लेख गर्नु भएको छ । यहाँका मगरहरूले चाडपर्व र संस्कारहरू पनि बाहुन क्षेत्री कै अनुसरण गरेको कुरा उल्लेख गर्नु भएको छ । स्वास्थ्य क्षेत्रको पक्षमा कुनै रोग लागेमा अस्पताल जानेहरूको सङ्ख्यामा वृद्धि भएता पनि धामी झाँक्री प्रथामा विश्वास गर्ने जनसमूह अत्याधिक रहेको कुरामाथि प्रकाश पार्नु भएको छ ।

**हरिबहादुर के.सी.** (२०४७) ले उदयपुर जिल्लाका मगर जातिहरू संस्कृतिमा धनी भएको तर आर्थिक रूपले अझै पछि रहेको कुरा त्यस जिल्लाका मगरहरूको सामाजिक आर्थिक अवस्थाको अध्ययन अनुसन्धान गरी निष्कर्ष निकाल्नु भएको छ ।

**हरिबहादुर कार्की,** (२०५८) ले धनुषा जिल्ला तुलसी गा.वि.स. का मगरहरूको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको अध्ययन गर्नु भएको छ। उहाँका अनुसार मुख्य पेसा कृषि अपनाई जीवनयापन गर्दै आएका मगरहरूको चेतनाको स्तर कमी भएको कारणले परम्परागत जीवनशैलीमा बाँचेका छन् र यो जाति सामाजिक, आर्थिक र सांस्कृतिक रूपले पछाडि परेको कुरालाई औल्याउनु भएको छ ।

विभिन्न विद्वान्हरूले समय-समयमा मगर जातिका बारेमा विभिन्न पुस्तकहरू, लेख रचनाहरू, शोधपत्रहरू तयार गरेतापनि म्याग्दी जिल्ला स्थित भुरुङ तातोपानी गा.वि.स. का मगरहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षसँग सम्बन्धित कुनै पनि अध्ययन तथा अनुसन्धानहरू गरेको भेटिएन । तसर्थ यस भुरुङ तातोपानी गा.वि.स.भित्र बसोबास गर्ने परम्परागत खेतीपाती तथा पशुपालन व्यवसाय र आफ्नै मौलिक सांस्कृतिक परम्पराहरू अबलम्बन गर्दै आएका मगरहरूको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको गहन अध्ययन गर्ने प्रयास गरिएको छ ।

# अध्याय-३

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र र छनौटको औचित्य

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रभित्र रहेको म्याग्दी जिल्ला अन्तर्गत पर्ने भुरुङ तातोपानी गा.वि.स. को वडा नं.२,३,४,५,६ (भुरुङ गाउँ) लाई अध्ययन क्षेत्रका रूपमा छनौट गरिएको छ। जहाँ ८१ घर परिवार मगरहरूको बसोबास रहेको छ। जसको मुख्य पेसा कृषि र पशुपालन रहेको छ। यहाँ विविध जातिहरूको बसोबास रहेर पनि जनसङ्ख्याको आधारमा मगर जातिको बसोबास बढी छ। हालसम्म पनि मगर समुदाय अन्य जातिको तुलनामा सामाजिक र आर्थिक रूपले पिछडिएको पाइन्छ। यहाँको युवाशक्ति विदेशिने क्रम बढ्दो छ भने शिक्षा र चेतनाको अभावमा उनीहरू दिन प्रतिदिन परनिर्भर बन्दै गइरहेका छन्। उनीहरूको जीवन कष्टपूर्ण र विविध समस्याहरूले जेलेको पाइन्छ। यस्तो अवस्थामा उनीहरूको सम्बन्धित सबालमा केन्द्रित भई समाजशास्त्रीय अध्ययन अनुसन्धान गर्नुपर्ने हुन्छ। जुन कार्य हालसम्म हुन सकेको छैन। त्यसैले भुरुङ निवासी मगरहरूलाई अध्ययनको मुख्य विषय बनाउनुमा निम्न लिखित कारणहरूले अध्ययन क्षेत्र छनौटको औचित्य पुष्टि गर्दछन्।

१. विगत ९ वर्षदेखि शोधकर्ता यही ठाउँमा बस्नु।
२. समय, स्रोत र साधनको दृष्टिले सहज हुनु।
३. मगर जातिको विविध समस्या लगायत सबल र दुर्बल पक्षहरूप्रति बढी परिचित हुनु।
४. हालसम्म भुरुङ निवासी मगर जातिको कुनै पक्षको अध्ययन अनुसन्धान नहुनु।

## ३.२ अनुसन्धानको ढाँचा

यस अनुसन्धान कार्यमा शोधकर्ताद्वारा सामाजिक घटनाहरूमा अन्तर्निहित अध्ययन गरिएको छ जसलाई अन्वेषणात्मक किसिमको अनुसन्धान ढाँचा अबलम्वन गरिएको छ। यसद्वारा मगर जातिका समस्याहरू र परिवर्तनहरू पहिल्याई निष्कर्ष निकाल्ने प्रयास

गरिएको छ । यसका साथै उनीहरूको सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिक अवस्थाको स्थितिलाई वर्णन गरिने भएकोले वर्णनात्मक ढाँचाको पनि प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

### ३.३.१ तथ्याङ्कको स्रोत

यस अध्ययनमा विशेष गरी दुई प्रकारका तथ्याङ्कका स्रोतहरूलाई उपयोग गरिएको छ ।

#### (क) प्राथमिक स्रोत

यस अध्ययनको लागि चाहिएको तथ्याङ्क प्राथमिक स्रोतहरू जस्तै घरधुरी सर्वेक्षण, अबलोकन, मुख्य सूचनादाताको अन्तर्वार्ता, समूह छलफल सहभागी अबलोकनको माध्यमबाट सङ्कलन गरिएको छ। जसबाट उमेर लिङ्गको आधारमा जनसाङ्ख्यिक विवरण, शैक्षिक स्थिति, आर्थिक अवस्था पेसा इत्यादिका बारेमा तथ्यहरू सङ्कलन गरिएको छ ।

#### (ख) द्वितीय स्रोत

द्वितीय स्रोतहरूबाट लिइएका तथ्याङ्कहरू विशेष गरेर पत्रपत्रिका, लेखरचना, जर्नल, अभिलेख, पुस्तकहरू, विशेष सामग्रीका साथै अन्य सम्बन्धित साहित्यको सहयोग लिइएको छ । जसबाट मगर जातिको पहिचान, ऐतिहासिक परिचय, विकास र विस्तारका बारेमा तथ्यहरू सङ्कलन गरिएको छ ।

#### (ग) तथ्याङ्कको प्रकृति

यस अध्ययनमा मात्रात्मक तथा गुणात्मक दुवै प्रकृतिका तथ्याङ्कलाई प्राथमिकता दिइएको छ । मात्रात्मक प्रकृतिका तथ्याङ्कअन्तर्गत उमेर, लिङ्ग अनुसार जनसङ्ख्याको वर्गीकरण, शैक्षिक स्थिति आदि पक्षलाई समेटिएको छ भने गुणात्मक पक्षअन्तर्गत समाजमा महिलाको स्थान, कार्य, संस्कृतिहरू, रहन-सहन, चाडपर्व आदि पक्षलाई समेटिएको छ ।

## ३.४ नमूना सङ्कलन विधि

यस अध्ययनमा जनगणना विधिको प्रयोग गरिएको छ। अध्ययन क्षेत्रमा रहेका ८१ घर सबैलाई एक एकाइ मानिएको छ। प्रत्येक घरको घरमूलीलाई यसमा उत्तरदाताका रूपमा राखिएको छ। यसरी यो विधि अपनाउँदा सामाजिक तथा आर्थिक अवस्थाको शुद्ध र सत्य तथ्य कुरा आउने विश्वास गरिएको छ।

## ३.५ तथ्याङ्क सङ्कलनको विधि

यस अध्ययन अनुसन्धानलाई अगाडि बढाउनको लागि तथ्याङ्कको सङ्कलन आवश्यक छ। तथ्याङ्क सङ्कलनका निम्ति विभिन्न विधि र प्रविधिहरूको अबलम्वन गरिनुपर्दछ। त्यसैले यस अध्ययनको निम्ति निम्न लिखित विधिहरूको अबलम्वन गरिएको छ।

### ३.५.१ घरधुरी सर्वेक्षण

अध्ययन क्षेत्रमा रहेका ८१ घरधुरीको सर्वेक्षणलाई नै जोड दिइएको छ। यसै क्रममा केही अर्ध संरचित प्रश्नाबलीहरूको निर्माण गरी परिवारका मुख्य सदस्यहरूलाई उत्तरदाता मानी प्रश्नहरू सोधिएको छ। प्रश्नाबली भित्र शिक्षा, उमेर पेसा, भाषा, धर्म, संस्कार, आर्थिक अवस्था जस्ता विषयहरू समावेश गरी तथ्याङ्क सङ्कलन गरिएको छ।

### ३.५.३ अन्तर्वार्ता

तथ्याङ्क सङ्कलनको यस विधि अन्तर्गत सरोकारबाला मगरहरू, त्यस्तै अन्य व्यक्तिमा गा.वि.स. सचिव, स्थानीय बुद्धिजीवी, समाजसेवी, शिक्षकहरू र विभिन्न सङ्घ संस्थाका प्रतिनिधिहरूसँग प्रत्यक्ष कुराकानी गरेर मगर जातिको सामाजिक, शैक्षिक, आर्थिक र सांस्कृतिक जीवनपद्धतिबारे विभिन्न अनुभव बटुली अध्ययनलाई यथार्थ बनाउनको लागि प्रयास गरिएको छ।

### ३.५.४ समूह छलफल

व्यक्तिगत रूपमा सही तथ्याङ्क सङ्कलन गर्न अप्ठ्यारो पर्ने अवस्थामा र कतिपय सङ्कलित तथ्याङ्कलाई समेत पूर्णता दिन समूह छलफल विधि उपयोग गरिएको छ। यस

अन्तर्गत आवश्यकता अनुसार मगर समुदायको सम्पूर्ण पक्षको परिमाणात्मक तथा गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

यस अध्ययन अनुसन्धान कार्यलाई मूर्त रूप दिनको लागि विभिन्न माध्यमबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कहरूलाई सूचीकृत र वर्गीकृत गरिएको छ । यसका साथै तथ्याङ्कको प्रकृति अनुसार तालिकीकरण गर्ने, औसत निकाल्ने, प्रतिशत निकाली आवश्यकताअनुसार व्याख्या र विश्लेषण गर्दै उपयुक्त निष्कर्षमा पुगिएको छ ।

अध्याय–४

# ४. अध्ययन क्षेत्रको परिचय

## ४.१ म्याग्दी जिल्लाको सामान्य परिचय

म्याग्दी जिल्ला पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत धौलागिरी अञ्चलमा पर्ने चार जिल्ला मध्ये एक हो । जुन, लेक, वेसी, डाँडाकाँडा खोल्सा, भीर, पहरा, पर्वत, हिमाल, खोलानाला, झरना वन आदि विविध विशेषताले भरिपूर्ण भएको छ । विश्वको सबैभन्दा गहिरो अन्धगल्छी पनि यही जिल्लामा अवस्थित छ । जसको गहिराई ६९८७ मिटर रहेको छ । यस जिल्लाको सदरमुकाम बेनी हो ।

म्याग्दी जिल्लाको पूर्वमा मनाङ्ग, कास्की र पर्वत, पश्चिममा बाग्लुङ्ग, डोल्पा र रुकुम, उत्तरमा मुस्ताङ्ग र डोल्पा तथा दक्षिणमा बाग्लुङ्ग पर्दछ । यो जिल्ला ८३° ०८' देखि ८३° ५३' पूर्वी देशान्तर र २८° २०' देखि २८° ४७' उत्तरी अक्षासंसम्मा फैलिएको छ । यो समुद्री सतहबाट ७९२ मीटर (रत्नचौर गा.वि.स.) देखि ८१६७ मीटर (धौलागिरी हिमाल) सम्म माथि उठेको छ । यस जिल्लाको कुल क्षेत्रफल २२९७.०६ वर्ग कि.मी.(२,२९,७०३ हेक्टर) रहेको छ । जिल्लाको वर्तमान सिमाना २०३१ सालमा पर्वत र मुस्ताङ्गबाट २० गा.वि.स.हरू (गाउँ-पञ्चायत) यस जिल्लामा गाभिन आएपछि कायम हुन आएको हो । हाल यस जिल्लामा ४१ गा.वि.स. छन् । यहाँको हावापानीलाई अर्धउष्ण (१०० मिटर भन्दा कम उचाइका क्षेत्रहरू) सम-शितोष्ण (१००० मी-२०००मी को उचाइका क्षेत्रहरू) शितोष्ण (२००० मी-५०००मी सम्मको उचाइका क्षेत्रहरू) अल्पाइन (५००० मी भन्दा माथिका सम्पूर्ण हिमाली क्षेत्र) गरी जम्मा चार भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ भने यहाँ वार्षिक अधिकतम वर्षा सरदर २९६० मि.मि र न्यूनतम सरदर ४०७ मि.मि रहेको छ । त्यस्तै वार्षिक औसत अधिकतम तापक्रम ३६० सोल्सियस र न्यूनतम ३०° सेल्सियस रहेको पाइन्छ (नागरिक वडापत्र २०६१ म्याग्दी) ।

जि.वि.स. म्याग्दी २०६२ को सङ्कलित तथ्याङ्कअनुसार म्याग्दी जिल्लामा विभिन्न जाति तथा जनजातिका मानिसहरू बसोबास गरेकोले जातीय विविधता पाइन्छ । बहुसङ्ख्यक मात्रामा मगर जातजातिका अतिरिक्त बाहुन, क्षेत्री, ठकुरी, नेवार, गुरुङ, गिरी, सार्की, कामी, दमाई, थकाली, छन्त्याल आदि जातिहरू बसोबास गरेको पाइन्छ । प्रायजसो पहाडी र लेकाली डाँडाकाँडाहरूमा बसोबास गरेका यी मगर जातिका थरहरूमा पुन,

गर्नुजा, पुर्जा, पाइजा, तिलिजा, सिन्थाली, चोचाङ्गी, सिजाली, तिलिजा, जुग्जाली, रोका, बुढाथोकी, थजाली, बुदुजा, राना, घर्ती, शेरपुन्जा, राम्जाली, आले थापा, श्रीस प्राइपुन फगामी, खजाङनी, धिमेल आदि रहेको पाइन्छ ।

यस जिल्लाको कुल जनसङ्ख्या १,१४,४४७ रहेको छ । जस मध्ये पुरुष ५३,१६८ ( ४३.४७ %) महिला ६१,२६९ (५३.५३ %) रहेका छन् । यस जिल्लामा जम्मा घरधुरी सङ्ख्या २४,४३५ रहेको पाइन्छ । भने जनघनत्व ५० जना प्रति वर्ग कि.मी. रहेको देखिन्छ । त्यस्तै वार्षिक जनसङ्ख्या बृद्धिदर १.३७ % रहेको छ । यहाँको कुल साक्षरता ७०.५६ % रहेको छ । यस जिल्लामा बोलिने मुख्या भाषाहरूमा नेपाली, मगर, नेबारी, छन्त्याल, थकाली र गुरुङ भाषाहरू रहेका छन् । साथै यस जिल्लामा रीति रिवाज र संस्कारमा ठाउँ जात अनुसार कतिपय कुराहरूमा विविधता पाइन्छ । यस जिल्लाको मुख्या पेसा कृषि भए पनि अन्य पे्शामा पशुपालन, ज्यालादारी, वैदेशिक रोजागर, उद्योग व्यवसाय होटेल, मेकानिक्स, नोकरी आदि हुन् । समग्रमा म्याग्दी जिल्लामा भौगोलिक रूपले मात्र नभई जातीय एवं सामाजिक, सांस्कृतिक तथा आर्थिक रूपमा विविधता पाइन्छ (जि.वि.स. म्याग्दी २०६२ को सङ्कलित तथ्याङ्क अनुसार) ।

## ४.२ भुरुङ तातोपानी गा.वि.स. को परिचय

म्याग्दी जिल्लाको उत्तरी भेगमा पर्ने यस गा.वि.स धौलागिरी हिमाल र निलगिरी हिमालको बीचबाट बग्ने काली गण्डकी नदीको किनारामा अवस्थित छ । पर्यटन क्षेत्रको दृष्टिकोणले यस गा.वि.स. को नाम संसारैभरि फैलिएको छ । काली गण्डकी नदीको किनारामा निक्लिएका तातोपानीका फोहोरा र भीर डाँडा काँडा र पाखाले भरिएको भुरुङ गाउँ वास्तवमा एक सुन्दर र रमणीय पर्यटक स्थलको रूपमा विकसित भएको छ ।

### ४.२.१ नामकरण

भुरुङको नामकरण : किम्बदन्ती अनुसार धेरै वर्ष पहिले हालको माद्रढुङ्गा भन्दा करीब १.५ कि.मि. टाढा माथिल्लो खण्ड जसलाई “भीर गाँउ” भनिन्थ्यो त्यहाँ मानिसहरूको मुख्य बस्ती थियो । दक्षिण पश्चिमबाट फिरन्ते गाईगोठ वनपाखा हुँदै

मुस्ताङ आवत् जावत् गर्दथे । त्यस गाउँको छेउछाउ भाग पारिलो भएकोले घाँस चरनको निम्ति उपयुक्त थियो । गाईहरू अनियन्त्रित भई भीरका घाँसहरू खाइदिन्थे त्यसबाट स्थानीय गाईवस्तुहरूलाई घाँस चरनको लागि समस्या पर्दथ्यो। त्यसैले गाउँका भलादमीहरू सभा बसी तब उप्रान्त आलोपालोमा प्रत्येक घरका १ जना सदस्य हरेका दिन फिरन्ते गोठहरू त्यहाँ आउँदाको वखतमा) भिर रुङ्गन (रेखदेख गर्न) जानु पर्ने उर्दी जनाए । यो क्रम धेरै वर्ष सम्म रहेपछि फिरन्ते गोठालाहरू त्यस ठाउँलाई भीर रुङन् गाउँ भनी इङ्गित गर्थे । त्यही भीर रुङ्गने गाउँ कालान्तरमा "भीर रुङ" हुँदै अपभ्रंश भएर सजिलो शब्दमा जनजिब्रोले "भुरुङ" भन्न थाले । भू-भनेको जमिन हुन्छ । भीर पनि जमिनको अंश हो । भीरको सट्टा अर्थात "भू" मा समानता देखिन्छ ।

तातोपानीको नामकरण

शदियौँ अगाडिदेखि तातोपानीका फोहोराहरू (कालगण्डकीको किनारमा) निक्लिएकोले यस ठाउँलाई तातोपानी भनिएको हो ।

यसरी छुट्टै विशेषता बोकेका दुई शब्दहरूको सम्मिश्रण भई भुरुङ तातोपानी गा.वि.स नाम रहन गएको हो ।

### ४.२.२ भौगोलिक अवस्थिति

भुरुङ तातोपानी गा.वि.स. म्याग्दी जिल्लाको उत्तरी भेगमा पर्दछ । यो गा.वि.स. कालीगण्डकी नदीको किनारमा भिरपाखा डाँडाकाँडाले घेरिएर बनेको छ। यस गा.वि.स.को पूर्वमा कालीगण्डकी नदी, पश्चिममा दोबा गा.वि.स.को भिर, दक्षिणमा दोबा गा.वि.स. वडा नं. ७ सुनारी र उत्तरमा दाना गा.वि.स.को वडा नं. ९ पर्दछ । यो गा.वि.स. सदरमुकामबाट २३.५० कि.मी. उत्तर पर्दछ । बेनी मुस्ताङ जाने बाटो यही गा.वि.स का वडा न.१ र ९ तातोपानी बजार हुँदै गएको छ । गाउँहरूलाई विभाजन गर्दा वडा नं. १ र ९ तातोपानी बजार वडा नं. २,३,४,५,६ भुरुङ गाउँ, वडा नं ७ कटोजे र वडा नं. ८ ठूलो बगर गाउँहरू यस गा.वि.स.मा पर्दछन् । पर्यटकीय दृष्टिकोणले विश्वभरि चिनिएको तातोपानी कुण्ड यस गा.वि.सको वडा नं. ९ मा पर्दछ ।

### ४.२.३ हावापानी

उचाइको विविधताले गर्दा यहाँको हावापनी समशीतोष्ण र शीतोष्ण अन्तर्गत पर्दछ। समशितोष्ण क्षेत्रमा बस्ती भए पनि शीतोष्ण क्षेत्रमा बस्ती रहेको छैन। यस स्थानहरूमा हिउँदको समयमा कहिले काही हिउँ पर्दछ। हिउँदको समयमा ठाउँहरूमा ठण्डी निकै हुने गर्दछ। भुरुङ गाउँमा निकै ठण्डी भए पनि बिहानै घाम झुल्कने भएकोले घामपरेपछि न्यानो अनुभव हुन्छ। दिउसो ३/४ बजे पछि हावाचल्ने भएकोले जाडोको अनुभव पनि हुन्छ। तातोपानी क्षेत्रमा भुरुङको भन्दा जाडो कम हुने भए पनि हिउँदको समयमा करिब ११ बजेमात्रै घाम देखिने र करिब ३ बजे नै घाम अस्ताउने भएकोले जाडो निकै नै हुन्छ। धौलागिरी र निलगिरी हिमालको बीच भागमा अवस्थित भएकोले यस गा.वि.स. मा वर्षा राम्रै परेको पाइन्छ।

### ४.२.४ जातजातिगत विवरण

भुरुङ्ग तातोपानी गा.वि.स.मा विभिन्न जातिहरू बसोबास गरे तापनि मगर जातिको बाहुल्यता रहेको पाइन्छ। त्यस्तै, क्रमशः दलित, थकाली, क्षेत्री र अन्य जातजातिका मानिसहरूको बसोबास पनि रहेको छ।

जनसङ्ख्याका हिसाबले म्याग्दीको सबैभन्दा सानो गा.वि.स. भुरुङ्ग तातोपानीमा १८७ घर परिवारहरू मध्ये १०५ मगर घरपरिवार, त्यसपछि ४८ घर परिवार दलित, १८ घर परिवार, थकाली, ८ घर परिवारहरू क्षेत्री र ८ घर परिवारहरू अन्य जात जातिका रहेका छन्।

तालिका ४.१

भुरुङ तातोपानीको जातजातिगत जनसङ्ख्याको विवरण

| क्र.स. | जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मगर | ६४१ | ५८.७६ |
| २. | दलित (वि.क र नेपाली) | २७३ | २५.०२ |
| ३. | थकाली | १०५ | ९.६२ |
| ४. | क्षेत्री | ४४ | ४.०३ |
| ५. | अन्य (मुस्लिम, क्षेष्ठ, गुरुङ) | २८ | २.५७ |
| | जम्मा | १०९१ | १००.०० |

*स्रोत : घरधुरी सर्वेक्षण २०६६*

## ४.२.५ वडागत जनसङ्ख्याको विवरण

तालिका ४.२

भुरुङ तातोपानी गा.वि.स.को वडागत जनसङ्ख्याको विवरण

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या |
|---|---|---|
| १ | २७ | १५० |
| २ | १८ | ९२ |
| ३ | २० | १३४ |
| ४ | २६ | १४८ |
| ५ | ३५ | २३४ |
| ६ | १६ | ७५ |
| ७ | १४ | ७८ |
| ८ | ९ | ७० |
| ९ | २२ | ११० |
| जम्मा | १८७ | १०९१ |

*स्रोत : घरधुरी सर्वेक्षण २०६६*

भुरुङ तातोपानी गा.वि.स. को वडागत जनसङ्ख्याको विश्लेषण गर्दा सबैभन्दा बढी जनसङ्ख्या भुरुङ गाउँको वडा नं. ५ मा रहेको छ भने सबैभन्दा कम जनसङ्ख्या वडा नं. ८, ठूलोबगरमा रहेको छ। त्यस्तै वडा नं. १ मा थकाली जातिको बसोबास र वडा नं. ५ मा दलितको बसोबास बढी छ भने अन्य सबै वडाहरूमा मगरको बसोबास अधिक रहेको छ। सबैभन्दा बढी मगरको सङ्ख्या भने वडा नं. ४ मा रहेको छ।

### ४.२.६ स्वास्थ्य

स्वास्थ्य सेवाको लागि यस गा.वि.स मा एउटा मात्र स्वास्थ्य चौकी छ। उक्त स्वास्थ्य चौकीमा १ जना हे.अ. २ जना, अ.हे.ब. १ जना मासिका, १ जना ग्रा.स.का र १ जना पियनको दरवन्दी रहेको छ। हे.अ. को दरवन्दी भए पनि जिल्लाबाट H.A. को दरवन्दीमा स्वास्थ्य कर्मी खटाउन सकेको छैन। पर्याप्त औषधि र दरबन्दीको अभावमा यसले यहाँका सम्पूर्ण जनतालाई उपयुक्त सेवा पुग्न सकेको छैन।

हाल यस गा.वि.स प्रसूति गृहको निर्माण कार्य भइरहेको छ। त्यस्तै स्वास्थ्य चौकी सञ्चालक समितिको विशेष पहल र विभिन्न सङ्घ संस्थाहरूको सहयोगबाट हाल यस स्वास्थ्य चौकीमा एउटा ल्याब टेक्निसियनको व्यवस्थाले गर्दा रगत परीक्षण, दिसापिसाब परीक्षणजस्ता सेबाहरू उपलब्ध हुन सकेका छन्।

### ४.२.७ शिक्षा

शिक्षा क्षेत्रमा यो गा.वि.स पछाडि नै छ। हालसम्म पनि यस गा.वि.समा एक जना व्यक्तिले पनि स्नातकोत्तर उपाधि हात पार्न सकेको छैन। यस गा.वि.स मा एउटा प्रा.वि. र एउटा मा.वि. मात्र गरी दुई वटा विद्यालय छन्। प्राथमिक विद्यालय भुरुङ वडा नं. ४ मा पर्दछ भने माध्यमिक विद्यालय तातोपानी वडा नं. ९ मा पर्दछ। उच्च मा.वि. र विश्वविद्यालयको पढाइको लागि बेनी बाग्लुङ्ग, पोखरा र काठमाडौं जानुपर्दछ। उच्च शिक्षाको पढाइ हुन नसक्नु, मेला, जात्रामा बढी रुची देखाउने, सामाजिक तथा सांस्कृतिक संस्कारमा बढी समय खर्च गर्नु तथा वैदेशिक रोजगारमा जाने चाहनाले गर्दा यस गा.वि.स.को शैक्षिक स्तर कमजोर रहेको देखिन्छ।

### ४.२.८ खानेपानी

भुरुङ तातोपानी गा.वि.स.का सबै वडाहरूमा खानेपानीको राम्रो व्यवस्था छ। प्रत्यके घरमा खानेपानीको धारा नभए पनि प्रत्येक व्यक्तिले शुद्ध खानेपानी सेवन गरिरहेका छन्। नेपाल सरकारको अनुदान र विभिन्न सरकारी तथा गैरसरकारी सस्थाहरूको सहयोग एवं बेल्जियमको सहयोगले खानेपानीको राम्रो व्यवस्था हुन सकेको छ।

### ४.२.९ धर्म

भुरुङ गा.वि.स मा अवस्थित सम्पूर्ण जातजातिहरू मध्ये सबैभन्दा बढी हिन्दू धर्म मान्ने मानिसहरू छन्। यहाँका सबै जातजातिहरूले जे जे धर्म मान्ने भए पनि बराह पूजा भूमे पूजा एकै ठाउँमा जम्मा भई गर्ने गर्दछन् तर क्रिस्चियन धर्म र मुस्लिम धर्म मान्नेहरूले यस्तो पूजा आजा गर्ने गर्दैनन्।

**तालिका ४.३**

**धर्म अनुसारको जनसङ्ख्याको विवरण**

| धर्म | प्रतिशत |
|---|---|
| हिन्दू | ८६.५ |
| बौद्ध | १० |
| क्रिस्चियन | २ |
| मुसलमान | १.५ |
| जम्मा | १०० |

***स्रोत : स्थलगत सर्वेक्षण २०६६***

यस गा.वि.स. का थकाली र गुरुङ जातिहरू बौद्ध धर्म मान्दछन् भने मगर, दलित र क्षेत्रीहरू हिन्दू धर्म मान्दछन्। २ प्रतिशत क्रिस्चियन धर्म मान्ने मगरहरूको पनि बसोबास रहेको छ। त्यस्तै व्यापारको क्रममा विभिन्न ठाउँबाट तातोपानी बजारमा आई बसेका मुसलमानहरूले मुश्लिम धर्म मान्दछन्।

### ४.२.१० **भाषा**

यहाँका मगर समुदायको आफ्नो मातृभाषा नभएको हुँदा नेपाली भाषा नै प्रयोग गर्दछन् । तर उनीहरूको वोलाइमा छुट्टै प्रकृतिको लवज पाइन्छ । यस ठाउँका थकालीहरू आफ्नो जातजातिसँग थकाली भाषा नै प्रयोग गर्दछन् भने अन्य जातजातिहरू सबैले नेपाली भाषा नै प्रयोग गर्दछन् । मगरहरूले पनि नेपाली भाषा नै प्रयोग गर्छन् ।

### ४.२.११ **चाडपर्व**

यहाँका मानिसहरू धेरै चाडपर्वहरू मनाउने गर्दछन् ।

- दशैँ, तिहार, माघेसङ्क्रान्ति, चैते दशैँ, ठूलो एकादशी, साउने सङ्क्रान्ति आदि ( हिन्दू संस्कार अनुसार मनाउने)
- फागुपूर्णिमा (थकाली चाड)
- बराह पूजा (ऋषि तर्पणीको दिनमा - स्थानीय चाड)
- भूमे पूजा (वैशाख शुकल पक्षमा - स्थानीय चाड)
- क्रिसमस डे (क्रिस्चियन समुदायको चाड)

### ४.२.१२ **वेशभूषा**

यहाँका मानिसहरूको मुख्य पोशाकमध्ये लोग्ने मानिसहरूले पाइन्ट, कमिज, कछाड, भाङ्ग्रा टोपी लगाउँछन् भने महिलाहरू लुङ्गी, ब्लाउज चोलो, साडी, कुर्ता, सुरुवाल र विभिन्न थरिका सुनका गहनाहरू लगाउने गर्दछन् । युवा पुस्ताहरूमा जिन्स पाइन्ट, सर्ट, टिसर्ट आदि लगाउँछन् भने केटीहरू कुर्ता सुरुवाल, पाइन्ट, टिसर्ट आदि लगाउने गर्दछन् । चाडपर्वको बेलामा थकालीहरूले थकाली पोशाक र मगरहरूले मगर पोशाक लगाउने चलन पनि रहेको छ ।

### ४.२.१३ **खाना**

यहाँका मानिसहरूको मुख्य खाना दाल, भात, ढिडो, रोटी, तरकारी, चट्नी र मासु हो । दैनिक रूपमा यहाँका मानिसहरू दाल, भात, ढिडो, तरकारी, चट्नी खान्छन् । खाजाको रूपमा यहाँका मानिसहरू मकै, भट्ट, रोटी, तरकारी, चाउचाउ, विस्कुट, चिउरा

आदि खाने गर्दछन् । यिनीहरूले खानाको रूपमा मासुलाई पनि मुख्य रूपमा लिने गरेका छन् । सधै जसो मासु नखाए पनि मासु धेरै खाने गर्दछन् । चाडपर्वको बेला चाडपर्वअनुसारको खाना र रक्सी सेवन गर्ने गर्दछन् ।

## ४.२.१४ आर्थिक अवस्था

भुरुङ तातोपानी गा.वि.स. का ८५ प्रतिशत जनताको मुख्य पेसा कृषि रहेको छ । यहाँका १५ प्रतिशत जनताले व्यापार व्यवसायलाई मुख्य पेसा बनाएको देखिन्छ । कृषि क्षेत्रबाट उत्पादित अन्नले यहाँका बासिन्दालाई ६-८ महिना पनि खान पुग्दैन । यो गा.वि.स. मा मकै, कोदो, जौ, कहुँ, भट्टमास, सिमी, आलुजस्ता बाली नालीहरू, सुन्तला, मौसम, कागती, आरुबखडा जस्ता फलफूलहरू र साग, मूला, भन्टा, काउली, गाँजर, गोलभेडा, बन्दा आदि तरकारी बालीको उत्पादन हुन्छ । गा.वि.स. भरि नै कतै पनि धान उत्पादन हुन नसक्ने भएकोले भात खानको लागि चामल किन्नु पर्ने हुन्छ ।

पशुपालनअन्तर्गत बाखा, भैंसी, गाई, बंगुर, कुखुरा, हास, खरायो, घोडा, खच्चर आदि पाल्ने गर्दछन् । केही सीमित व्यक्तिहरूले मात्र पशुपालन अन्तर्गत बाखा पालनबाट आम्दानी गरेको पाइन्छ । घोडा, खच्चरजस्ता पशुहरू माल सामान ओसार पसार गर्नको लागि प्रयोग गरिन्छ ।

यस गा.वि.स.को अर्को आम्दानीको स्रोतको रूपमा व्यापार व्यवसायलाई लिन सकिन्छ । वडा नं. १ र ९ तातोपानी बजार, अन्नपूर्ण पैदल यात्राको एउटा बिसौनीको रूपमा रहेको छ । त्यस्तै बेनी-जोमसोम सडक मार्गको एउटा विश्राम गर्ने ठाउँको रूपमा यस तातोपानी बजारलाई लिइन्छ । विशेष गरी यहाँका व्यक्तिहरू होटेल व्यवसाय गरी आम्दानी गर्दछन् । होटेल व्यवसाय यहाँका थकाली समुदायको हातमा रहेको छ । यहाँका मगरहरूले व्यापार व्यवसायमा आफ्नो पहुँच पुऱ्याउन सकिरहेको छैनन् । त्यस्तै अन्य धेरै ठाउँबाट व्यक्तिहरू व्यापार व्यवसाय गर्न आए पनि यहाँका मगर जातिहरू आफ्नै क्षेत्रमा पनि व्यवसाय गरी बस्न सकेका छैनन् । यसको मुख्य कारण आर्थिक लगानी गर्न नसक्नु तथा व्यपार व्यवसाय गर्ने सीपको विकास नहुनुलाई लिन सकिन्छ । यस गा.वि.स.का केही सीमित व्यक्तिहरू मात्र शिक्षक वा कर्मचारीको रूपमा कार्यरत छन् । केही व्यक्तिहरू इन्डियन लाहुरे र केही व्यक्तिहरू ब्रिटिस सेनामा कार्यरत छन् । केही सीमित व्यक्तिहरू मात्र युरोपियन देशमा रोजगारको रूपमा कार्यरत छन् भने सामान्य व्यक्तिहरू खाडी

मुलुकतिर नै वैदेशिक रोजगारमा संलग्न छन्। अति सामान्य व्यक्तिहरू खेतीपातीको अतिरिक्त ज्यालादारीको रूपमा काम गर्ने गर्दछन्।

समग्रमा आर्थिक पक्षको विश्लेषण गर्दा यस गा.वि.स.का सीमित थकाली जातिको आर्थिक पक्ष राम्रो रहेको छ भने अन्य जात जातिको आर्थिक अवस्था सामान्य रहेको छ भने कतिपयको आर्थिक अवस्था निकै नाजुक देखिन्छ। यहाँको कृषि गुजारा कृषि प्रणाली अन्तर्गत पर्दछ। एक त वैज्ञानिक पद्धतिबाट खेती गर्ने परिपाटी वसेको छैन भने अर्को तर्फ खेतीयोग्य जमिन पनि कम छ। व्यापार व्यवसायमा सीमित जातिको पहुच छ भने नोकरी तर्फ शून्य जस्तै छ। यहाँको जनताको आम्दानीको मुख्य स्रोतको रूपमा वैदेशिक रोजगारलाई लिन सके पनि सबै व्यक्तिको पुहँच पुग्न सकेको देखिँदैन।

गा.वि.स पर्यटन क्षेत्र अन्तर्गत परे पनि पर्यटन व्यवसायको फाइदा सबै जनतामा पुग्न सकेको छैन। पर्यटन व्यवसायतर्फ आकर्षित हुन नसकेको कारणले हो कि व्यापार व्यवसाय गर्ने सीपको विकास हुन नसकेको कारणले हो यहाँका मगर जातिहरू यस व्यवसाय तर्फ आकर्षित हुन सकेका छैनन्।

## ४.३ अध्ययन क्षेत्र भुरुङ गाउँको परिचय

अध्ययन क्षेत्र भुरुङ गाउँ भुरुङ तातोपानी गा.वि.स अन्तर्गत वडा नं. २, ३, ४, ५ र ६ मा पर्दछ। यहाँको कुल घरधुरी सङ्ख्या ११५ मध्ये ८१ घर मगर, ३२ घर दलित र २ घर क्षेत्रीका रहेका छन्। त्यस्तै यहाँको जम्मा जनसङ्ख्या ६८३ मध्ये मगरको सङ्ख्या ४४२ (६४.७२%) रहेको छ। त्यसपछि दलित (वि.क. र नेपाली) को जनसङ्ख्या २२५ (३२.९४%) र क्षेत्रीको सङ्ख्या १६ (२.३४%) रहेको छ। अध्ययन क्षेत्रका ८१ घरपरिवार मगरहरू सबैलाई अध्ययनको रूपमा छनौट गरिएको छ।

अध्ययन क्षेत्रमा विभिन्न जातजातिहरूको बसोबास भए पनि सङ्ख्यात्मक रूपमा मगरहरूको सङ्ख्या बढी छ। यहाँका मगरहरूको भनाइ अनुसार धेरै वर्ष पहिले यही म्याग्दी जिल्लाको बेग, राम्चे, दोवा, कोटगाउँ, दाना, पाउद्वार भन्ने ठाउँ र त्यस्तै मुस्ताङ्ग भन्ने ठाउँबाट यहाँ मगरहरूको आगमन भएको कुरा बताएका थिए। यसरी विभिन्न ठाउँहरूबाट आई यहाँ बस्ती बसालेको भए तापनि आफ्ना पुर्खाहरू कहाँबाट नेपालमा आएका हुन् भन्ने बारेमा यहाँका प्रायजसो मगरहरू अनभिज्ञ छन्। केही मगरहरूले हाम्रा पुर्खाहरू नेपालमा मंगोलियाबाट प्रवेश गरेका हुन् भन्ने कुरा वताएका छन्। एक अध्ययन

अनुसार मगरको तेस्रो समूह लगभग १००० देखि इ.पू. तिर मुस्ताङ्ग घाँटीबाट नेपाल प्रवेश गरेको पाइन्छ । मुस्ताङ्ग घाँटीबाट प्रवेश गर्ने मगरहरूका बस्ती खास गरी डोल्पा, मुस्ताङ्ग, म्याग्दी, पर्वत, बाग्लुङ्ग, प्यूठान र रुकुमका उत्तरी क्षेत्रमा छन् । (जोशी, २०५९) यस भुरुङ गाउँमा गर्वुजा, पुर्जा, रन्तिजा, पाइजा, तिलिजा, राम्जाली, पुन, फगामी, राना आदि थरका मगरहरू बसोबास गदर्छन् ।

यहाँ अवस्थित मगर समुदायको प्रमुख व्यवसाय कृषि हो । कृषि व्यवसायलाई प्राथमिकता नदिई स्वेदश तथा विदेशमा रोजगारीको लागि दौड धूप गर्दछन् । विशेष गरी यिनीहरू प्रहरी तथा सैनिक व्यवसायमा आकर्षित भएको पाइयो । यस बाहेक लाहुरे हुनुलाई उनीहरू गर्व ठान्दछन् । काम र मामको खोजीमा उनीहरू खाडी मुलुकदेखि युरोपियन मुलुकसम्म जाने गर्दछन् । उनीहरू पुख्यौली पेसाको रूपमा कृषि र पशुपालनलाई मान्दछन् । उनीहरू सैनिक तथा प्रहरीमा भर्ती हुनुलाई परम्परादेखि चल्दै आएको पेसाको रूपमा पनि हेर्ने गर्दछन् । यिनीहरूको भर्ती हुने चाहना भए पनि यो चाहना सीमित व्यक्तिमा मात्र सीमित हुन पुगेको छ । वर्तमानमा उनीहरू कृषि, पशुपालन, वैदेशिक रोजगार, लाहुरे, ज्याला मजदुरी जस्ता पेसाहरू अपनाएको कुरा बताउछन् । परम्परागत पेसाबाट वर्तमानका आवश्यकताहरू पुरा हुन नसकेकोले हाल पेसा परिवर्तन गरेको बताउने यहाँका मगरहरूको आर्थिक अवस्था भने त्यति मजवुत छैन ।

शिक्षामा सुधार हुनु र विदेशी संस्कृतिको प्रभावले गर्दा परम्परागत संस्कृतिमा परिवर्तन आएको बताउने यहाँका मगरहरूको शैक्षिक अवस्था भने सन्तोषजनक छैन । सांस्कृतिक परिवर्तनलाई हेर्दा पहिला पहिला भन्दा विस्तारै समयअनुसार परिवर्तन हुदैं गएपनि पूर्णतया परम्परागत संस्कृतिलाई हटाउन सकेका छैनन् । यहाँका मगरहरूका भनाइलाई समेट्दा अधिकाश मगरहरू हाम्रो जातिले भन्दा अन्य जातिले सभ्य र सुंसस्कृत संस्कृतिहरू अबलम्वन गर्दछन् भन्ने भनाइ राख्दछन् । आफ्नो जातिले परम्परागत रुढीवादी संस्कृति अबलम्वन गरेको बताउने मगरहरूको शैक्षिक स्तर त्यति सन्तोषजनक छैन । पहिला विद्यालयको कमी, परम्परागत संस्कृति, वैदेशिक रोजगारी, लाहुरे हुने चाहना र मेलाजात्रामा बढी समय बिताउने भएकाले शैक्षिक अवस्था कमजोर भएको कुरा यहाँका मगरहरू बताउँछन् । परम्परागत संस्कृतिकै कारणले मगर जातिहरू बाबु बाजेकै पालादेखि मेला जात्रा, पर्व बढी मान्ने बढी रमाइलो गर्ने भएको कुरा यहाँका मगरहरू

बताउँछन् । राम्रो आर्थिक आम्दानी हुने र हाम्रो संस्कृतिले नै लाहुरेलाई प्रश्रय दिएकोले सुरक्षा सेवामा लागेको बताउने मगरहरूको यस पेसा प्रति त्यति पँहुच भने पुग्न सकेको देखिदैन ।

पहिला पहिला औषधि तथा स्वास्थ्य चौकीको अभावले गर्दा धामी झाक्रीप्रति विश्वास गरेका मगरहरू हालको विज्ञान तथा प्रविधिको युगमा पनि यसमा परिवर्तन आउन नसकेको कुरा स्वीकार्छन् । हाल आफ्नो समुदायमा केही परिवर्तन आएको बताउने मगरहरू शैक्षिक अवस्थामा, रोजगारीका अवसरमा, राजनैतिक चेतनामा बृद्धि भएको बताउँछन् । अन्य जातिबीच राम्रै सम्पर्क रहन्छ भन्ने कुरा बताउने मगरहरू हाल आएर अन्तरजातीय विबाह भएमा पनि स्वीकारिने बताउँछन् । संस्कारहरू गर्दा आफ्नो जात अनुसार र कुनै संस्कारहरू हिन्दू संस्कारहरू अनुसार गरिने बताउने मगरहरू बलि पूजालाई विशेष महत्त्व दिन्छन् । बली पूजा गर्दा देवता खुसी हुन्छन् र मनले भाकल गरको कुरा पुग्छ भन्ने विश्वासले नै बलि पूजा गरेको भनी बताउने यहाँका मगरहरू बलि पूजामा विश्वास राख्छन् । कर्तव्य ज्यान मुद्दा बाहेकका सबै मुद्धा मामिलाहरू सकेसम्म समाजमा बसेर मिलाउने यहाँको मगरहरूको भनाइ रहेको पाइयो । समाजमा घट्ने विभिन्न घटनाहरूको बारेमा गाउँमा बुद्धिजिवीहरू, समाजसेवी गाउँको जेठोवाठो मान्छे इत्यादि बसेर दुवै पक्षलाई सहमत गराई मिलाउने प्रचलन यस भेगका मगरहरूमा रहेको छ ।

## ४.४ अध्ययन क्षेत्रमा रहेका विभिन्न सामाजिक संस्थाहरू

### ४.४.१ आमा समूह

भुरुङ तातोपानी गा.वि.स. को भुरुङ गाउँमा भएका विभिन्न सामाजिक संस्थाहरूमध्ये आमा समूह पनि एक हो । यस संस्थाले समाजमा रहेका कुरीति र विसंगति जस्ता कुराहरू हटाउने कार्य गर्दै आएको छ । गाउँमा हुने विभिन्न भोज भतेर समारोह आदिको व्यवस्थापन गर्ने काम पनि यस समूहले गर्दै आएको छ । गाउँमा लोप हुन थालेका पुख्यौली नाचजस्ता संस्कारहरू जीवित राख्ने प्रयास गरेको छ । त्यस्तै भोज भतेरको लागि चाहिने भाडा वर्तनहरू किन्ने, महिलाप्रति हुने शोषणको विरुद्ध आवाज उठाउने लगायतका कामहरू पनि गरेका छन् ।

### ४.४.२ **युवा समूह (युवा क्लब)**

भुरुङ गाउँका युबाहरूले सामाजिक विकृति र विसङ्गति हटाउन तथा यस गाउँलाई विकसित तुल्याउन भनी एउटा युवा क्लबको गठन गरेका छन् । जसको नाम जागृति युवा परिवार राखिएको छ । यो युवा क्लब जिल्ला प्रशासन कार्यालयमा पनि दर्ता भई सकेको छ । यस क्लबले आफ्नो समाजमा विकासका कार्यमा सरिक भई कार्य सम्पन्न गर्नमा मद्दत गरेको छ । यस क्लबले गाउँको शैक्षिक स्तरलाई उकास्ने, शिक्षा र स्वास्थ्य सम्बन्धी चेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने, वृक्षारोपण गरेर हराभरा बनाउने लगायतका विभिन्न खेलकूद सम्बन्धी कार्यक्रमहरू गर्ने गरेका छन् ।

### ४.४.३ **बाख्रा समूह**

यो समूह पनि कृषि विकास कार्यालय म्याग्दी बेनीले गठन गरेको छ । यो समूहमा बाख्रा पाल्ने मानिसहरू मात्र सम्मिलित छन् । यो समूहको प्रत्येक व्यक्तिलाई ३/३ वटा बाख्रा कृषि विकास कार्यालयले दिएको छ । गाउँका गरिब तथा विपन्न वर्गलाई यिनीहरूको जीवनस्तर उकास्नको लागि यी बाख्राहरू वितरण गरिएको हो । यी बाख्राको पैसा पर्दैन तर दुई बर्षपछि तीन वटा नै बाख्रा फिर्ता गर्नुपर्छ । दुई वर्षसम्म जति वटा पाठापाठीहरू हुर्कन्छन् त्यति नै कृषकलाई फाइदा हुन्छ । यो समूहको प्रमुख काम बाख्राहरूलाई रोगब्याधी लागेमा भेटनरीसँग सम्पर्क गराउने, कुनै समूहको बाख्रा मरेमा विकल्प खोज्ने, बाख्राहरूको पालनपोषण र स्याहार सुसारको लागि समूहका व्यक्तिलाई समयसमयमा तालिम दिने आदि रहेका छन् । बाख्रा समूहमा सहभागी कृषकहरूले दुई वर्षमा बढीमा ४।५ वटा र घटीमा २।३ वटा बाख्राका पाठाहरू फाइदाको रूपमा लिएका छन् ।

### ४.४.४ **पुख्र्यौली समूह**

यो समूहले गाउँमा लोप हुन थालेका संस्कृतिलाई जगेर्ना गर्ने गरेको छ । पुख्र्यौली नाचमा मादले र मारुनी नाच्ने गर्छन् । साथमा गीत गाउन जान्ने मान्छेले गीत पनि

गाउँछन् । यो गीतको अवधि यति नै हुन्छ भन्ने छैन । १६ सोरठी गीतका भाकाहरू सक्दा ७ दिन बित्छ तर थोरै समयमा सक्नका लागि सांराशमा नाच गरिन्छ । कसैलाई सुरुमा नै सरस्वती चढ्ने रहेछ । पुर्ख्यौली समूह र आमा समूहको संयुक्त कार्यक्रम हुने गर्छ । तर यिनीहरूका आ-आफ्नै कोष जम्मा गरेमा छन् । कोष कसरी जम्मा गरिन्छ भने नाच हेर्न आउनेले दक्षिणा दिने चलन छ । गाउँमा हुने विभिन्न छेवर (चुडाकर्म) न्वारान, विबाह आदि संस्कारमा भजन कीर्तन गरेर, दान हालेर कोष जम्मा गरेका छन् ।

### ४.४.५ बाजा समूह

यहाँका मगर जातिहरूले नौमती बाजा बजाउने गर्छन् । बाजा संरक्षण तथा कोषलाई व्यवस्थित पार्नको लागि एउटा बाजा समूह खडा भएको छ । यस गा.वि.स मा मिलन भन्ने गैरसरकारी संस्थाले बाजा मर्मत गर्नको लागि आर्थिक सहयोग पनि गरेको छ । यी बाजा टोलीले गाउँमा कुनै कार्यक्रम जस्तै विबाह, छेवर, भात खुवाई जस्ता संस्कारमा बाजा बजाउने गर्दछन् । गाउँमा कुनै नयाँ अतिथिहरू प्रवेश भए पनि बाजा बजाएर स्वागत गर्ने गर्दछन् । बाजा बजाए वापत दान हाल्ने चलन छ । त्यो पैसामध्येबाट केही पैसाले जाँडरक्सी खाने र केही बचेको पैसाले बाजा मर्मत तथा कोषमा जम्मा गर्ने गर्दछन् । यसरी नौमती बाजा समूहले लोक संस्कृतिलाई जगेर्ना गरेको छ ।

### ४.४.६ वन समूह

नेपालका अन्य स्थानमा जस्तै यस भुरुङ गाउँमा पनि सामुदायिक वन समूह रहेका छन् । यी वन समूहले राम्रा काम गरेको पाइयो । सामुदायिक वन संरक्षण सम्बर्धन तथा डाडापाखाहरूमा वृक्षारोपण गरी जताततै हरियाली तथा मनमोहक वातावरण बनाएका छन् । यो समूहमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र सदस्यहरू रहने व्यवस्था छ । वन सम्बन्धी कुनै निर्णय गर्नु परेमा समितिको बैठक बसी छलफल गरेको पाइन्छ । घाँस, दाउरा र स्याउला फुकाउने उपभोक्तालाई घाँस, दाउरा र स्याउला सहज उपलब्ध गराएको पाइन्छ । यी विभिन्न सामुदायिक वनसमूहलाई यस जिल्लाको विभन्न गा.वि.स. मा स्थापित भिलन नामक संस्थाले घुम्टी कोष दिने गरेको छ । यो कोषबाट गरिब विपन्न वा ग तथा घ वर्गका मानिसलाई कुनै व्यवसाय गर्नका लागि सस्तो व्याजमा ऋण दिने गरेको छ । वनसमूहले यस वन क्षेत्रभित्रका उपभोक्तालाई सस्तो र अन्य गाउँका

मानिसलाई महगोँ मूल्यमा काठपात बेचेर आम्दानी गरेको पाइयो । यी वनसमूहले आफ्नो आम्दानीबाट यहाँका विद्यालय, युवा क्लब बाजा समूहलाई आर्थिक सहयोग गर्ने गरेका छन् ।

### ४.४.७ कृषि समूह

जिल्ला कार्यरत गैर सरकारी संस्था मिलनले यस भुरुङ गाउँमा विभिन्न कृषि समूह गठन गरेको छ । यस समूहमा आबद्ध कृषकलाई कृषिसम्बन्धी (तरकारी खेती तथा पशुपालन व्यवसायी) तालिम दिने गरेको छ । यो समूहले भकारा सुधार कार्यक्रम, मलखाद सुधार कार्यक्रम, उन्नत बिउ बिजन वितरण कार्यक्रमका साथै नयाँ प्रविधिबाट तरकारी तथा अन्नहरू उत्पादन गर्ने कामहरू सञ्चालन गरेको भए पनि आशातीत प्रगति भएको देखिदैन । भकारा सुधार कार्यक्रम अन्तर्गत विभिन्न वस्तुहरूको गँहुत खेर नजानको निमित्त मलमूत्र एकै ठाउँमा जम्मा गर्ने व्यवस्था मिलाइएको छ। जुनमलमूत्र तरकारी बालीमा प्रयोग गर्न तरकारी खेती राम्रो हुने र कीरा र रोगव्याधि नलाग्ने गरेको पाइयो । मलखाद सुधार कार्यक्रम अन्तर्गत कम्पोस्ट मल तयार गर्ने तरिका सिकाइएको छ । जसबाट घर वरिपरि हुने फोहोर केही कम हुन गएको पाइयो । मलखादमा पानी पर्नाले मल त्यति राम्रो हुने रहेनछ । त्यसैले मलखादमा छानो हाल्ने कार्यक्रम पनि रहेको छ । पानी नपरेपछि मल राम्रोसँग पच्ने र मलको अवस्था ठीक हुनुको साथै मल बुरबुराउँदो भएको पाइयो । तरकारी खेती अन्तर्गत टनेल बनाई नयाँ प्रविधिबाट गोलभेडा लगायतका तरकारीहरू उत्पादन गरेको पाइयो ।

# अध्याय-५
# तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण

## ५.	मगर जातिको सामाजिक तथा सांस्कृतिक जीवन

म्याग्दी जिल्ला भुरुङ तातोपानी गा.वि.स स्थित भुरुङ्ग गाउँका मगर जातिले अन्य जातिले झैं आफ्नै प्रकारका रीतिरिवाज, संस्कृति र मौलिक विशेषताले भरिपूर्ण जीवन बिताउने गर्दछन्। सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाअन्तर्गत समाजमा परम्परादेखि चल्दै आएको मानवीय अधिकार स्त्री तथा पुरुष अधिकार र कर्तव्य, धर्म संस्कार, खानपान, रहनसहन, सामाजिक अवस्था तथा विश्वासहरू भाषा, पेसा, चाडपर्व तथा सामाजिक व्यवहारलाई अध्ययन गर्न सकिन्छ।

## ५.१	छनौट परिवारको जनसङ्ख्या

भुरुङ्ग तातोपानी गा.वि.स. अन्तर्गत भुरुङ गाउँका ८१ घर परिवार मगरहरू सबैलाई अध्ययनको रूपमा छनौट गरिएको छ। छनौट ८१ घर परिवारका जम्मा ४४२ मगर जनसङ्ख्या मध्ये पुरुषको सङ्ख्या २२५ र महिलाको सङ्ख्या २१७ रहेको छ। छनौट परिवारको उमेर र लिङ्गअनुसारको जनसङ्ख्यालाई निम्नानुसार तालिकामा देखाइएको छ।

**तालिका ५.१**

**छनौट परिवारको उमेर र लिङ्ग अनुसारको जनसङ्ख्या वितरण**

| क्र.सं. | उमेर समूह वर्ष | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ०-५ | १९ | २० | ३९ | ८.८२ |
| २ | ६-१४ | ४४ | ४६ | ९० | २०.३६ |
| ३ | १५-५९ | १३८ | १४० | २७८ | ६२.९० |
| ४. | ६० भन्दा माथि | १६ | १९ | ३५ | ७.९२ |
|  | जम्मा | २१७ | २२५ | ४४२ | १०० |

*स्रोत : घरधुरी सर्वेक्षण २०६६*

माथि प्रस्तुत गरिएको तालिका अनुसार महिलाको भन्दा पुरुषको सङ्ख्या बढी देखिन्छ। त्यस्तै उमेर समूहमा सबैभन्दा कम ६० वर्ष भन्दा माथिका ७.९२% र सबैभन्दा बढी जनसङ्ख्या १५-५९ वर्षकाहरूको ६२.९०% रहेको प्रष्ट देखिन्छ। त्यस्तै ६-१४ उमेर समूहका २०.३६% र ५ वर्ष भन्दा मुनिका ८.८२% जनसङ्ख्या रहेको छ। १५-५९ वर्ष उमेर समूहलाई राष्ट्रको लागि आर्थिक रूपले सक्रीय जनसङ्ख्या मानिएको छ भने अन्य उमेर समूहका मानिसहरूलाई राष्ट्रको लागि आर्थिक रूपले निष्क्रिय जनसङ्ख्या मानिएको छ। छनौट परिवारको जनसङ्ख्याको वितरण अनुसार आर्थिक रूपले सक्रिय जनसङ्ख्या २७८ (६२.९०%) र आर्थिक रूपले निस्क्रिय जनसङ्ख्या १६४ (३७.१०%) रहेको देखिन्छ।

## ५.२ उत्तरदाताको विवरण

अध्ययनको क्रममा सही, तथ्य र यथार्थ जानकारी प्राप्त गर्नै हेतुले फरकफरक उमेरका महिला र पुरुष उत्तरदाताहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ। जसको विवरण यस प्रकार छ।

### ५.२.१ उमेर र लिङ्गअनुसारका उत्तरदाताको विवरण

**तालिका ५.२**

**उमेर र लिङ्गअनुसारका उत्तरदाताको विवरण**

| क्र.स. | उमेर समूह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २०-३० | २ | ३ | ५ | ६.१७ |
| २ | ३०-४० | ८ | ९ | १७ | २०.९९ |
| ३ | ४०-५० | ११ | १५ | २६ | ३२.१० |
| ४ | ५०-६० | ७ | १२ | १९ | २३.४६ |
| ५ | ६० भन्दा माथि | ५ | ९ | १४ | १७.२८ |
| | जम्मा | ३३ | ४८ | ८१ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६६*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा सबैभन्दा वढी ४०-५० वर्षउमेर समूहका २६ उत्तर दाताहरू रहेका छन् । जसमा ११ महिला उत्तर दाता र १५ पुरुष उत्तर दाताहरू रहेका छन् । त्यस्तै सबैभन्दा कम २०-३० वर्ष उमेर समूहका ५ उत्तर दाताहरू रहेका छन् । जसमा २ महिला उत्तर दाता र ३ पुरुष उत्तर दाताहरू छन् । त्यस्तै अध्ययन क्षेत्रमा महिला उत्तरदाता ३३ (४०.७४%) र पुरुष उत्तरदाताहरू ४८ (५९.२६%) रहेका छन् ।

### ५.२.२ उत्तरदाताको लैङ्गिक तथा शैक्षिक स्थिति

**तालिका ५.३**

**उत्तरदाताको लैङ्गिक तथा शैक्षिक स्थिति**

| लिङ्ग | साक्षर | निरक्षर | जम्मा |
|---|---|---|---|
| महिला | २१ | १२ | ३३ |
| पुरुष | ४० | ८ | ४८ |
| जम्मा | ६१ | २० | ८१ |

*स्रोत : स्थलगत अध्ययन, २०६६*

माथिको तालिकालाई हेर्दा जम्मा ४८ पुरुष उत्तर दातामध्ये ४० जना साक्षर र ८ जना निरक्षर छन् । त्यस्तै ३३ जना महिला उत्तर दाताहरू मध्ये २१ जना साक्षर र १२ जना निरक्षर रहेका छन् । त्यस्तै २० उत्तरदाताहरू निरक्षर रहेका छन् । महिला निरक्षर उत्तरदाताको सङ्ख्या बढी भएकोले पुरुषको तुलनामा महिलाको साक्षरता दर कम देखिन्छ ।

## ५.३ परिवारको प्रकार

साधारणतया परिवार भन्नाले लोग्ने, स्वास्नी र तिनका छोराछोरी भएको एउटा स्थायी संस्था हो। जुन प्रत्येक समाजमा भेट्न सकिन्छ। परिवारका सदस्यहरूको अन्योन्याश्रित सम्बन्धले नै परिवारलाई जीवन्तता प्रदान गरेको हुन्छ। परिवारलाई व्यक्तिको पाठशाला पनि मान्न सकिन्छ। परिवारबाटै व्यक्तिले शिक्षा तथा सामाजिकीकरणको प्रक्रिया सिकेको हुन्छ ।

परिवारलाई दुई प्रकारमा विभाजन गरिएको छ । एकात्मक परिवार त्यस्तो परिवार हो जहाँ लोग्ने, स्वास्नी र तिनका अविवाहित छोराछोरी सँगै भएर एउटै छानामुनि रही एउटै भान्सा प्रयोग गरेका हुन्छन् ।

संयुक्त परिवार भनेको तीन पुस्तासम्मका परिवारका सदस्यहरू सँगै रहेको, एउटै प्रयोग गरेको र पैत्रिक सम्पत्ति पनि सँगोलमा नै रहेको परिवार हो । जहाँ बावु, आमा, विवाहित छोरा, बुहारी, नाति, नातिना आदि रहेका हुन्छन् ।

यस अध्ययन अनुसार छनौट परिवारका मगरहरूको परिवारमा निम्न प्रकारका परिवार रहेको पाइन्छ ।

**तालिका ५.४**

**परिवारको प्रकारहरू**

| क्र.स | परिवारको किसिम | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक परिवार | ६१ | ७५.३१ |
| २ | संयुक्त परिवार | २० | २४.६९ |
| | जम्मा | ८१ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६६*

माथि उल्लेखित तालिका विवरणबाट के प्रष्ट हुन्छ भने मगरहरूको एकात्मक परिवारको सङ्ख्या ७५.३१% र संयुक्त परिवारको सङ्ख्या २४.६९% रहेको पाइन्छ । यिनीहरूको समाजमा बृहत परिवार छैन । संयुक्त परिवार पनि विस्तारै एकात्मक परिवार तर्फ आकर्षित हुँदै गइरहेको छ । सानो र छुट्टै परिवारमा बस्दा थोरै खर्चले पुग्ने, मिठो खानेकुराहरू खान पाइने राम्रा लुगाहरू लगाउन पाइने, सानो परिवारमा झैझगडा कम हुने जस्ता कारणहरूले यिनीहरू विस्तारै एकल परिवार तर्फ आकर्षित भइरहेका छन् ।

संयुक्त परिवारमा बस्दा स्वतन्त्रताको कम महसुस हुने परिवारको जेठोबाठो व्यक्तिले मात्रै परिवारको निर्णय गर्ने भएकोले अन्य सदस्यको निर्णयलाई बेवास्ता गरिने, धेरै समयसम्म काममा व्यस्त रहनु पर्ने जस्ता कारणहरूले पनि संयुक्त परिवारहरू विघटन हुँदै गइरहेका छन् ।

यहाँका मगरहरूको परिवारमा निर्णयकर्ता र नेतृत्वदायी भूमिकामा पुरुषहरू भए पनि महिलाको भूमिकालाई पनि कम आँकलन गरिदैन । विशेषगरी परिवारका

सदस्यहरूको आवश्यकता परिपूर्तिको लागि खर्चहरू जुटाउने काम पुरुषले गर्ने गर्दछन् भने खर्चको बाँडफाड महिलाले गर्दछन् ।

## ५.४ पारिवारिक श्रम विभाजन

यहाँका मगरहरू प्रायः जसो सबै कामहरू महिला र पुरुष दुबैले बाँडेर गर्ने गर्दछन् । खाना पकाउने, कपडा धुने, पानी ल्याउने, घाँसपात गर्नेजस्ता कामहरू महिला र पुरुष दुवैले गर्दछन् भने बच्चा हेर्ने, घर सफा गर्नेजस्ता कार्यहरू महिलाले बढी गर्दछन् । किनमेल गर्ने कार्यहरू महिला वा पुरुष जुनसुकैले पनि गर्दछन् । यस समाजका केही सामाजिक संस्कारमा विशेष व्यक्तिको उपस्थितिमा गरिने कार्य बाहेकका सबै कार्यहरू महिला र पुरुष दुबै नै मिलेर गर्ने गर्दछन् । विशेष गरी घर बाहिरको काममा पुरुषहरू बढी संलग्न हुन्छन् भने घर भित्रको काम महिलाहरू बढी संलग्न हुन्छन् । विभिन्न किसिमका सामाजिक कार्यहरूमा पनि महिला पुरुष दुबैको संलग्नता रहन्छ । भ्कारा, पर्म, गर्नुपर्दा पनि महिला पुरुष दुबैको संलग्नता रहन्छ । विभिन्न किसिमका सामाजिक संस्थाहरूको नेतृत्व पनि महिला पुरुष दुबैले गर्ने गर्दछन् ।

## ५.५ वैवाहिक स्थिति

विबाह परिवारको अभिन्न अङ्ग हो जुन प्रत्येक समाजको लागि अपरिहार्य नै छ । समाजले एक महिला र एक पुरुषलाई पति र पत्नीको रूपमा मान्यता प्रदान गर्छ भने त्यो विबाह हो । त्यस्तै कुनै पनि स्त्री वा महिलाले बैधानिक रूपमा अधिकार पाउनलाई गरिने संस्कार पनि हो । तसर्थ नेपाली समाजमा कुनै पनि स्त्री र पुरुष बीचको विबाह अगाडिको यौन सम्बन्धलाई मान्यता दिइदैन । नेपालमा बसोबास गर्ने विभिन्न सम्प्रदाय र जातजातिका मानिसहरूको आ-आफ्नै संस्कारअनुसार वैवाहिक परम्परा कायम रहेको छ । त्यस्तै मगरजातिको विबाह प्रथा पनि आफ्नै प्रकारको रहेको छ । यस समाजमा मामा चेली र फुपूचेला बीच वैवाहिक प्रचलन पाइन्छ । अध्ययन क्षेत्रका केही मगरहरूमा फुपूचेली र मामाचेला बीच विबाहहरू पनि भएका छन् । यिनीहरूको एउटै कुल वा थर बीचमा विबाह गर्ने चलन छैन । जस्तै पुर्जा, पुर्जा बीच त्यस्तै गर्वुजा, गर्वुजा बीच बिहेबारी चल्दैन ।

यिनीहरूको समाजमा कुनै पनि मगरको दुईवटी श्रीमती भएको भेट्टिएन । यहाँका मगरहरू श्रीमती पोइला गएको अवस्थामा वा मरेको अवस्थामा मात्रा दोस्रो विबाह गर्ने गर्दछन् । कुनै कारणवस दोस्रो विबाह हुनपुगेको खण्डमा पहिलाकी श्रीमती माइतमा गएर बस्छे वा उसले पनि अर्को विबाह गर्ने गर्दछन् । विबाह भएर गएकी छोरी माइतमा आएर बसेको खण्डमा पनि उसलाई नराम्रो दृष्टिकोणले नहेरी पाल्ने चलन रहेको छ । एकचोटि विबाह भएपछि कुनै पनि कारणले अर्को विबाह गर्नको लागि यिनीहरूलाई कुनै कठिनाइ नै पर्दैन । समाजले राम्रोसँग स्वीकारेको हुन्छ । विधवा विबाहलाई पनि समाजमा राम्रो दृष्टिकोणले हेर्ने गरिन्छ ।

## ५.६ शिक्षा

वास्तवमा शिक्षा देशको मेरुदण्ड हो । कुनै पनि राष्ट्रको विकासको मूल आधार नै शिक्षा हो विज्ञान र प्रविधिको वर्तमान युगमा जुन समाज, राष्ट्र शिक्षित छैन भने विकासको मूल प्रबाहमा समाहित हुन सक्दैन । जहाँ शैक्षिक स्थिति कमजोर छ त्यो देशको आर्थिक तथा सामाजिक अवस्था अस्तव्यस्त छ भन्ने बुझ्नुपर्दछ । शिक्षाबाट नै गाँउघरमा हुने रुढीबादी परम्परामा परिवर्तन आउँछ । छोराछोरी बीच हुने भेदभावको अन्त्य हुन्छ । जाति धर्म बीच हुने छुवाछुतको अन्त्य हुन्छ । त्यसैले शिक्षा सामाजिक विकासको र परिवर्तनको महत्त्वपूर्ण आधार हो भन्न सकिन्छ । वर्तमान अवस्थामा शिक्षित जनशक्तिको सङ्ख्या बढ्दै गइरहेको छ । तापनि शहरमा भन्दा गाउँमा शिक्षित जनशक्तिको अभाव छ । शैक्षिक स्थितिको कारणले तीनै गाउँका क्षेत्रहरू पिछडिन पुगेका छन् ।

अध्ययन क्षेत्रका मगरहरूको शैक्षिक स्थितिलाई हेर्दा अधिकंश मगरहरू साक्षरमात्र छन् । उनीहरूमा साधारण लेखपढ गर्न सक्ने साधारण शिक्षामात्रा छ । त्यस्तै अशिक्षित मगरहरूको सङ्ख्या पनि रहेको छ । शिक्षामा पछिपर्नुको कारण सोधिएकोमा उनीहरू सुरुमा विद्यालयको अभाव रहेको, परम्परागत संस्कृति धेरै अबलम्वन गरिने, वैदेशिक रोजगारी र लाहुरे हुने चाहनाले शिक्षामा कमी आएको भन्ने कुरा बताउछन् । हाल अध्ययन क्षेत्रका मगरहरू अशिक्षाको कारणले आफूले दुःख कष्ट सहनु परेको र यस्तो दुःख कष्ट आफ्ना सन्तानलाई नपरोस् भनी सचेत छन् । तर पनि यिनीहरूको संस्कृतिले मेलाजात्रा पर्वमा बढी रमाइलो गर्ने विदेश गएर पैसा कमाई ल्याइहाल्ने भन्ने प्रवृत्तिले

शैक्षिक स्थिति कमजोर बन्दै गइरहेको छ। अध्ययन क्षेत्रका मगरहरू माध्यमिक शिक्षासम्म हासिल गरेपछि केटाहरू विदेशतिर जाने र केटीहरूको विहेबारी गर्ने चलन बढी रहेको देखियो। कतिपय भने माध्यमिक सम्मको पढाइ पनि नपढी छोड्दछन्। भौगोलिक बिकटताको कारणले पनि र विद्यालयको कमीको कारणले पनि शैक्षिक स्तर कमजोर हुन सक्छ। अध्ययन क्षेत्र यस गा.वि.स. मा वडा नं. ४ मा एक वटा प्रा.वि. र वडा नं. ९ तातोपानी बजारमा १ वटा मा.वि. रहेका छन्। उच्च मा.वि. र सो भन्दा माथिको शिक्षा हासिल गर्नको लागि बाहिर जानुपर्ने बाध्यता यहाँका मगरहरूमा रहेको छ। अध्ययनमा छनौट गरिएका मगरपरिवारका कुने पनि सदस्यले स्नातक तह वा त्यसभन्दा माथि अध्ययन गरेको भेटिएन। त्यसैले शिक्षा क्षेत्रमा अध्ययन क्षेत्रका मगरहरू निकै पछाडि परेका छन्। ६ वर्ष भन्दा माथिका छनौट गरिएका मगर परिवारको शैक्षिक स्थिति ६ वर्ष भन्दा माथिका ४०३ जनसङ्ख्यालाई यिनीहरूको शिक्षाअनुसार यसरी वितरण गरिएको छ।

**तालिका ५.५**

**शैक्षिक स्थिति**

| क्र.स | शैक्षिक स्थिति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आइ.ए वा सो सरह | ६ | ५ | ११ | २.७३ |
| २ | एस.एल.सी वा सो सरह | ११ | १० | २१ | ५.२१ |
| ३ | साक्षर | १६८ | १५० | ३१८ | ७८.९१ |
| ४ | निरक्षर | २० | ३३ | ५३ | १३.१५ |
| | जम्मा | २०५ | १९८ | ४०३ | १०० |

*स्रोत : घरधुरी सर्वेक्षण २०६६*

माथिको तालिकालाई अध्ययन गर्दा ७८.९१% मगरहरू साक्षरमात्र छन्। २.७३% मगरहरू आइ.ए. सो सरह को शिक्षा प्राप्त गरेका छन् भने ५.२१% मगरहरू एस.एल.सी वा सो सरहको योग्यता हासिल गरेका छन्। त्यस्तै १३.१५% मगरहरू अशिक्षित नै छन्। शिक्षित मगरहरूको पनि सामान्य लेखपढ गर्ने क्षमता बाहेक अरू केही छैन। अध्ययनको रूपमा छनौट गरिएका कुनै पनि मगरहरूले प्राविधिक तथा व्यावसायिक शिक्षा हासिल गर्न सकेको छैन। आइ.ए. स्तरभन्दा माथि अध्ययन गरेको पाइँदैन।

## ५.७ परिवार नियोजन

शिक्षा र जनचेतनाको अभावमा यहाँका केही मगरहरू परिवार नियोजन सम्बन्धी कुनै चासो नलिने गरेको पाइन्छ । यहाँका धेरै जसो व्यक्तिहरूले परिवार नियोजन सम्बन्धी धारणा हेल्थपोष्ट रेडियो, स्वास्थ्य कार्यकर्ता तथा छलफल आदिबाट सिकेको पाइन्छ । जसलाई तलको तालिकाले स्पष्ट जानकारी दिन्छ ।

**तालिका ५.६**

**परिवार नियोजन**

| स्रोत | सूचना लिने घर सङ्ख्या | प्रतिशत |
|---|---|---|
| स्वास्थ्य कार्यकर्ता | २२ | २७.१६ |
| हेल्थपोष्ट | १६ | १९.७५ |
| घर छिमेकी तथा साथी | १५ | १८.५२ |
| रेडियो तथा टेलिभिजन | ८ | ९.८८ |
| कतैबाट नलिएको | २० | २४.६९ |
| जम्मा | ८१ | १०० |

*स्रोत : घरधुरी सर्वेक्षण २०६६*

माथिको तालिकाबाट के कुरा प्रष्ट हुन्छ भने २४.६९% उत्तरदाताहरू परिवार नियोजन सम्बन्धी कुनै चासो देखाउँदैन् । त्यस्तै २७.१६% उत्तरदाताहरू स्वास्थ्यकार्यकर्ताबाट, १९.७५% उत्तरदाताहरू हेल्थपोष्टबाट, १८.५२% उत्तरदाताहरू छरछिमेकी तथा साथीहरूबाट, र ९.८८% उत्तरदाताहरू रेडियो तथा टेलिभिजनबाट परिवार नियोजनसम्बन्धी सूचना लिने गरेको पाइयो । माथिको तालिका अनुसार धेरै उत्तरदाताहरूलाई परिवार नियोजन सम्बन्धी जानकारी भएको पाइयो । उनीहरू कुनै न कुनै स्रोतबाट परिवार नियोजन सम्बन्धी जानकारी लिँदा रहेछन् ।

यहाँका मगरहरूले परिवार नियोजन सम्बन्धी साधनहरूको पनि प्रयोग गरेको पाइन्छ । अस्थायी तथा स्थायी दुवै साधनहरू प्रयोग गरेको पाइन्छ ।

**तालिका ५.७**

**परिवार नियोजनका साधन र प्रयोग**

| क.सं. | परिवार नियोजनका साधन | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पिल्स | १५ | १८.५२ |
| २. | कण्डम | १३ | १६.०५ |
| ३. | भ्यासेक्टोमी | ६ | ७.४१ |
| ४. | इन्जेक्सन | १२ | १४.८१ |
| ५. | कुनै पनि प्रयोग नगर्ने | ३५ | ४३.२१ |
| | जम्मा | ८१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०६६*

माथिको तालिकाबाट हेर्दा ४३.२१% उत्तरदाताहरू परिवार नियोजनका कुनै पनि साधनहरू प्रयोग गर्दैनन् । जनचेतना र शिक्षामा आएको विकासको कारण परिवार नियोजनका अस्थायी साधनहरू सीमित मात्रामा महिला तथा पुरुषले प्रयोग गरेको देखिन्छ । दुर्गम लेकाली क्षेत्रमा बसोबास गरेर होला कतिपयले परिवार नियोजन प्रति कुनै चासो देखाउन चाहदैनन् ।

## ५.८ स्वास्थ्य

भुरुङ तातोपानी गा.वि.स. मा एउटा मात्र स्वास्थ्य चौकी छ । उक्त स्वास्थ्य चौकी पनि तातोपानी बजारमा रहेकोले भुरुङ गाउँका सबै व्यक्तिको पहुँच पुग्न सकेको छैन । भुरुङ निवासी मगरहरू बिरामी पर्दा तातोपानी बजारमा अवस्थित स्वास्थ्य चौकीको सहारा लिन्छन् वा आफ्नै मौलिक उपचार विधि जडिबुटी वा धामी झाँक्रीबाट उपचार गराउने गर्दछन् । यिनीहरू प्राय: लेकहरूमा बसोबास गर्ने र त्यहाँ आधुनिक स्वास्थ्य उपचारको सुबिधा नहुनाले धामी झाँक्री प्रथाद्वारा उपचार गराउनु उनीहरूको लागि रहर नभएर बाध्यता भएको बताउँछन् । यस गाउँका कतिपय मगर समुदाय हालसम्म पनि धामी झाँक्री प्रथाद्वारा सञ्चो नभएमा मात्र स्वास्थ्य कर्मीको सहयोग लिन्छन् ।

पहिलेका मगरहरू शिक्षा र जनचेतनाको अभावमा व्यक्तिगत सरसफाइमा ध्यान नदिने भए तापनि हाल हरेक पक्षमा आएको परिवर्तन तथा विकास सँगै सरसफाइमा ध्यान दिन थालेको पाइयो। सीमित व्यक्तिहरू मात्र व्यक्तिगत तथा घरको सरसफाइमा ध्यान दिदैनन्। जसको कारण उनीहरू विभिन्न रोगहरूबाट ग्रसित हुने गर्दछन्।

भुरुङ गाउँमा ३५.८०% घरपरिवारको आफ्नो शौचालय छैन। शौचालय नहुनेले जथाभावी घर वरिपरी बारी जङ्गलमा फोहोर गर्दा विभिन्न रोगहरू फैलिने र त्यसले वातावरणमा समेत प्रतिकूल असर गर्ने गरेको पाइयो।

यहाँको स्वास्थ्य क्षेत्रको विकास गर्न सरकारी तथा गैरसरकारी संस्थाहरूले कुनै पनि प्रभावकारी कदम चालेको पाइदैन। फलस्वरूप यहाँ बसोबास गर्ने मगर समुदाय स्वास्थ्य क्षेत्रमा पिछडिएको पाइन्छ।

**तालिका ५.८**

**उत्तरदाताहरूले अबलम्वन गर्ने उपचार विधि**

| सहारा | घरसङ्ख्या | प्रतिशत |
|---|---|---|
| स्वास्थ्य चौकी, जडीबुटी र धामीझाँक्री | ६१ | ७५.३१ |
| स्वास्थ्य चौकी र जडीबुटी | १६ | १९.७५ |
| स्वास्थ्य चौकी, जडीबुटी र परमेश्वर | २ | २.४७ |
| स्वास्थ्य चौकी र परमेश्वर | २ | २.४७ |
| जम्मा | ८१ | १०० |

*स्रोत : घरधुरी सर्वेक्षण २०६६*

माथिको तालिकाबाट हेर्दा करिब ७५.३१% उत्तरदाताहरूले उपचार पद्धतिमा स्वास्थ्य चौकी, जडीबुटी र धामी झाक्री सबैको सहारा लिन्छन्। त्यस्तै १९.७५% उत्तरदाताहरूले स्वास्थ्य चौकी र जडीबुटीको सहारा लिन्छन्। २.४७% परिवारले स्वास्थ्य चौकी, जडीबुटी र परमेश्वरको सहारा लिन्छन्। त्यस्तै २.४७% परिवारले स्वास्थ्य चौकी र परमेश्रको सहारा लिन्छन्। अध्ययन क्षेत्रमा ४ घर परिवार क्रिस्चियन भएकोले यिनीहरू बिरामी पर्दा परमेश्वरको सहारा लिन्छन्। त्यस्तै ७५.३१% परिवारको बिरामी पर्दाको सहाराको रूपमा धामी झाक्री प्रथा पनि भएकोले यिनीहरूको धामी झाँक्री प्रतिको विश्वास नहटेको पाइन्छ। अध्ययन क्षेत्रका मगरहरूलाई धामी झाँक्री प्रतिको विश्वासमा

सोधिएको प्रश्नमा पहिला पहिला औषधि तथा स्वास्थ्य चौकीको अभावले गर्दा धामी झाँक्री प्रति विश्वास गरिन्थ्यो हाल त्यसमा परिवर्तन आउन नसकेको कुरा बताउँछन् ।

## ५.९ घरमा प्रयोग भएका सुबिधाहरू

प्रत्येक व्यक्तिको, बौद्धिक, सामाजिक र संवेगात्मक विकासको लागि आधारभूत सुबिधाहरू उपलब्ध हुनुका साथै अतिरिक्त सुबिधाहरू पनि उपलब्ध हुनु पर्दछ। मानिसलाई खान, बस्न, सुत्न, शिक्षा प्राप्त गर्न, स्वास्थ्य सेवा लिनको साथै मनोरञ्जनको लागि भौतिक सेवा तथा सुबिधाहरू आवश्यक पर्दछन् । घरमा चाहिने न्यूनतम सुबिधाहरू खानेपानीको व्यवस्था, चर्पीको व्यवस्था बिजुलीबत्तीको व्यवस्था, सूचना तथा सञ्चारको लागि रेडियो टेलिफोन, टेलिभिजन जस्ता भौतिक सुबिधाहरू उपलब्ध हुन आवश्यक छ । तर नेपालको सन्दर्भमा प्रत्येक नेपालीले यस्ता सुबिधाहरू उपयोग गर्न सकेका छैनन् ।

अध्ययन क्षेत्र भुरुङ गाउँका मगरहरूले पनि यी सबै सुबिधाहरू प्रयोग गर्न सकिराखेका छैनन् । केही सीमित व्यक्तिले मात्र यस्ता सुबिधाहरू उपयोग गरेका छन् । अध्ययन क्षेत्र भुरुङ गाउँमा मोटर बाटोको सुबिधा छैन । यो असुबिधाले गर्दा यहाँका मानिसहरू तातोपानी बजारबाट बोकेर आवश्यक सामग्रीहरू लैजाने गर्दछन् । सञ्चारको सुबिधा उपलब्ध भए पनि यसको पहुँच सबै सँग पुग्न सकेको छैन ।

अध्ययन क्षेत्रका ८१ घर परिवारले प्रयोग गरिरहेका सामान्य सुबिधाहरूलाई यसरी देखाउन सकिन्छ ।

**तालिका ५.९**
**घरमा प्रयोग भएका सुबिधाहरू**

| सेवा सुबिधा | प्रयोग घर सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पानीको धारा | ८१ | १०० |
| चर्पी | ५२ | ६४.२० |
| बिजुली बत्ती | ७५ | ९२.५९ |
| मोबाइल/टेलिफोन | ४० | ४९.३८ |
| टेलिभिजन | १० | १२.३५ |
| रेडियो | ७२ | ८८.८९ |

*स्रोत : घरधुरी सर्वेक्षण २०६६*

माथिको तालिकालाई हेर्दा सबै घर परिवारले पानीको धारा उपयोग गरिरहेका छन् । त्यस्तै ६४.२०% घर परिवारले चर्पी बनाइ चर्पीभित्र दिसापिसाब गर्ने गर्दछन् भने

अन्यले खुल्ला चौर, खोल्सा खेत बारीलाई चर्पीको रूपमा प्रयोग गर्दछन्। त्यस्तै बिजुलीवत्तीको सुबिधा भए पनि सबै घरले यसको प्रयोग गर्न सकिराखेका छैनन्। करिब ९२.५९% घरले मात्रै यसको उपयोग गरिरहेका छन्। भरखरै मात्र टेलिफोन/मोबाइलको सुबिधा प्राप्त भएकोले यसको पनि सबै उत्तरदाताहरूमा पहुँच पुग्न सकेको छैन्। १२.३५% घर परिवारले मात्र टेलिभजनको उपयोग गरिरहेका छन्। त्यस्तै ८८.८९% उत्तरदाताहरूले सञ्चारको माध्यम रेडियोलाई प्रयोग गरिरहेका छन्। पानीको धारा सबै घरमा उपलब्ध भए पनि अन्य सुबिधाहरू सबै घरमा उपलब्ध हुन सकेका छैनन्। गाउँमा केबुलको सुबिधा नभए पनि १२.३५% घर परिवारले टी.भी. प्रयोग गरेका छन्। उनीहरू सी.डी. राखेर टी.भी. हेर्ने गर्दछन्। माथि उल्लेखित सेवा सबै प्रयोग गर्ने उत्तरदाताहरू १२.३५% मात्र रहेका छन्।

# अध्याय–६

# मगर जातिको जीवन प्रक्रिया

मानव जीवनका सामाजिक तथा सांस्कृतिक क्षेत्रमा संस्कारको मुख्यस्थान रहेको छ। कुनै पनि जातिले आफ्नो संस्कार र परम्परालाई त्याग्न सकेका हुँदैनन्। सबैले आफ्नै प्रकारको संस्कार र परम्परालाई अँगाल्छन्। त्यस्तै भुरुङ निवासी मगरहरूले पनि आफ्नै प्रकारको रीतिरिवाज र चाडपर्व संस्कार मनाएको पाइन्छ। भुरुङ निवासी मगरहरूले जन्मदेखि मृत्युसम्म निम्न प्रकारका संस्कारहरू गरेको पाइन्छ।

## ६.१ जन्म

अन्य जातिहरूमा झैँ मगर जातिमा पनि जन्म संस्कारलाई मानव जीवनकै महत्त्वपूर्ण र प्रथम संस्कारको रूपमा लिइन्छ। बच्चा जन्मिएपछि सुत्केरी महिलालाई घरको कुनै कुनामा छुट्टै राखिन्छ। यो प्रक्रिया नचोखिने दिनसम्म चलिरहन्छ। यो सुत्केरा ११ दिनसम्म वा न्वारान नभएसम्म हुन्छ। न्वारान भएपछि बच्चा जन्माउने महिला र दाजुभाइ चोखिन्छन्। न्वारान ९ दिन तथा ११ दिनमा गर्ने चलन छ। ९ दिनका दिन कस्तो अवस्थामा न्वारान गरिन्छ भने, खेती स्याहार्ने बेला र बिउपोल लगाउने बेलामा दाजुभाइलाई सुत्केराबाट फुकाउनको लागी ३, ५, ७ मा पनि न्वारान गरी दाजुभाइलाई फुकाई दिने चलन छ। न्वारान कर्म गर्दा कुटुम्ब वा बाहुन कोही चाहिदैन, आफ्नै घरको पाको मुख्य मान्छेले डोरा बाँधिदिएपछि न्वारान सम्पन्न हुन्छ तर बालकको नाम राख्दा भने बाहुनको सहयोग लिने गर्दछन्। बालकको नाम राख्नको लागि बच्चा जन्मिसकेपछि समय घडी पल खुलाई लेखी राख्छन् र सोही अनुसार बाहुनले नाम दिने चलन छ।

### ६.१.१ छैटौँ जगाउनु

जन्मेको छैटौं दिनको साँझ दियो बत्ती बाली रात्रि जगाउने कामलाई छैटौं जगाउनु भनिन्छ। मगरहरूको धार्मिक परम्परा अनुसार छैटौँ दिनमा भावी (भगवान) आएर उसको भाग्य निर्धारण गरिदिनु हुन्छ भन्ने जनविश्वास छ। बच्चा जन्मेको छैटौं रातमा भाबलि कर्म लेख्छ भन्ने चलन भए पनि कुनै कार्यक्रम गरेको पाइँदैन।

## ६.२ अन्नप्राशन

मगर समाजमा छोरा ५ महिना र छोरी ६ महिना पुगेपछि शुभ दिन पारेर अन्नको प्रसाद ख्वाँउने संस्कारलाई अन्नप्राशन भनिन्छ। अन्नप्राशन गर्दा बालकलाई स्नान गराएपछि सफा कपडा लगाइ दिएर पितृ पूजा गरी आशीर्वाद दिदै मीठो चीजको परिकारले जुरेको व्यक्तिले दही चामलको टीका लगाई आशीर्वाद दिदै बच्चालाई अन्न ख्वाइ दिने गर्दछन् । सो दिन आफ्नो कुल देवताको नाममा कुखुराको बास्ने भाले काटी अगेनामा पूजा गर्ने, काँचो चामल, काँचो दुधमा मिसावट गरी पितृलाई चढाउने चलन छ। सो दिन आफ्ना नाता कुटुम्ब सबैलाई डाक्ने र सम्पूर्ण आमन्त्रित पाहुनाहरूलाई रीतिरिवाज र गच्छे अनुसार भोज ख्वाउने गरिन्छ। उक्त दिनमा भोजमा सहभागी हुनेहरूले आफूले सक्दो दक्षिणा पनि राख्नुपर्छ। यस दिनदेखि बच्चालाई भात खुवाउन सुरु गरिन्छ।

## ६.३ नाककान छेड्ने संस्कार

मगर जातिमा अन्य जातिको झैं छोरीको नाक, कान र छोराको कान छेड्नु पर्ने चलन छ। नाक, कान नछेडेमा भूतप्रेतले सताउँछ भन्ने उनीहरूको परम्परागत विश्वास पाइन्छ। यो संस्कार बच्चा सानै छदा छेडिदिए राम्रो हुन्छ भन्ने पनि सुनिन्छ। यसकोलागि शुक्रबार पारेर जुनसुकै वेला पनि छेड्ने चलन छ।

## ६.४ छेवर संस्कार

मगर जातिमा बिजोर वर्ष पारेर ३ वर्षदेखि ५,७,९ वर्ष भित्रमा छेवर गर्ने परम्परा छ। सो दिन बच्चाको बुबा र मामाको उपस्थिति अनिवार्य मानिन्छ। कपाल काट्न विशेष गरी शुक्रबार, बिहीवार, सोमबार र बुधवारलाई शुभ मानिन्छ भने अन्य बारमा कपाल काट्न हुदैन भन्ने मान्यता रहेको छ। छेवर संस्कारलाई चूडाकर्म पनि भन्ने चलन रहेको छ। छेवर गर्दा कुन नाम गरेकालाई जुरेको छ सोही नामकाले वा जुरेमा कुटुम्बले भए पनि कपाल फालिदिने चलन छ। सो दिन बच्चालाई कन्दनी, भोटो, कछाड, आस्कोट भाङ्ग्रा टोपी लगाइ दिइन्छ। सो दिनमा बालकलाई गाई गोठ वा नभएमा शुद्ध ठाउँमा लगि गणेश र लक्ष्मीको पूजा गरिसकेपछि उसलाई बोकेर बाजागाजा सहित घरमा

ल्याइन्छ । अनि सम्पूर्ण देवी, देवता, भुमे, बराहलाई सम्झेर पूजा दिने, पितृहरूलाई सम्झेर पानी तर्पण र शुद्ध प्रसाद चढाउने, अगेनामा जेठा रामचन कुलको नाममा पूजा गरी सकेर मूल ढोकामा धूप, दीप, फूलपाती अक्षता आदिले मामाले घरमा ल्याएको बच्चा (छेवर गर्ने बच्चा) को स्वागत गरिन्छ । त्यसपछि बाजेबज्यै, माता पिता, इष्ट मित्र, पाहुना आदिबाट "हाम्रो चलि आएको वेशभूषा, भाषा र परम्परा यही हो" तिमीले हाम्रो धर्म, कर्म, कुलको रक्षा गर्नु पर्दछ भनी दही अक्षताको टीका लगाएर आशीर्वाद दिई जाति संस्कारको परिचय दिन्छन् । बालकले ती सबैलाई शिर झुकाई ढोग दिनु पर्दछ । बाबु आमाले बच्चाको नजिक बसेर आउँने पाहुनाहरूको स्वागत गर्दछन् ।

## ६.५ गुन्यु चोली दिने

मगर समाजमा छोरालाई छेवर संस्कार गरे झै छोरीलाई बिजोर वर्ष ५,७ या ९ वर्षको उमेरमा शुभ दिन पारेर बुधवार, बिहीबार वा शुक्रबार गुन्युचोलो दिइन्छ । सो दिनमा नानीलाई नुहाइ दिनु पर्दछ । त्यसदिन आमाको उपस्थिति अनिवार्य मानिन्छ । आमाले नानीको कपाल काटी कपालमा 'फूर्को' लगाइदिनु पर्दछ । त्यस पछि नयाँ कपडाको गुन्युचोलो लगाई "ल छोरी आजदेखि गुन्यु चोलीको कार्य पूरा भयो" भनी दिनुपर्दछ । त्यहाँ उपस्थित सबैले दियो, कलशको पूजा गरी नानीलाई टीका लगाई आशीर्वाद दिने चलन छ । अन्तमा उपस्थित सबै कुटुम्ब घर छिमेकी पाहुना आदिले खाना खाई नाचगान गरी रमाइलो गर्दछन् ।

## ६.६ विबाह

मगर समुदायमा विबाहको मौलिक परम्परा पाइन्छ । यसमा ब्राम्हाण, क्षेत्रीको वैवाहिक परम्पराको मिश्रण पाइन्छ । विबाह प्राय आफ्नै जातमा गरिनु पर्दछ भन्ने धार्मिक तथा सामाजिक मान्यता रहेको छ । विबाह गर्ने उमेर परिपक्व भएपछि वर पक्षले बधू खोज्ने (रोज्ने) चलन छ । त्यसमा बधूको पनि स्वीकृति आवश्यक हुन्छ । विबाह प्राय केटीको १५ देखि २० वर्ष र केटाको २० देखि २५ वर्ष भित्रमा हुने गर्दछ । यिनीहरूमा ठाउँ हेरी मामाचेली, फूपूचेला तथा फूपूचेली, मामाचेला बीच विबाह हुने गर्दछ । यहाँका मगर जातिले विबाह गर्दा केटाकेटीको बीचमा एक आपसमा मन परेको खण्डमा केटाले

आफ्नो घर लान्छ। ३ दिन भित्रमा सोधनी आउने चलन छ। सोधनी पश्चात् रक्सी लगाउने माइती पक्षमा चलन छ। त्यसपछि आफूले अनुकुल मिलाएर विबाह गर्ने माइती भेट्ने चलन पनि छ। मगर जातिमा मामाचेली फुपू चेला पनि विबाह गर्ने चलन छ। आफ्नो मामाको छोरी मन नपराएमा बाहिर खोज्ने चलन छ। मागी विबाह पनि यहाँका मगरहरूमा भएको चलन हो। मागी विबाह गर्दा केटीलाई सुन पैसा दिन्छु भनेर फकाउनु पर्दछ। यसरी फकाएर मागी विबाह गर्ने चलन रहेको छ। यस जातिमा विबाहमा धेरै खर्च गर्नुपर्छ भन्ने मान्यता छैन। दाइजोको आवश्यकता पर्दैन। सामान्य खर्चले पनि विबाह गर्न सकिन्छ। यस जातिको विबाह मेलापातको अवसरमा बढी हुने गर्दछ। मेलापात मानेर मेलामा पैसा बढी खर्च गर्ने र खेलकुदमा बढी चासो राख्ने यहाँका मगरहरूको मान्यता रहेको छ। प्रायः गरेर विदेश गएर पैसा कमाएर विबाह गर्ने चलन यहाँका मगरहरूमा रहेको छ। कुनै कारणले लोग्ने चित्त नबुझी अर्कोसँग गएमा जारी तिर्नु पर्छ। जारीमा लगाएको रक्सीको पैसा र विबाह खर्च दिनु पर्छ।

## ६.७ चौरासी पूजा

चौरासी पूजा गर्नको लागि १००० पूर्ण चन्द्रमा देखेपछि चौरासी गर्न योग्य हुने कुरा यहाँका मगर जातिको मान्यता रहको छ। चौरासी वर्ष पूरा भएमा चौरासी पूजा लगाउने गर्छन्। यस कार्यमा बाहुन नै बोलाइ जग्गिया लगई चौरासी पूजा लगाउने चलन छ। चौरासीमा नारायण पूजा पनि लगाउने चलन रहेको छ। यो पूजा केही खर्चिलो पनि हुने भएर जो कोहीले गर्न नसकेको पाइन्छ। यस अवस्थामा छरछिमेकी नातागोता कुल कुटुम्ब डाँकी भतेर गर्ने गरिन्छ। सो दिन भजन र पञ्चैबाजा बजाएर डोलीमा बोकेर चौरासी गर्ने व्यक्तिलाई डुलाउने गरिन्छ। चौरासी गर्ने व्यक्तिले पनि सबै व्यक्तिलाई टीका लगाई आशीर्वाद दिन्छन्।

## ६.८ मृत्यु संस्कार

यो संस्कार मगर जातिमा तेह्र दिनसम्म गरिने संस्कार हो। यो संस्कारमा जब मान्छेले प्राण त्याग गर्दछ त्यस पछि दागबत्ती दिनुपर्ने हुन्छ। जुनदिन दागवत्ती दिइयो सोही दिनदेखि पहिलो दिन सुरु हुन्छ। मान्छे मरेपछि दागबत्ती दिएर बासको काठमा राखी

कोराले तथा पाटले ढाकेर जलासयमा लगि पोल्ने चलन छ। घरबाट शवयात्रा सुरु भएपछि शवको अगाडि, पछाडि, जौ तील, कुश, धान, पैसा, मास इत्यादि फ्याक्दै दाह संस्कार गर्ने स्थलमा पुग्ने गर्दछन् । शव सेलाई फर्केपछि घरमा आएर सबै मलामीले अनि (खाजा) खाने चलन पनि छ । खाजा खानु अगाडि गहुँत खाने छर्कने चलन यहाँका मगर जातिमा रहेको छ । १३ दिनसम्म कोरामा बसी मृत्युवरण गरेका पितृको दु:ख बार्ने चलन छ। कोरा परेको अवस्थामा कुटुम्ब प्रमुख रहन्छ। पिण्ड दिनको लागि गाउँको त्यस सम्बन्धी जानकार व्यक्तिले सिकाउँछ र सोही अनुसार कार्य गर्दछन् । १३ औ दिनमा पनि बाहुनको आवश्यकता पर्दैन । गाँउको जान्ने बुझ्ने व्यक्तिले सम्पूर्ण कार्य गराउँछ । १३ दिनसम्म कोरा र किरियापुत्रीलाई सहयोग गरेबापत कुटुम्बलाई आफ्नो क्षमता अनुसार सैयादान पनि गर्ने चलन छ। यो कार्यमा खट्नु कुटुम्बको कर्तव्य ठहरिन्छ। १३ औ दिनसम्म किरियापुत्रीले पँधेरोमा नुहाउने खाना खाने पँधेरो तथा घरमा पनि खाने गरिन्छ । बाबु आमा मरेमा छोराहरूले कपाल खौरने र कोरा बस्ने गर्दछन्। श्रीमान् मरेमा श्रीमतीले कपडा उल्टो लगाएर कोरा बस्ने चलन छ। चुरापोते फोर्ने चलन छ। दाजुभाइले बाह्रौ दिनमा नुन छुने र १३ औं दिनमा खाने गर्दछन् । १२ दिनको राति पितृ चराउने भनी सबै दाजुभाइ जम्मा हुने गर्दछन्। यसरी मृत्यु संस्कार चलेको पाइन्छ। मरेको १ वर्ष पुगेपछि बत्ती बालिदिने गर्छन् ।

## ६.९ श्राद्ध संस्कार

श्राद्ध संस्कार पनि यहाँका मगरहरूमा रहेको छ । श्राद्ध गर्दा आफ्ना पितृको तिथि खास थाहा नभएको पाइयो । सोह्र श्राद्धमा औँशीका दिन कालीगण्डकी नदीमा गई सम्पूर्ण बन्धुहरू कपाल फाली पिण्ड चढाउने गर्छन्। सोह्र श्राद्धमा यिनीहरू आँखेटिमुर, लसुन, प्याज मात्र बार्ने गर्दछन् । खास मरेको तिथिमा श्राद्ध गर्ने चलन छैन ।

## ६.१० धामी झाँक्री प्रथा

मगर समाजमा धामी झाँक्री प्रथाले हालसम्म पनि जरा गाडेको पाइन्छ । तापनि सो प्रथाको कुनै वैज्ञानिक र वस्तुनिष्ठ आधारहरू पाइँदैनन् । उनीहरू कोही व्यक्ति बिरामी हुँदा वा घरमा कुनै आपत विपत अनिष्ट भएमा धामी झाँक्री राखी सो रोग वा

आपत्तिबाट मूक्त हुने प्रयास गर्दछन्। उनीहरू भूत-प्रेत, वोक्सी तथा झ्यास झुसमा समेत विश्वास गर्ने गर्दछन् जसले वेला वखतमा दुःख दिन्छ भने जनविश्वास छ। यो कार्य प्राय रातमा गरिन्छ। झाँक्रीको तन्त्रमन्त्रद्वारा यसको कार्य सम्पन्न गर्दछन्। यसको साथै सो अवसरमा धूप, दीप, फूल, अक्षता आदि पनि आवश्यक हुन्छ। अन्तमा झाँक्रीले आफ्नो शरीर कम्पन्न भएको बखत सो रोग वा आपत्ति निवारण गर्ने उपाय बताउँछ। शुभ दिन पारेर झाँक्रीद्वारा नै सम्बन्धित व्यक्तिको रोग वा अनिष्ट निवारण गर्न पूजा विधि गर्ने चलन छ। कोही व्यक्तिहरू यसबाट आफूलाई सन्चो भएको कुरा व्यक्त गर्दछन्। यसको मूलकारण उनीहरूहको त्यसप्रतिको विश्वास र आत्मसन्तुष्टि हुन सक्छ। अस्पताल गएर रोग निको नभएको खण्डमा मात्र धामी झाँक्रीमा जाने बहुसख्यक जनता छन्। पहिला पहिला धेरै धामी झाँत्र्ी संस्कारमा विश्वास गर्ने चलन थियो। तर अहिले स्वास्थ्य संस्थाहरूको परिपूर्ति तथा शैक्षिक स्तर पनि माथि उठ्दै गएकाले यी सबै कुराहरूलाई अन्धविश्वासको रूपमा हेर्ने परिपाटीको रूपमा विकास भए पनि पूर्ण रूपमा हट्न सकेको छैन।

## ६.११. नातेदारी

अन्य समुदायमा झै मगर समुदायमा नातेदारी व्यवस्थाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। मगर जातिमा जन्मदेखि मृत्युसम्मका शुभदेखि अशुभ सबै प्रकारका कार्यमा नातेदारको उपस्थिति अनिवार्य मानिन्छ। चाहे छेवर संस्कार होस् चाहे मृत्यु संस्कार कुटुम्बको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, तीज आदि चाडपर्वमा छोरीलाई माइतीघर बोलाएर खाना ख्वाउने परम्परा छ। मृत्यु संस्कारमा पनि मृतक परिवारलाई लुगा फेराउने, सरसमान जुटाउने र खाना पनि ख्वाउने काम कुटुम्बबाट नै गर्ने चलन छ।

मगर समुदायमा ब्राह्मण क्षेत्री समुदायमा जस्तो मान मर्यादा गरेको भेटिँदैन। आफूभन्दा ठूलो तथा आफूले मान्नु पर्ने मान्यजन कुटुम्ब सबैलाई तिमी नै भनी सम्बोधन गर्दछन्। विभिन्न चाडपर्व तथा संस्कारमा छरछिमेकीलाई निमन्त्रणा गरेर धार्मिक तथा संस्कृतिक कार्य गर्दछन्। अन्तमा पर्व तथा संस्कार अनुसारको भोज खाइ नाचगान गरी मनोरञ्जन लिई मैत्रीपूर्ण भाबनालाई झन् दरिलो बनाउँछन्। मगरहरूमा मित लगाउने

चलन पनि छ। यिनीहरूको सम्बन्ध सहोदर दाजुभाइको जस्तो हुन्छ। कुनै पनि सामाजिक तथा धार्मिक संस्कारमा मितलाई निमन्त्रणा गर्दछन्। आउने जाने सम्पर्क बढेमा लोग्ने पक्षको र स्वास्नी पक्षको नाता भन्ने छुट्टाइँदैन। सहयोगी नातेदार जताको भए पनि महत्त्वको हुन्छ। मगर जातिमा आफ्ना इष्टमित्र नातेदारलाई जता पक्षको (श्रीमान्/श्रीमती) भए पनि मतलब राखिँदैन आफ्नै सम्झी राम्रो व्यवहार गरिन्छ।

## ६.१२ घरमूलीको भूमिका

अन्य समुदायमा जस्तै भुरुङ्ग निवासी मगर समुदायमा घरमूलीको भूमिका उल्लेखनीय हुन्छ। उसले घर परिवारको लागि गाँसबासकपासदेखि, शिक्षा, स्वास्थ्य आदि सम्पूर्ण पक्षको जिम्मेबारी वहन गर्नुपर्ने हुन्छ। घरको सम्पत्ति, जायजेथा, घरमूली (घरको जेष्ठ व्यक्ति) नै किनबेच गर्दछ। त्यसमा श्रीमतीको रायसल्लाह भने लिने गर्दछन्। घरमूलीहरू सैनिक तथा प्रहरी सेवा मात्र नभई लाहुरे हुन विदेश जाने गर्दछन्। सो अवस्थामा घरमा सम्पूर्ण घरमूलीको भूमिका उसको श्रीमतीले निर्वाह गर्नुपर्दछ। आफ्ना श्रीमान्को राय सल्लाहमा र कतिपय अवस्थामा स्वविवेकले उनले विविध सामाजिक, धार्मिक तथा आर्थिक कार्यहरू सम्पन्न गर्दछन्। ब्राम्हाण क्षेत्री समुदायको जस्तो घरमूलीले सम्पूर्ण अधिकार आफूले लिँदैनन् परिवारलाई उसले जिम्मेबारीपूर्ण कार्यमा अधिकारहरू सुम्पेका हुन्छ। समग्रमा भन्दा परिवारको लागि गाँसबास, कपास, शिक्षा, स्वास्थ्य आदि सम्पूर्ण पक्षको खर्च जुटाउने काम पुरुषको हुन्छ भने त्यसको बाँडफाँड गर्न कार्य बढी महिलाको हुन्छ।

## ६.१३ मगर समुदायमा नारीको अवस्था

समाजमा उच्च जाति मानिने ब्राह्माण, क्षेत्रीको भन्दा मगर समुदायमा नारीको अवस्था स्वतन्त्र मात्र हैन, उच्च स्थानमा रहेको छ। यस अध्ययन क्षेत्रका नारीहरूका श्रीमान् काम र मामको खोजीमा विदेश जाने हुँदा परिवारको पालनपोषणदेखि लिएर घरको सम्पूर्ण काम श्रीमतीले नै गर्नुपर्ने हुन्छ। पहिला प्राय छोरालाई पढाउने चलन भए पनि हाल छोराछारी दुवैलाई पढाउने गरेको पाइन्छ।

विबाह संस्कारमा पनि नारीलाई खासै कडा रूपमा हेरिदैन । मागी र प्रेम विबाह जुन विबाह गरेपनि पतिसँग कुरा नमिलेमा पत्नीले समाजले तोकेको दस्तुर तिरी सम्बन्ध विच्छेद गर्न सक्छिन् । महिला वा पुरुष जो सुकैले सम्बन्ध विच्देछ गर्न चाहेपनि उसले समाजले तोकिदिएको दस्तुर तिरेपछि सम्बन्ध बिच्छेद गर्न पाउँछ । फेरि महिलाले पुनर्बिबाह गर्न पाइन्छ । साथै विधवा विबाहलाई पनि खासै नराम्रो दृष्टिले हेरिदैन ।

सायद हिन्दू धर्मको प्रभावबाट होला, मगरहरूको छोरी भन्दा छोरालाई महत्त्वपूर्ण स्थान दिइए पनि कमसेकम एउटी छोरी हुनुपर्दछ भन्ने मान्यता राख्दछन् । किनकि छोरीको विबाहपछि छोरी, भान्जा (ज्वाइँ) बाट उनीहरूले हर प्रकारको सहयोग पाइरहन्छन् । यहाँका सबै मगर जातिका मानिसहरूका एउटी मात्र श्रीमती भएको देखिन्छ । यदि उसले अर्को विबाह गरेमा तुरुन्त पहिलाको श्रीमतीले सम्बन्ध विच्छेद गरेको पाइन्छ ।

## ६.१४ मगर समुदायको अन्य जातजातिसँगको सम्बन्ध

मगरहरू लेक तथा विकट पहाडी भागमा बसोबास गर्ने हुँदा यिनीहरूको अन्य जातजातिसँग कमै मात्रामा सम्बन्ध भएको पाइन्छ । यिनीहरू बढी आफ्नै जातजातिसँग हेलमेल गर्न, सम्बन्ध गाँस्न तथा सहयोग दुःख सुख आदान प्रदान गर्न मन पराउँछन् । सायद जातीय कारणले यिनीहरूलाई तल्लो स्थानमा राखिनु तथा बसेको ठाँउछाडी अन्यत्र नजानाले पनि सम्बन्धको दायरा सङ्कुचित भएको हुनसक्छ ।

आजकलका नव युवायुवतीहरूमा भने शिक्षा तथा जनचेतनाको क्रमिक विकास, देश विदेशको यात्रा आदि कारणले पुरानो पुस्ताको जस्तो नभई जातीय सम्बन्धमा फराकिलोपन पाइन्छ । पुरानो पिढीमा पनि केही सुधार आउँन थालेको भेटिन्छ ।

अध्ययन क्षेत्रमा रहेका मगरहरूमा पनि विदेशी संस्कृतिको प्रभाव, शिक्षा र चेतनाको विकासको साथै देशमा आएको परिवर्तनले गर्दा जातीय सम्बन्धको दायरा फराकिलो भएको पाइन्छ । अध्ययन क्षेत्र भित्र बस्ने केही मगरहरूको अन्तर्जातीय विबाह भएको पनि भेटिएको छ ।

## ६.१५ मगर संस्कृतिमा निरन्तरता र परिवर्तन

मगर जातिमा कतिपय आफ्नै किसिमका मूल्य मान्यता र संस्कारहरू पाइन्छन् जसलाई उनीहरू हालसम्म पनि अनुसरण गर्दै आएको पाइन्छ । जस्तै जन्म, छैटौं

जगाउनु, छेवर, पास्नी, विबाह, मृत्यु, धर्म देवी, देवता, चाडपर्व, नाचगानमा पुरानै संस्कार तथा विधि अपनाइएको पाइन्छ । यस बाहेक भाषा, खानपिन घरबास, पहिरन, भाँडावर्तन, परिवार, नातेदारी जस्ता पक्षमा पनि मगर समुदायको आफ्नै संस्कृतिक झलक पाइन्छ ।

आज हरेक क्षेत्रमा आएको परिवर्तन तथा आधुनिकीकरण र पश्चिमीकरणको प्रभाव सँगै मगर समुदाय क्रमश परिवर्तन हुदै गइरहेको छ । उनीहरूले आफूले अपनाउँदै आइरहेका रीतिरिवाज, चालचलन, सामाजिक मूलयमान्यता तथा कार्य प्रणालीमा परिवर्तनका सङ्केतहरू देखिन थालेका छन् । युवा पुस्ताहरूमा पुराना सामाजिक मूल्यमान्यता, चालचलन तथा संस्कारहरूप्रति कम विश्वास हुदै गएको पाइन्छ । धामी झाक्री प्रथाप्रति विश्वास घट्दै गएको पाइन्छ । खेतीपाती, पशुपालन तथा माहुरीपालन कार्यमा कमी हुँदै गएको पाइन्छ भने शिकार खेल्ने प्रचलन त पूर्ण रूपमा हट्दै गएको पाइन्छ । परम्परागत पेसा, चोया, कोत्रा, डोको नाम्लो भकारी बन्ने कार्यमा कमी आउँदै गएको पाइन्छ । छोरीलाई पनि छोरा सरह पढाउनु पर्ने मान्यताको विकास भएको छ । राजनीतिमा पनि सूक्ष्म रूपमा चासो देखाउन थालेका छन् । गाउँका राजनीतिक तथा सामाजिक सङ्घसङ्गठनहरूमा पनि उनीहरूको सहभागिता देखिन्छ । ब्राम्हण क्षेत्री जस्ता हिन्दू धर्मालम्वीहरूको प्रभावको कारण विभिन्न चाडपर्वहरू लगायत धार्मिक कार्यहरू तथा संस्कारहरू पुरोहितद्वारा गर्ने चलन बढदै गएको पाइन्छ ।

यसरी एकातिर मगर संस्कृतिमा निरन्तरता पाइन्छ भने परिवर्तनका सङ्केतहरू पनि दिनप्रतिदिन बढ्दै जाँदा मगर संस्कृति लोपोन्मुख भएकोले यसमा सम्बद्ध पक्ष मानवशास्त्री, समाजशास्त्री लगायत चेतनशील वर्ग समयमै सचेत हुनुपर्ने देखिन्छ । अन्यथा मगर संस्कृतिको कुनै पहिचना तथा अस्तित्व रहने देखिँदैन ।

## अध्याय-७

# मगर जातिको सांस्कृतिक जीवन

### ७.१ भाषा

अन्य जातिको झै मगरहरूको आफ्नै भाषा छ। यो प्राचीन भाषा हो। नेपालमा बोलिने मगर भाषा भोट बर्मेली परिवार अन्तर्गत बोलिने भाषा हो। जसको आफ्नै लिपि छ। भाषा मूल रूपमा सञ्चारको माध्यम हो। भाषालाई मानवको आफ्ना आवश्यकताहरू परिपूर्ति गर्ने सहज माध्यमको रूपमा लिन सकिन्छ। अध्ययन क्षेत्रका मगरहरूले राष्ट्रभाषा नेपालीलाई दैनिक प्रयोजनमा ल्याएको पाइन्छ। उनीहरूले सुरुदेखिनै परिवारमा नबोलिने भएकोले मगर भाषा आफूलाई बोल्न नआउने बताउँछन्। त्यस क्षेत्र वरिपरि क्षेत्री, थकाली, दलित लगायतका जातजातिहरूसँग सम्पर्क हुने भएकोले नेपाली भाषा नै प्रयोग गर्दछन्। अध्ययन क्षेत्रमा रहेका मगरहरू कसैले पनि मगर भाषा बोल्दैनन्। साना केटाकेटीदेखि बूढापाका सबैले नेपाली भाषा नै बोल्दछन्। यसरी सबै मगरहरूले नेपाली भाषा नै प्रयोग गर्ने भएकोले उनीहरूको मातृभाषा नै नेपाली भाषा बन्न पुगेको छ। यहाँका मगरहरू नेपाली भाषा बोल्दा अन्य जातजातिहरूले भन्दा छुट्टै लवज निकालेर बोल्ने गर्दछन्। अध्ययन क्षेत्रका मगरहरूको मगर भाषा भन्ने चिनारी नै लोप भएको छ।

### ७.२ धर्म

नेपालमा विभिन्न धर्मालम्बीहरू बसोबास गर्दछन्। जस्तै हिन्दू, बौद्ध, क्रिस्चियन, इस्लाम इत्यादि। नेपाल धार्मिक सहिष्णुताको मुलुक हो। मगरहरू वास्तवमा कुन धर्मालम्बी हुन् भन्ने बारेमा विभिन्न विद्वान्हरूद्वारा विभिन्न तर्क गरेको पाइन्छ। कोही विद्वान् मगरहरू बौद्ध धर्मालम्बी हुन् भन्छन् त कोही हिन्दू धमर्मालम्बी भन्दछन्। कसैले त उनीहरूलाई प्रकृतिपूजक 'बोन' धर्मालम्बी हुन भनी भन्दछन्। नेपालमा बसोवास गर्ने मगरहरू सुरुमा हिन्दू धर्म अपनाउँथे भने हालका वर्षमा ठाउँ-ठाउँमा स्थापना भएका मगर सङ्घहरूको निर्देशनमा हिन्दूधर्म र परम्परालाई त्याग्दै बौद्ध धर्म अबलम्वन गर्न थालेका छन्। यतिमात्र नभएर पाठ पूजा सम्पन्न गर्दा ब्राम्हणहरूलाई लगाउनुको सट्टा आफ्नै नाता कुटुम्ब भान्जा (ज्वाइँ) लाई बोलाउँछन्।

अध्ययन क्षेत्रमा भने हिन्दू मगरहरूको मात्रै बसोबास नभएर क्रिस्चियन मगरहरूको पनि बसोबास रहेको छ। हाल क्रिस्चियन धर्म मान्ने मगरहरू पहिला हिन्दू धर्म मान्दै आएका थिए।

**तालिका ७.१**

**धर्म अनुसारको जनसङ्ख्याको वितरण**

| क्र.सं. | धर्म | घरसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दू | ७७ | ९५.०६ |
| २. | क्रिस्चियन (इसाई) | ४ | ४.९४ |
| | जम्मा | ८१ | १०० |

*स्रोत : घरधुरी सर्वेक्षण, २०६६*

## ७.३ घरको संरचना

मगरहरू खासगरी लेकतिर बसोबास गर्ने हुनाले यिनीहरूको बसोबासमा त्यहाँको भौगोलिक बनावट तथा हावापानीले त्यत्तिकै प्रभाव पारेको छ। यहाँका मगरहरूको घरको बनावट पुरानै प्रकृतिको छ। आधुनिक खालका र सिमेन्ट ढलान गरेका घरहरू यहाँ छैनन्। यहाँका उत्तरदाताहरूको घर ढुङ्गाले छाएका, टिनले छाएका र खरले छाएका हुन्छन्। काठ प्रशस्त पाउने भएकोले कोठाहरू पाटेसनको लागि काठको फलेक पनि प्रयोग गरिन्छ। सबै जसो घरहरू काठ, ढुङ्गा र माटोले बनेको पाइन्छ। यहाँका घरहरूको एकतले दुईतले दुवै प्रकृतिका हुन्छन्। यहाँका घरहरू सबै पूर्वतिर फर्केका छन्। एकल वा संयुक्त परिवार यस्तै घरमा मिलिजुली बसेको पाउन सकिन्छ। खाना पकाउने देखि बैठक कोठा, भण्डारकोठा त्यही घरमा हुन्छन्। शौचालय भने सीमित घरले मात्रै बनाएको पाइन्छ। गल्ली, जङ्गल, खेत, बारी, पाखो र खोल्साखाल्सीलाई शौचालयको रूपमा प्रयोग गर्दछन्। सायद शिक्षा जनचेतनाको कमी तथा गरिबी नै यसको मूल कारण हुनसक्छ। हरेक घरमा पशुपालनको निमित्त गोठ बनाइएको हुन्छ। गोठ बनाउँदा प्राय दुई तले बनाइएका हुन्छन्। तल्लो तलामा गाईवस्तुहरू राख्ने गरिन्छ भने माथिल्लो तल्लामा गाई वस्तुका लागि सुख्खा घाँस (खर, नल) राखिएको हन्छ।

घरहरू रातो र कमेरो माटोले (सेतोमाटो) ले बेला बेलामा तथा विशेष गरी चाडपर्वका बेलामा लिपपोत गर्ने गर्दछन् । आजकल प्राय सबै घरले बिजुली वत्ती र खानेपानीको सुबिधा लिने गरेको पाइन्छ ।

## ७.४ खानपान

कुनै पनि ठाउँका मानिसहरूको खानपान त्यस ठाउँको भू-धरातल र हावापनी अनुसार निर्धारण हुन्छ । सोही अनुसार यहाँका मगरहरू ढिडो, रोटी, दाल, भात, तरकारी र मासुजस्ता खाना खाने गर्दछन् । यहाँका प्रायजसो मगर समुदायहरू बिहान र बेलुका खाना खाने र दिउसो खाजा खाने गर्दछन् । बिहान खाना खाइसकेपछि दाउरा, घाँसको लागि जङ्गल तथा खेतीमा काम गर्न जाने गर्दछन् । दिनभरिको थकाइ मेटाउन बेलुका जाँडरक्सी पनि खाने गर्दछन् । चाडपर्वको समयमा त जाडँरक्सी र खसी, कुखुरा वा भैँसीको मासु खुब खाने तथा नाचगान गरी रमाइलो गर्दछन् । भिरालो प्रकृतिको जमिन भएकोले यहाँ भैँसी कम पालिन्छ । भैँसीले दुध दिने बेलासम्म दुध र घिउ खाने गर्दछन् भने भैँसी थारो भएपछि काटेर मासु खाने गर्दछन् । यिनीहरू बेलाबेलामा खाजाको रूपमा आलु उसिनेर टिमुरको छोप (चटनी) सँग खुब मिठो मानेर खाने गर्दछन् । टिमुरको चटनी उनीहरूलाई असाध्यै मन पर्ने हुँदा आफ्नै गाउँघरमा उपलब्ध यस जडीबुटीलाइ उनीहरू जुनसुकै खाना तथा अपच हुँदा, पेट फूल्दा समेत औषधिको रूपमा प्रयोग गर्दछन् ।

सिञ्चाइको अभाव तथा धान खेतीको लागि प्राय अनुपयुक्त जमिन भएकोले भुरुङ निवासी मगर समुदायहरू नजिकको बजार तातोपानीबाट आवश्यक चामल तथा अन्य सामग्रीहरू खरिद गर्दछन् । तर आफ्नै उत्पादनलाई बढी मन पराएर होला वा आफ्नै पुर्खाले खाँदै आएको खान भएर होल सम्पन्न मानिसहरू पनि प्राय ढिँडो नै खान रुचाउँछन् । यिनीहरू मकै, कोदो, फापर तथा भटमासबाट बन्ने खानाहरू प्रयोग गर्दछन् । तरकारीहरूमा रायो, बन्दा, काउली, सिमी, फर्सी, करेला, आलु, आदिको प्रयोग गर्दछन् । सिमीको दाल र आलुको तरकारी त अनिवार्य जस्तै हुन्छ । यिनीहरू जङ्गलमा पाइने तरकारी ढकायो, लसुने साग, हलहले आदि पनि खुब मीठो मानी तरकारी बनाएर खान्छन् । यहाँका पुरुष तथा महिलाहरू दुवैले जाँडरक्सी पिउने गर्दछन् । यहाँका मगरहरूले सिस्नो पनि खान्छन् । बजार बिस्तारका कारण आजकल उनीहरू चिया, चाउचाउ, बिस्कुट जस्ता वस्तुको समेत उपयोग गर्दछन् । जे होस भुरुङ निवासी

मगरजातिहरू त्यहाँको भौगोलिक बनावट तथा हावापानीकै समायोजनमा विविध खानेकुराहरूको उपयोग गर्दछन् ।

**तालिका ७.२**

**चाडपर्वमा खाइने विशेष खानाका प्रकारहरू**

| चाडपर्व | खाना |
|---|---|
| दशैं | भात, मासु, रोटी, रक्सी |
| तिहार | कुभिण्डो, दुध, रोटी, रक्सी |
| माघेसङ्क्रान्ति | तरुल, चिउरा, रक्सी |
| साउने सङ्क्रान्ति | रोटी, आलु, टुसा, रक्सी |
| भुमे पूजा | छयाङ्ग, मासु रोटी, रक्सी |
| वाराह पूजा | मासु, रक्सी, रोटी |

*स्रोत : घरधुरी सर्वेक्षण, २०६६*

## ७.५ वेशभूषा

यहाँका मगर जातिहरू मध्ये पनि बुढापाकाहरूको वेशभूषा मगर जातिको प्राचीन सभ्यता र संस्कृतिको पहिचान दिन सक्ने खालको छ। बुढापाका पुरुषहरू विशेषगरी कछाड, टोपी, भोटो, भाङ्ग्रा, इष्टकोट कमिज आदि लगाउँछन् भने बुढापाका महिलाहरू गुन्यु चोलो लगाउने तथा कम्मरमा पटुका बाँध्छन् र खास्टो ओढ्छन् । हालका मगर युबाहरू सर्ट, पाइन्ट गलबन्दी, कोट, ज्याकेट, कट्टु तथा जुत्ता, चप्पल लगाउँछन् । युवतीहरू सर्ट, पाइन्ट, टिसर्ट, फक, चोलो ब्लाउज, लुङ्गी, कुर्ता सुरुबाल, जुत्ता, चप्पल आदि लगाउँछन् । आजकल भने बुढापाकाको पहिरनमा पनि आधुनिक फेसनको प्रभाबले केही लचकता आएको पाइन्छ ।

मगर समुदायका केही सम्पन्न लोग्ने मानिसहरूले घाँटीमा सुनको सिक्री तथा हातमा औँठी लगाउँछन् । घडी भने समय हेर्नु पर्ने भएर होला प्राय सबैले लगाँउछन् । महिलाहरू नाकमा फुली, बुलाँकी, कानमा रिङ वा टप, घाँटीमा पोते, तिलहरी तथा

सुनको सिक्री लगाउँछन् । विवाहित महिलाहरू मात्र पति जीवित छउन्जेल हातमा काँचको चुरा लगाउने गर्दछन् ।

## ७.६ भाँडाबर्तन

मगरहरू खाना बनाउन तथा खानको लागि सिलोट, तामा, आल्मोनियम, पित्तल तथा स्टीलका भाडाँकुडाहरू प्रयोग गर्दछन् । आजकल प्लाष्टिकका विभिन्न समानहरू पनि प्रयोग गरेको पाइयो । खाना बनाउँन सिलवटको तसला तथा कराई प्रयोग गर्दछन् भने हाल केही सम्पन्न परिवारहरूमा राइस कुकर तथा प्रेसर कुकरको प्रयोग गरेको पाइन्छ । खाना खानको लागि स्टिल, सिलवटका थाल कचौरा तथा चरेसका थाल कचौरा प्रयोग गरेको पाइयो । चिया तथा पेय पदार्थ पिउन विभिन्न स्टिल तथा काँचका गिलाँस र कप प्रयोग गर्दछन् । पानी ल्याउँन भने तामा वा सिलवटका ग्रागी र प्लाष्टिकका ग्यालिन वा ड्रम प्रयोग गर्दछन् ।

## ७.७ मनोरञ्जन

जुनसुकै समुदायका मानिसहरूलाई पनि मनोरञ्जनको आवश्यकता पर्दछ । त्यसमा पनि विशेष गरेर मगर जातिलाई मनोरञ्जनको क्षेत्रमा अग्र पक्तिमा लिइन्छ । उनीहरू विभिन्न चाडपर्व तथा मेलाहरूमा नाचगान गरी जाँड, रक्सी र मासु खाई खुब रम्ने गर्दछन् ।

### ७.७.१ मेला

मेला पर्वका सौखिन मानिने मगर जातिहरू अद्वितीय ढङ्गमा मनोरञ्जन लिने गर्दछन् । उनीहरू दशैं, तिहार, माघे सङ्क्रान्ति भुमेपूजा, बरहपूजा चैतेदशैं, फागुपूर्णिमा जस्ता विभिन्न चाडपर्वहरूको अवसर पारेर उनीहरूले विभिन्न मेलाको आयोजना गर्दछन् । सो अवसरमा देश, विदेशमा बसेका युवा, युवती लगायत प्रौढहरू समेत मेलाको रमाइलो रमझममा डुब्न घर फर्किन्छन् । मेलामा विभिन्न खेलकुदको साथै रातमा नाचगान तथा विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरिन्छ । मेलामा विभिन्न ठाँउका खेलाडीहरू तथा सांस्कृतिक कर्मीहरूलाई आमन्त्रण गरिन्छ । मेला हुने सम्बन्धित ठाउँमा विभिन्न

अस्थायी भट्टीहरूको व्यवस्था गरिएको हुन्छ। जहाँ विविध खानेकुराहरू पाइन्छन्। जाँड रक्सी र मासु खाइ मात्तिनु, नाँच्नु र गाउँनु तरुनी तन्नेरी बीच सम्बन्ध बढाउनु तथा जिस्किनु मेलाको मुख्य विशेषता हो। मन पेट मिलेमा मेलाकै अवसर पारेर केटाकेटीहरू विबाह समेत गर्दछन्। मेलाको अवसरमा उनीहरू अनावश्यक खर्च गर्दछन्। निर्धन व्यक्तिहरू पनि ऋण सापटी लिएर भए पनि मेलामा खुब रमाइलो गरी मनोरञ्जन लिन्छन्। साना केटाकेटी देखि लिएर बुढाबुढीहरू समेत मेलामा गई मनोरञ्जन लिने गर्दछन्।

मगर जातिहरू प्राय दुर्गम तथा लेकहरूमा बसोबास गर्ने हुनाले मनोरञ्जनको अन्य कुनै साधन नहुनाले उनीहरूले कामको तनावबाट मूक्त हुन आफ्नै मौलिकपनबाट मेलाको विकास गरेको हुन सक्ने आधारहरू पाइन्छन्। आजकल मनोरञ्जनका आधुनिक साधानहरूको विकास हुँदै गए पनि उनीहरूमा मेलाप्रतिको अद्वितीय मोहमा कुनै पनि कमी आएको छैन।

### ७.७.२ मारुनी नाँच (पुर्ख्यौली नाच)

ऐतिहासिक (परापूर्व) कालदेखि आफ्ना पुर्खाहरूले नाचेको नाच भएको कारणले यसलाई पुर्ख्यौली नाच भनिएको हो। यो नाच मगरहरूको सांस्कृतिक पहिचान दिने नाच हो। यो नाचमा किशोर, किशोरीहरू मिलेर नाच्दछन्। यो नाच गर्दा ४ वटा मारुनी र ४ वटा मादलेको आवश्यकता पर्दछ। यस नाचमा मादले र मारुनी गोलाकार रूपमा नाच्ने चलन छ। आफ्नो भेषमा मादलेहरू मादल बजाउँदै र बीचमा मारुनी पुरुषले भेष बदलेर महिलाको भेषमा नाच्ने गर्छन। पुर्खाको पालामा महिलाहरू नाच्न हुँदैन भनेर पुरुषहरू महिलाको भेष बदली महिला बनेको भनाइ छ। मारुनीले किशोरीले जस्तै चोली फरीया लगाउँने र कम्मरमा पटुकी बाँधी गहनाहरू समेत लगाउने गर्दछन्। सुरुमा मादलेहरूले सम्पूर्ण देवी देवताहरूको नाम सम्बोधन विशेष गरी सरस्वतीको सम्बोधन गरी गाउँछन्। मारुनी गीतको लयमा छेउमा बसेका महिलाहरूले मादलेले गाएको गीत छोपी दिन्छन्। यो गीत गाउँदा गाउँदै वा नाच्दा नाँच्दै कुनै महिला वा पुरुषको शरीरमा सरस्वती चढ्यो भने बेसरी काँप्ने गर्दछन्। मादलेले मादल बजाउँन गल्ती गऱ्यो भने शरीरमा सरस्वती चढी महिला वा पुरुष बेहोस हुन्छन्। पुनः मादलेले मादलको ताल सजाएर बजाएपछि बेहोस भएकाहरू पुनः होसमा आएर नाच्ने गर्दछन्। यो मन्त्र कतै ५ आँख्ला मात्र गरेर

सिद्धिन्छ भने कतै १० आँख्लासम्म चल्छ। यस नाचमा सोह्र सोरठी भाका गाइने गर्छ। अन्य चुट्के भाका पनि गाइने गर्छ। अन्त्यमा मारुनी नाचको गीत गाउँदै देवी देवताहरूको नाम बताएर मादलको तालमा नाचेर मारुनीहरूले गाउँका मान्यजन, समाजसेवी वडाका कार्यकर्ताहरूलाई टीका लगाई आशिष दिन्छन् र टीका लगाउनेहरूले आफ्नो इच्छा अनुसारको रकम दान स्वरूप प्रदान गर्दछन्। यो रकम पुर्ख्यौली समूहमा नै जम्मा हुन्छ र आवश्यक परेको खण्डमा जुनसुकै बखत खर्च गरिन्छ। यो मारुनी नाचको कार्यक्रम विशेष गरेर भुमे पूजा, वराह पूजा जस्ता चाडपर्वहरूको अवसर पारेर पुर्ख्यौली नाच घरमा गरिन्छ।

## ७.८ चाडपर्व

अन्य क्षेत्रका मगरहरू जस्तै यहाँका मगर समुदायमा पनि हिन्दू धर्मको प्रभाव परेको छ। त्यसैले उनीहरू हिन्दूधर्मालम्बलि झैं दशैं, तिहार, तीज, साउने सङ्क्रान्ति, माघे सङ्क्रान्ति, फागु पूर्णिमा, वैशाखे सङ्क्रान्ति, श्रीपञ्चमी जस्ता विभिन्न चाडपर्वहरू मनाउने गर्दछन्। यसको साथै उनीहरू कुल देवताको पनि पूजा गर्दछन्।

प्राचीन कालदेखि नै दुर्गम लेकाली भागमा बसेका र त्यहाँ कुनै मनोरञ्जनको साधन नभएर होला मगर जातिहरू चाडपर्व र मेला भनेपछि हुरुक्क हुन्छन्। चाडपर्व मनाउँदा हिन्दू धर्म अनुसार नै मनाउँछन्। त्यसमा आफ्नो मौलिकपन समेतको सम्मिश्रण पाइन्छ। चाडपर्व मनाउँदा यिनीहरूले दिल खोलेर निस्फिक्रीसँग पैसा खर्च गरी मनाउँछन्। आफ्नो आर्थिक अवस्था कमजोर भए पनि ऋण सापटी लिएर भए पनि उनीहरू विभिन्न चाडपर्वहरू रमाइलो गरी मनाउँछन्। यहाँका मगरहरूले मनाउँने मुख्य चाडपर्वहरूको छोटो जानकारी निम्नानुसार गरिन्छ।

### ७.८.१ दशैं

अन्य हिन्दू धर्माबलम्वीहरूले झैं मगरहरूले पनि दशैंलाई ठूलो चाडको रूपमा मनाउने गर्दछन्। यो चाड घटस्थापनादेखि सुरु भई पूर्णिमासम्म मानिन्छ। घटस्थापनाको दिनमा घर घरमा जौ, मकै तिल आदिको जमरा राख्ने गर्दछन् भने सप्तमीको दिन स्थानीय कोट घरमा फूलपाती भित्र्याउँछन्। अष्टमीको दिनमा मार हान्ने चलन छ। मार

हान्दा प्रत्येक वडामा मार हानिन्छ । वडा भरिका मान्छेले आफ्नै वडाको आफ्नो भागमा परेको मासु खानुपर्छ । राँगा, भैंसी, मेडा, कुखुरा, च्याङग्रा, बोका काटी मार हान्ने चलन छ । अन्य क्षेत्रका मगरहरूले जस्तो सुँगुरको बलि दिने परम्परा यहाँ पाइदैन । किनभने उनीहरू सुँगुर पाल्दैनन् ।

दशमीको दिन घरघरमा गई मान्यजनहरूबाट टीका, जमरा लगाई आशीर्वाद लिने गर्दछन् । दशैंमा टीका लगाउँन जाँदा कोही कोसेली लैजान्छन् त कोहीले लैजादैनन् । माइत वा माबलीको घरमा टीका लगाउँन जाँदा कोसेली लैजाने चलन पनि छ । क्षेत्री बाहुनले जस्तै खास टीका दशमीको दिनमा लगाउने र टाढा टाढाको पाहुना इष्टमित्र आएमा भने पूर्णिमाको दिनसम्म पनि टीका लगाउने चलन छ । यस चाडमा आफूभन्दा ठूलोबडाको हातको टीका लगाउने र आशीर्वाद थाप्ने चलन छ । यसको साथै दशैंमा घर लिपपोत गरी सफा राख्ने, राम्रा राम्रा कपडा लगाउने आफन्तहरूसँग बसेर जाड, रक्सी, मासु तथा विभिन्न परिकारहरू खाएर रमाइलो गर्छन् । केटाकेटी तथा युवायुवतीहरू पिङ खेलेर रमाइलो गरी दिन बिताउने गर्दछन् ।

### ७.८.२ तिहार

तिहार ५ दिनसम्म मनाउने चाड भए पनि यहाँका मगरहरू तिहारको पहिलो र दोस्रो दिन काग पूजा र कुकुर पूजालाई त्यत्ति महत्त्व दिँदैनन् । औंसीको बिहान लक्ष्मीको रूपमा गाईको पूजा गर्दछन् । सो दिनमा लक्ष्मी आउँछिन् भन्ने मान्यता राखेर घरहरू लिपपोत गर्ने चलन छ । सोही दिनको मध्यरातमा आफूसँग भएको पैसा, गरगहना राखी लक्ष्मीको तस्वीरमा पूजा गर्दछन् । भोलिपल्ट गोवर्द्धन पूजा गरी घरदेखि नजिकैको बाटोसम्म तोरण बाँध्ने र गोरु, भैंसी आदिको पूजा गर्दछन् । अन्तिम दिन द्वितीयाका दिन सर्वप्रथम दिदी बहिनीले कलश, दीप पूजा गरेपछि आफ्ना दाजुभाइलाई टीका लगाइदिने, माला लागइदिने, मिठा-मिठा खानेकुरा खान दिने र दीर्घायुको कामना गर्दछन् । दिदी बहिनीले आफ्ना दाजुभाइहरूलाई रक्सी, मासु र रोटी खुवाउने चलन छ । दाजुभाइले पनि दिदीबहिनीहरूलाई टीका लगाई दिने, माला लगाई दिने र आफू सक्दो दक्षिणा दिने गर्दछन् । तिहार अवधिभरि जीम फाल्ने भनेर घरको ढोका, झ्याल पिडी आगन इत्यादिमा बत्ती बाल्ने चलन छ ।

मगर समुदायमा तिहारमा देउसी भैलो तथा जुवा तास खेल्ने गर्दछन् । विभिन्न सङ्घ संस्थाहरूबाट पनि देउसी भैलो खेल्ने परम्परा छ । गाउँका युवायुवती मिलेर पनि देउसी भैलो खेल्ने परम्परा छ । सङ्घसंस्थाबाट देउसी खेलेर उठेको रकम सामाजिक कामको लागि खर्च हुन्छ भने युवायुवती मिलेर खेलेको रकम भोज भतेर खाई रमाइलो गरी खर्च गरिन्छ । भोज भतेरमा विशेष गरी जाँड रक्सी तथा मासुलाई नै प्राथमिकता दिने गर्दछन् ।

### ७.८.३ तीज

मगर जातिले तीज पर्व पनि मनाउने गर्दछन् । भाद्र शुक्ल तृतीयाका दिनपर्ने यस पर्वमा खास गरी महिलाहरू शिवजीको आराधना गर्दछन् । बाहुन क्षेत्रीका महिलाहरूले जस्तो त्यति महत्त्व दिएको भने पाइदैन । महिलाहरू नयाँ लुगा तथा गरगहना लगाउँने तथा नाचगान गरी रमाइलो गर्दछन् । द्वितीया तिथिको दिनलाई दर खाने भनिन्छ । सो दिन उनीहरू रक्सी, मासु इच्छा लागेसम्म दिनभरिदेखि राति अबेरसम्म खाई रमाइलो गर्दछन् । भोलिपल्टको तृतीया तिथिका दिन जसलाई तीज भनिन्छ । सो दिन महिलाहरू दिनभर केही नखाई उपवास बस्ने र साँझ खिर रोटी जस्ता प्रसाद खाने र बाड्ने गर्दछन् । भएसम्म यस चाडमा खिर खानुपर्छ भन्ने चलन पनि छ ।

तीजमा विवाहित महिलाहरू आफ्ना श्रीमान्‌को सु-स्वास्थ्य र दीर्घायुको कामना गर्दछन् भने अविवाहित महिलाहरू योग्य वर मिलोस् भनी भगवानको आराधना गर्दछन् । यस चाडमा पूजा गर्दा पुरोहित बोलाएर पूजा गरिन्छ भने ब्राम्हण र कन्यालाई टीका लगाई दक्षिणा दिने गर्दछन् ।

### ७.८.४ श्रीपञ्चमी

यो दिनलाई हलसारो गर्ने दिन पनि भनिन्छ । यस दिन मगरहरू नयाँ फाली ल्याई त्यसलाई जमिनमा गाडेर खेतीबालीको पूजा गर्ने गर्दछन् । यो दिन जग्गा जोत्न मात्र नभई जग्गा दिनु लिनु वा किनबेचको लागि पनि शुभ मानिन्छ । यो दिन विद्याकी देवी सरस्वतीको पूजा गरिनुको साथै बालबालिकालाई अक्षराम्भ गर्ने उत्तम दिनका रूपमा लिने

गरिन्छ । यही दिन पारेर केटाकेटीको नाक कान छेड्ने कार्य पनि गर्दछन् । पढ्ने विद्यार्थीले पाठ्यपुस्तकको पूजा गर्ने चलन छ ।

### ७.८.५ नागे पञ्चमी

नागे पञ्चमीमा यहाँका मगरहरूले त्यति महत्त्व दिइएको पाइएन । नागे पञ्चमीमा विधि पुरा गरेर नागको पूजा नगरेपनि नजिकको बजारबाट नागको फोटो ल्याएर ढोकामा टाँसेको भने देखियो ।

### ७.८.६ फागु पूर्णिमा

फागु पूर्णिमा महत्त्वको चाड भए पनि यहाँका मगरहरूले त्यति उल्लास पूर्ण तरिकाले मनाएको पाइँदैन । एक आपसमा सामान्य टीका लगाउने चलन रहेको छ । फागु पूर्णिमाका दिन तातोपानी बजारमा हुने तारा खेलमा सहभागी हुने र तारा खेल्ने चलन रहेको छ । फागु पूर्णिमाको दिन थकाली समुदायले तारा खेल खेलाउने गर्दछन् । उक्त खेलमा मगरहरू सहभागी भई खेल्ने चलन रहेको छ ।

### ७.८.७ माघे सङ्क्रान्ति

हरेक वर्ष माघ १ गते पर्ने यस पर्वलाई पनि मगरहरूले ठूलै पर्वको रूपमा लिने गर्दछन् । यस दिन उनीहरू बिहान सवेरै उठेर नुहाई आफ्नो शरीरलाई पवित्र बनाउँछन् । जसलाई उनीहरू "मकर नुवाउने" भन्ने गर्दछन् । किनकि माघे सङ्क्रान्तिलाई मकर सङ्क्रान्ति पनि भनिन्छ । यस दिनमा विबाह भैसकेका चेलीवेटीलाई निमन्त्रणा गरी मिष्ठान्न भोजन ख्वाइन्छ । सो दिन घिउ, चिउरा, तरुल, सख्खरखण्ड पनि खाने चलन छ । सो दिन उनीहरू जाँड, रक्सी, मासु खाई नाचगान गरी रमाइलो गर्दछन् ।

### ७.८.८ साउने सङ्क्रान्ति

ब्राम्हण क्षेत्रीहरूले जस्तै मगरहरू पनि साउने सङ्क्रान्ति मनाउँने गर्दछन् । सो दिन उनीहरू आफूलाई मात्र नभई पशुहरूलाई पनि कुनै रोग व्याधि नलागोस् भन्नका लागि पूजा गरिने दिनको बेलुका (साउन १ गते साझ) आगोको बलिरहेको अगुल्टो घरको

चारैतिर फ्याक्ने चलन छ। जसलाई उनीहरू 'लुतोफाल्ने' भन्दछन्। लुतो फाल्नाले रोग तथा घाउ खटिरा आउँदैन भन्ने भनाइ छ। सो दिनमा उनीहरू भेडा, बोका, रक्सी, राँगा आदि काटी आफन्तलाई बोलाई जाँड रक्सी र मासु खाने र नाचगान गरी रमाइलो गर्दछन्।

### ७.८.९ जनै पूर्णिमा

जनै पूर्णिमा पनि यहाँका मगरहरूले रमाइलो गरी मनाउँछन्। यस दिनमा बराह पूजा गरिन्छ र सो पूजा गरेर मन्दिरबाट ल्याएका ध्वजाहरू रक्षाबन्धन स्वरूप घाँटीमा बाँध्ने चलन छ। पहिला पहिला बाहुनले घरघर आएर तागो बाधिदिन्थे तर आजकल यो चलनमा परिवर्तन आइ बराहको ध्वजा लाउने चलन बसेको छ। उक्त दिनमा बराहको मन्दिरमा पशुपक्षीको बलि दिई पूजा गर्ने चलन छ। बराहको वर मागेर बलि चढाएको खण्डमा आफ्नो मनोकांक्षा पुरा हुन्छ भन्ने विश्वास रहेको छ। उक्त दिनमा गाउँका युवा युवतीहरूले खेलकुद कार्यक्रम गर्ने साझ सांस्कृतिक कार्यक्रम गर्ने आमा समूहले पुर्ख्यौली नाच नाच्ने चलन रहेको छ। बराह पूजाको प्रसाद भनी आफन्तलाई मासु, रक्सी खुवाउने चलन छ।

### ७.८.१० चैते दशैं

चैते दशैंमा पनि यहाँका मगरजातिहरू पूजाआजामा संलग्न हुन्छन्। यस चाडमा देवीको पूजा गर्ने र मासुभात खाने नाचगान गर्ने रमाइलो गर्ने चलन रहेको छ। अन्य उल्लेखनीय कार्यक्रमहरू भएको पाइँदैन।

### ७.८.११ बराह पूजा

यहाँका मगर जातिहरूले बराह पूजा जनै पूर्णिमाको दिनमा गर्ने गर्दछन्। यस पूजामा बराहथानमा भेडाको पाठा र परेवाको बलि दिने चलन छ। कसैले व्यक्तिगत रूपमा भाकल गरेर पनि पूजा गर्दछन्। भाकल नगरेपनि गाउँभरिको संयुक्त पूजा भने भैरहन्छ। यसरी पूजा गरिसकेपछि आफ्नो भागमा परेको मासु प्रत्येक घरले लैजानुपर्दछ। यहाँका बराहसित वर मागेमा वर पूरा हुने यहाँका मानिसहरूको भनाइ छ। बराह पूजा गा.वि.स. भरिनै एकै ठाउँमा एउटै मन्दिरमा सबै जातजातिले संयुक्त पूजा गर्ने गर्छन्।

यसले गर्दा यहाँका सबै जातजातिहरू बीच आत्मीयता बढेको देखिन्छ। त्यस्तै यहाँका जातजाति बीचको छुवाछुत प्रथामा पनि लचकता आएको देखिन्छ। यस दिन बराह पूजा गरिसकेपछि बराहको प्रसादको रूपमा मासु, रक्सी, जाँड खाने नाचगान गर्ने गीत गाउने आदि गर्दछन्। उक्त पूजाको अवसर पारेर युवायुवतीहरूले मेला लगाउने पनि गर्दछन्। उक्त मेलामा खेलकुदमा भलिबल, वास्केटबल, फूटबल जस्ता खेलहरू खेलाउँछन्। राति सांस्कृतिक कार्यक्रम देखाउने चलन छ। उक्त दिन आमासमूहले पनि नाचगान गर्ने गर्दछन्।

### ७.८.१२ भूमे पूजा

भूमे पूजा वैशाख शुक्ल पक्षको तिथि र मंगलवार पारेर पूजा गरिन्छ। भूमे पूजा गरेमा भूमि पशुपंक्षी वनजङ्गल सबैको रक्षा भूमे देवताले गर्छन् भनेर वर्षको एकचोटि भूमे पूजा गरिन्छ। यसरी पूजा गरेमा असिना, खडेरी, बाढी, पहिरो पनि भूमे देवताले पन्छाउछन् भन्ने भनाइ यहाँका जेष्ठ तथा सबै नागरिकहरूको भनाइ छ। यस पूजामा मुख्य प्रसाद जाँडलाई मानिन्छ। भूमे पूजा गा.वि.स. भरिनै एकै ठाउँमा एउटै मन्दिरमा सबै जातजातिले संयुक्त पूजा गर्ने चलन यहाँका मगरहरूमा रहेको छ। यस गा.वि.स.मा थरथरको जम्मा गरेर जाँड राखिन्छ। यहाँका मुख्य थरहरूमा पाइजा थर, गर्बुजा थर, फगामीथर, पुर्जाथर वि.क. थर आदिलाई लिन सकिन्छ। प्रसादको रूपमा प्रत्येक थरमा गई छ्याङ खाने चलन छ। भूमे पूजा गरिसकेपछि प्रसादको रूपमा जाँड खाने चलन छ। जब जाँड खाएर मान्छे मात्तिए भने भूमे खुसी भएको भनिन्छ। भूमे पूजाको दिनमा आफ्नो क्षमता अनुसार भेडाको पाठा वा कुखुराले भूमेको मन्दिरमा बलि दिने चलन रहेको छ। बलि पूजा गरिसकेपछि झाक्रीले भेडाको पाठा वा कुखुराको मुटु कलेजो हेरेर उक्त घर तथा भाकल गरेको व्यक्तिको ग्रह दशा कस्तो रहेछ भनेर हेर्ने गरेको पाइयो। बाहिरका मानिस पूजामा गएमा स्वागत गर्ने गरेको पाइयो। बाहिरियालाई का मानिस पूजामा पनि स्वागत गर्ने यही जाँडको प्रसाद नै हो। भूमे पूजा सिद्धिइसकेपछि बाजागाजा सहितको नाच्ने गाउने टोलीले मन्दिरमा तीनपटकसम्म नाँच्दै गाउँदै घुमेपछि गाउँसम्म नाँच्दै गाउँदै रमाउँदै आउने चलन छ। गाउँमा आइपुगेपछि आमा समूहले पुर्ख्यौली नाचघरमा सरस्वती नाच, झाउरे नाच, लगायतका नाच र गीतहरू गाई नाच्ने गाउँने चलन छ। यो कार्यक्रम भोलिपल्टसम्म रहन्छ। यस्तो अवसरमा नाच्ने कार्यक्रममा उपस्थित व्यक्तिहरूले आफ्नो क्षमताअनुसार दान दक्षिणा दिने चलन छ। यसरी उठेको रकम पुर्ख्यौली

समूहबाट नै आवश्यक सामाजिक काममा खर्च हुन्छ। यता यही भूमे पूजाको अवसर पारेर गाउँका युवायुवतीहरूले भूमेपूजा मेलाको आयोजना गर्ने गर्दछन्। यस अवसरमा विभिन्न खेलकुदहरू खेलाइन्छ राति नाचगान गरिन्छ। तन्नेरी र तरुनीहरू आपसमा माया पिरती समेत गाँस्न पछि पर्दैनन्।

भूमे पूजाको दिनमा सिद्ध थानको छुट्टै पूजा गरिन्छ। यस दिन भनी भूमेको पनि पूजा गरिन्छ। भनी भूमे भनेका भूमेका भाइ हुन्।

### ७.८.१३ मण्डली पूजा

यहाँका मगर जातिहरूले मण्डली पूजा पनि गर्ने चलन छ। मण्डलीको रूपमा वनका बनस्खण्डी तथा लागो भागोको रूपमा मण्डली पूजा गरिन्छ। धेरै पहिला बलि दिई पूजा गर्ने चलन थियो। हाल आएर यस चलनलाई परिमार्जन गर्दै कोही पूजा मात्र गर्ने गरेका छन्। कोही भने बलि दिन्छन्। बलिमा भेडाको पाठा वा कुखुराको भाले प्रयोग गरिन्छ। पूजामात्र गर्नेले खिर, रोटी र जाँडबाट पूजा गर्छन्। मण्डली पूजा गरेमा लागोभागो वनस्खण्डी, वायु बतास इत्यादिको भाग छुट्टयाइन्छ। यसरी आफ्नो भाग छुट्टिइसकेपछि यिनीहरू आफ्नो ठाउँमा बस्छन् र मानव जातिमा वा घरका पशुहरूमा यिनीहरूको प्रवेश हुँदैन भन्ने विश्वास रहेको छ।

### ७.८.१४ वायु पूजा

वायु पूजा पनि यहाँका मगर जातिले गर्ने एक पूजा हो। वायु भन्ने घरको देवता हो। वायु भन्ने कुनै मान्छे मऱ्यो भने त्यो जागेर वायु देवता भएको हो। या वायु २२ से २४ से राज्यको पालामा राजा भएको र ठकुरी वंशका राजासँग लडाइँमा मरेको हुनाले वायु देवताको रूपमा पूजा गरिन्छ भन्ने किंवदन्ती छ। वायुको पूजामा पनि बलि दिने चलन छ। सके बाखाको पाठा पाठी नसकेमा कुखुराको भाले पोथी जेले पूजा गर्दा पनि हुन्छ।

### ७.८.१५ देवी पूजा

देवी भन्नाले भगवती नवदुर्गा, आकाशदेवी आदि देवीहरूलाई बुझिन्छ। देवी पूजा गर्दा पनि बलि दिइन्छ। देबलिाई बलि दिंदा बोका, राँगा, कुखुरा, परेवा काटी चढाउने चलन छ। खासगरी देवीको पूजा चैत्राष्टमी र विजयादशमीको नवदुर्गाभर गर्ने चलन छ।

### ७.८.१६ कुलपूजा

मगर जातिमा कुल पूजाको पनि आफ्नै महत्त्व छ। यो पूजा मगर जातिले विभिन्न पशुपंक्षीको बलि दिई गरिने पूजा हो। भिन्न भिन्न ठाउँमा भिन्दा भिन्दै तरिकाले कुल पूजा गरेको पाइन्छ। यो पूजा घर वा घरदेखि बाहिर कुनै ठाउँमा गरेको पाइन्छ। विशेष गरी यो पूजा जेष्ठी पूर्णिमाको दिन गरिन्छ। यो दिन सम्भव नभए कुनै महिनाको उजेली पक्ष (शुक्ल पक्ष) मा गर्ने चलन छ। कुल पूजा सर्वप्रथम जाँड राख्नेबाट सुरु हुन्छ। पूजाको ७ दिन पूर्व घरको मूल स्त्रीले स्नान गरी पवित्र भएर चोखो पानीले कसैसँग नबोलीकन आफ्नो कुललाई सम्झी जाँड पकाउँछिन्। त्यसपछि कुलपूजा गर्नुभन्दा ३ दिन पहिला घरको मूल पुरुषले शुद्ध भई ३ माना चामलको जाँड (छ्याङ) तयार गरी सोबाट ९ वटा पिण्ड तयार गरिन्छ र थानमा लगी राखिन्छ तर पुर्जा मगरहरूले भने १८ वटा पिण्ड बनाई चढाउने गर्दछन्।

पूजाको लागि विभिन्न सामग्रीहरू जाँड, ९ माना चिउन कुनै अन्नको, ९ पैसा भेटी, ३ माना अक्षता, १ धनु र वाण, बेतको लौरी, १ पराङ, रुरुको पात, ९ जोडा धजा, ९ रोटी, एउटा कुखुराको भाले, १ हाँसे गोरे (भेडाको पाठो) आदि चाहिन्छन्। पूजा गर्न ३ जना पाँडे (पूजारी) चाहिन्छन्। एउटा भालेले मध्यरातमा अगेनाको नजिकै नौ रेखी र एकजोडा धजा चढाई रामचन (जेठा कूल) लाई पूजा गर्न भालेलाई मन्साई काट्ने र रगत थानमा लतपत नहुने गरी पूरा अगेनामा चढाउनु पर्दछ। त्यो भालेको मासु पूजारीले खाइ सक्नुपर्दछ। बाँकी बचेको भालेको प्वाख, हाड, मासुहरू जति पनि रहन्छ चुल्हामा जलाई दिनु पर्दछ। त्यसपछि दोस्रो दिन एक जोर धजा, चौठीमा जाँड र नुन खुर्सानी आदि लिई थानमा जाने र दुधे चरीको पहिलो डाँकोमा पाठा काट्ने गर्दछन्। पाठाको छाला काडी मुटु र फल पनि सोलीमा राखी ९ सिलको सिन्कामा ९ टुक्रा मासु उन्ने गर्दछन्। पाठाको भित्रीहासको हेपाजी (प्रसाद) बनाउने र सबैभन्दा पहिला घरको मूल स्त्री जाँड (छ्याङ) लिएर पूजा गर्ने ठाउँमा गई पूजारीसँग भित्र पस्ने आज्ञा मागी पूजारीलाई मीठो जाँडले खुसी पार्छिन् र उनीले पनि हेपाजी लिन्छिन्। त्यसपछि बाँकी आमन्त्रित आफ्नो वंशज, कुटुम्ब, छरछिमेकीलाई हेपाजी र जाँडले स्वागत, सत्कार गरी खानपिनको बन्दोबस्त मिलाउने गर्दछन्।

यस पूजामा पूजाका सामग्री ठीक छन् कि छैनन् भनी झाँक्रीलाई आमन्त्रण गरिन्छ। झाँक्रीले सबैले खाना खाएपछि ओखा (कुल देवताको कथा) बखान गर्छन्। जसलाई आमन्त्रित सबैले सुन्ने गर्दछन्। अन्तमा घरको मूल पुरुषले ९ पिण्डलाई ३।३ वटा गरी दुई पटकमा उठाउने तर पछिल्लो पटकमा दुई वटा मात्र उठाउने र बाँकी एउटा थानमा रहन दिने गर्दछ। मूल स्त्रीले फिन (बर्को) थाप्ने र मूल पुरुषले "सह आउ सह आउ" भन्दै पिण्ड उठाउने गर्दछन्। पिण्ड उठाइ सकेपछि आउँदो तीन वर्षमा फेरि ढोका खोलुला भन्दै थानको अगाडि धूप जलाउँछन्। ढुङ्गाले थानको ढोका बन्द गरिसकेपछि घरको पूजा स्थलको सबै सामान उठाइ सकेपछि घरको मूल पुरुषले सोली बोकी अगेनाको वरिपरि घुमेर घरतर्फ लाग्ने र घरलाई दाहिने पारी ३ पटक घुमी घरभित्र पस्ने गर्दछन्। त्यसपछि सामानहरू राखेर थानमा चढाएको छ्याङ र ९ सीता सबै व्यक्तिहरूलाई प्रसादको रूपमा बाड्ने गर्दछन्।

### ७.८.१७ ठूलो एकादशी

ठूलो एकादशी पनि यहाँका मगरहरूले मनाउँने एउटा चाड हो। यस पर्वमा वर्त बस्ने चलन रहेको छ। यो चाड विशेष गरी पुरुषले भन्दा महिलाले बढी मनाउने गर्दछन्। यस चाडमा व्रत बस्नेहरूले नजिकैको राम मन्दिरमा गई पूजा गर्ने कालीगण्डकी नदीमा तोरण तार्ने, भजन कीर्तन गर्ने इत्यादि गर्दछन्। कोही व्यक्तिहरू घरमै उपवास बस्ने मन्दिर नजाने गर्दछन् भने कोही मन्दिरमा जान्छन्। कोही व्यक्तिहरू कन्दमूल खाएर उपवास वस्छन् भने कोही पानी पनि नखाइ उपवास बस्ने गर्दछन्। हरिशयनी र हरिबोधनी दुवै एकादशी मनाउने चलन रहेको छ।

### ७.८.१८ महाशिवरात्री

महाशिवरात्री पर्व पनि यहाँका मगरहरूले मनाउने चाडपर्व अन्तर्गत पर्दछ। यो पर्व पनि विशेषगरी महिलाहरूले नै मनाउने गर्दछन्। पाको पुरुषले पनि यस पर्व मनाउने गर्दछ। पर्वका दिन बिहान नुहाएर चोखो कपडा लगाउने त्यसपछि रोटी तयार गरी शिवजीको मन्दिरमा गएर रोटी चढाउने चलन रहेको छ। यसको साथै नरिबल पनि चढाउने चलन छ। शिवजीको मन्दिरमा गई पूजा गरिसकेपछि चोखो खानेकुराहरू खाने

चलन छ । त्यस्तै शिवजीको प्रसादको रूपमा लिई भाङ्, धतुरो, गाँजा इत्यादि पनि खाने गरेको भेटिएको छ । बेलुका टोलटोलमा धुनी वाल्ने, उखु पड्काउने, नाच्ने गाउँने रमाइलो गर्ने पनि चलन यहाँका युबाहरूमा देखिएको छ ।

### ७.८.१९ अन्य चाडपर्वहरू

मगर जातिहरू उल्लेखित चाडपर्वहरू बाहेक अन्य चाडपर्वहरू पनि मनाउने गर्दछन् । नववर्ष, वैशाखपूर्णिमा, कृष्णाष्टमी, रामनवमी इत्यादि चाडपर्वहरू पनि उनीहरू बाहुन क्षेत्री वा हिन्दू धर्मालम्वीहरूले झैं मनाउँने गर्दछन् । सो अवसरमा उनीहरू चाडको प्रकृति अनुसार भगवान्को मन्दिर तथा थानमा गई हिन्दू संस्कार अनुसार पूजा गर्दछन् । विभिन्न चाडपर्वका अवसरमा मेला लगाई नाचगानको साथै विभिन्न प्रकारका खेलहरू खेली मनोरञ्जन लिने चलन यहाँका मगर समुदायमा पाइन्छ । सो अवसरमा विभिन्न प्रकारका परिकार तथा मासु र रक्सी खाई खुव रमाइलो गर्दछन् ।

## ७.९ इसाई धर्मालम्वीहरूको सामाजिक तथा सांस्कृतिक पक्ष

यहाँका केही मगरहरूले धर्म परिर्वतन गरी इसाई धर्म मान्दै आएका छन् । इसाई धर्म मान्ने मगरहरू पहिला हिन्दू धर्म मान्ने गर्दथे । इसाई धर्मको प्रचार प्रसार बढी भएर यो धर्म मानेका हुन् भन्ने सुनिन्छ । हाल इसाई धर्म मान्नेहरूको सङ्ख्यामा वृद्धि हुँदै गइरहेको छ । इसाइ धर्म मान्नेहरूले प्रार्थनालाई प्रमुख जोड दिन्छन् । दुःख सङ्कट परेको खण्डमा परमेश्वरको प्रार्थना गरेपछि दुःख सङ्कट हट्छ भन्ने विश्वास यो धर्म मान्ने व्यक्तिहरूको रहेको छ । परमेश्वरमा विश्वास गर्ने भएकोले यो धर्म मान्ने व्यक्तिलाई विश्वासी भन्ने गरिन्छ । यहाँका मगरहरू शनिबार नजिकैको चर्चमा गई प्रथाना गर्ने गर्दछन् । यस धर्ममा लागेपछि कुनै रोग लागेमा छिट्टै निको हुन्छ, कुलतमा फसिदैन र कुनै पनि दुःख वा सङ्कटहरू आई पर्दैनन् भन्ने विश्वास रहेको पाइन्छ । इसाइ धर्ममा लाग्ने मानिसहरूको दुःख र सङ्कटको उपाय प्रार्थना हो । इसाइ धर्म मान्नेहरूको आफ्नै रीति रिवाज पाइन्छ । अध्ययन क्षेत्रमा चार घरपरिवार इसाइ धर्म मान्ने छन् । जसको जनसङ्ख्या २२ रहेको छ ।

अध्याय–८

## ८. मगर जातिको आर्थिक स्थिति

नेपाल कृषि प्रधान देश हो । तसर्थ यहाँका नेपालीहरूको जिविकोपार्जनको स्रोत पनि कृषि नै हो । अध्ययन क्षेत्रका मगरहरू जग्गा जमिन भएकाहरू कृषि पेसा अपनाउँदै आएका छन् । यसको साथै हाल आएर उनीहरू पशुपालन, व्यापार, व्यवसाय, नोकरी, वैदेशिक रोजगारतर्फ बढी संलग्न रहेको देखियो । यस परिच्छेदमा अध्ययन क्षेत्रका मगरहरूको भू-स्वामित्व, उत्पादन स्थिति, पेसा खाद्यान्नको पर्याप्तता आय व्यय विवरण आदि पर्दछन् ।

## ८.१ परिचय

मानव जीवनलाई निश्चित दिशातर्फ निर्देशित गर्न आर्थिक अवस्था एक महत्त्वपूर्ण कसीको रूपमा रहेको हुन्छ । नेपालको सबैभन्दा ठूलो जनजाति भएर पनि मगरहरू आर्थिक रूपमा पछाडि परेका छन् । जनचेतना र शिक्षाको कमीले उनीहरूको जीवन कष्टप्रद बन्दै गइरहेको छ । पशुपालन तथा कृषि व्यवसायबाट उचित प्रतिफल लिन नसक्नाले यस पेसा प्रति उनीहरूको लगाव घट्दै गइरहेको छ । गरिबीको कारणबाट उनीहरू दिनप्रतिदिन रोग र भोकले ग्रस्त हुँदै गइरहेका छन् । धेरै जसो युवा पिढी बेरोजगार नै छन् । सीमित व्यक्तिहरूमात्र काम र मामको खोजीमा स्वदेश तथा विदेशमा गरी प्रहरी तथा सैनिक सेवामा लागेका छन् । केही व्यक्तिहरू खाडी मुलुकहरू लगायत अन्य मुलुकहरूमा गई लाहुरे भएका छन् ।

अध्ययन क्षेत्र भुरुङमा पनि उल्लेखित अवस्था देख्न सकिन्छ । यहाँ अधिकांश मगरहरू लेक तथा दुर्गम ठाउँमा बस्ने हुँदा खेतीपातीको लागि सिचाइको अभाव रहेको छ । त्यस्तै भिरालो जमिन भएकोले अत्यन्त न्यून उत्पादन हुन्छ यहाँ धान खेती गर्ने कुनै सम्भाबना देखिँदैन । यहाँका मुख्य बालीहरू मकै र कोदो हुन् । यस बाहेक यहाँ जौ, गहुँ, फापर, उवा, आलु, सिमी, भट्ट जस्ता बालीहरू पनि उत्पादन हुने गर्दछ । कृषि व्यवसायबाट उत्पादित अन्नले अधिकांश मगरहरूलाई ६ महिना पनि खान पुग्दैन । गुजारा कृषि प्रणाली तथा अन्य व्यापार व्यवसायको विकल्प नहुन र नखोजिनुले यहाँका मगरहरूको आर्थिक अवस्था सन्तोष जनक नदेखिएपनि हाल वैदेशिक रोजगारीले गर्दा

आर्थिक अवस्थामा सुधारका सङ्केतहरू देखिन थालेका छन् । कृषि प्रणालीबाट त यहाँको जनताको जीवनस्तर माथि उठ्ने सम्भाबना नै छैन । वैदेशिक रोजगारको आम्दानीलाई सही सदुपयोग गर्न सकेको खण्डमा र कृषि व्यवसाय बाहेकका अन्य व्यवसायबाट आम्दानी गर्न सकेको खण्डमा मात्रै यहाँको समुदायको जीवनस्तरमा उल्लेखनीय वृद्धि गर्न सकिने अवस्था देखियो । यहाँका अन्य व्यवसायको रूपमा पशुपालनलाई लिन सकिन्छ । चरनयोग्य जमिनबढी भएको कारणले भेडापालन तथा बाखापालन गरेर आम्दानी बढाउन सकिन्छ । तर यस व्यवसाय तर्फ पनि आकर्षण कम हुँदै गइरहेको पाइयो । केही सीमित व्यक्तिको निवृत्तिभरण, सैनिकसेवा तथा वैदेशिक रोजगारले कमाएको आम्दानीले घरपरिवार धान्न मुस्किल परेको पाइयो । वैदेशिक रोजगारको आम्दानीको सदुपयोग पनि कम हुने भएकोले हाल आर्थिक अवस्था राम्रो देखिएका उत्तरदाताहरूको पनि दीर्घकालीन आम्दानीको स्रोत भने केही छैन ।

यहाँका मगरहरूमा दैनिक ज्याला मजदुरी गरेर पनि जीवन निर्वाह गर्नुपर्ने बाध्यता छ । दैनिक ज्यालादारीमा काम गर्ने मगरहरूको आर्थिक अवस्था भने निकै कमजोर छ । उनीहरूलाई आवश्यक परेको सहयोग इष्टमित्रबाट वा ऋण मागेर पूरा गर्ने गर्दछन् ।

## ८.२ पेसा

यहाँका कुल ८१ घर परिवारकै मुख्य पेसा कृषि अपनाएको पाइयो । मुख्य पेसा कृषि अपनाए पनि अधिकांश मगरहरूको खेती गर्ने जमिन कम भएको र अवैज्ञानिक कृषि प्रणालीबाट खेती गर्ने भएकोले उत्पादन प्रयाप्त भएको पाइदैन् । मुख्य पेसा कृषि भए पनि यहाँ धानखेती नहुने भएकोले भात खानको लागि बाहिरबाट चामलको आयत गर्नुपर्ने हुन्छ । यहाँका कृषि उत्पादित वस्तुहरू निर्यात गर्ने भनेका सिमी र भट्ट नै हुन् । प्राय सबै घर परिवारमा थोरै मात्रामा भए पनि सिमी र भट्ट भने बेच्ने गर्दछन् । तर यसबाट हुने आम्दानी भने बालीहरू लगाउदाको खर्चभन्दा धेरै हुँदैन । कोदो र मकैले अधिकांश मगरहरूलाई ६/७ महिना भन्दा बढी खान पुग्दैन । बाँकी समयको लागि यिनीहरू आफूलाई चहिने खाद्यान्नहरू बजारबाट किन्ने गर्दछन् । कसैकसैले गाउँबाट सरसापट गरेर पनि आवश्यकताहरू पुरा गर्दछन् ।

### ८.२.१ सहायक पेसा

यहाँका मगरहरूले कृषि पछि सहायक पेसाको रूपमा बाख्रापालन वैदेशिक रोजगार, पेन्सन ज्याला मजुदरी आदि रहेका छन् । त्यस्तै जग्गा जमिन कम हुने र वार्षिक रूपमा आम्दानी कम हुनेहरू ज्याला, मजुदरीका कार्यहरू गर्दै आएका छन् ।

**तालिका ८.१**

**उत्तरदाताको पारिवारिक पेसागत विवरण**

| क्र.स. | पेसा | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यापार | ४ | ४.९४ |
| २ | पेन्सन (इन्डियन लाहुरे) | ८ | ९.८८ |
| ३ | नोकरी, वैदेशिक रोजगार + इ. लाहुरे | ३५ | ४३.२१ |
| ४ | बाख्रापालन (पशुपालन) | ६ | ७.४१ |
| ५ | मौरीपालन | २ | २.४७ |
| ६ | कृषि वा ज्याला मजदुरी | २६ | ३२.०९ |
| | जम्मा | ८१ | १०० |

*स्रोत स्थलगत अध्ययन २०६५/०६६*

माथि उल्लेखित तालिका विवरणलाई हेर्दा सहायक पेसाको रूपमा वैदेशिक रोजगार अपनाउने मगरहरूको सङ्ख्या सबैभन्दा बढी ४३.२१ प्रतिशत र सबैभन्दा कम मौरीपालन व्यवसाय अपनाउनेहरू क्रमश २.४७% उत्तरदाता रहेका छन् । व्यापार व्यवसाय अपनाउनेहरू क्रमशः ४.९४% रहेका छन् । त्यस्तै सहायक पेसाको रूपमा भरपर्दो स्रोत नहुने उत्तरदाताको सङ्ख्या पनि धेरै नै छ । करिब ३२.०९% उत्तरदाताहरूको भरपर्दो आम्दानीको स्रोत नै देखिँदैन । यसबाट के देखिन्छ भने धेरै जसो परिवारको पेसा वैदेशिक रोजगारी पनि हो ।

## ८.३ आर्थिक सङ्गठन

अध्ययन क्षेत्रका मगर परिवारमा आर्थिक सङ्गठन अन्तर्गत कृषिकार्य गर्नका लागि पर्म र ज्याला प्रथा रहेको छ । त्यस्तै यहाँका मगरहरूको सम्बन्ध थकाली जातिसँग पनि भएकोले यहाँका मगरहरूले ढिकुटी प्रथालाई पनि अबलम्वन गरेका छन् । आफ्नो आर्थिक

हैसियत अनुसार ढिकुटी जम्मा गर्ने गरेका पनि छन् । त्यस्तै गरी रूपैयाँको कारोबारमा सरसापट र व्याजमा समेत अरूबाट रूपैयाँ लिएर काम चलाउने गरेको बताउँछन् । आफ्नो आयस्रोत कम भएकाहरू ज्यालामा अरूको काम गर्ने गर्दछन् ।

## ८.४ वार्षिक आय र ब्यय

अध्ययन क्षेत्रका मगरहरूको आर्थिक अवस्था मध्यमस्तरको छ । यिनीहरूको मुख्य पेसा कृषि भए पनि कृषि पेसाबाट उत्पादित अन्नले वर्षभरि नै खान नपुग्ने भएकोले बेचेर आम्दानी गर्ने सम्भव नै छैन । कृषि पेसाबाट हुने आम्दानीमा यिनीहरूको मुख्य आम्दानी धेरै वा थोरै सिमी र भट्ट बेचेर हुने गर्दछ । अरू आम्दानीको रूपमा पशुपालन, ज्यालामजदुरी वैदेशिक रोजगार आदिलाई नै लिन सकिन्छ । खर्चको रूपमा हेर्दा शिक्षा स्वास्थ्य, सांस्कृतिक समारोह, लुगाफाटा र सामान्य खानपानको रूपमा खर्च गर्ने गर्दछन् । अध्ययन क्षेत्रका अधिकांश मगरहरूको भरपर्दो आम्दानीको स्रोत नहुनाले यिनीहरूको खर्च पनि दैनिक उपभोग्य वस्तुमा नै बढी हुन्छ । यिनीहरूले बिलासिताका वस्तुहरूको कम प्रयोग गर्दछन् । यिनीहरूको बढी खर्च हुने क्षेत्रका रूपमा सांस्कृतिक संस्कारहरू नै हुन् ।

### ८.४.१ वार्षिक आय

अध्ययन क्षेत्रका मगरहरूले ज्यालादारी, पशुपालन, पेन्सन, वैदेशिक रोजगार आदिमा संलग्न रहेर आयस्रोत सङ्कलन गर्दछन् । सिमी र भट्ट बेचेर पनि यहाँका मगरहरू आम्दानी गर्दछन् । एक वर्षभरिमा मगर परिवारले के कति आम्दानी गर्दछन् । तलको तालिकामा देखाइएको छ ।

**तालिका ८.२**
**अध्ययन क्षेत्रका मगर परिवारको अनुमानित वार्षिक आय विवरण**

| क्र.स. | वार्षिक आम्दानी हजारमा (रूपैया) | परिवारको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ० - ४०,००० | २८ | ३४.५७ |
| २ | ४०,००० - ६०,००० | ६ | ७.४० |
| ३ | ६०,००० - १००,००० | १० | १२.३५ |
| ४ | १००,००० - माथि | ३७ | ४५.६८ |
| | जम्मा | ८१ | १०० |

*स्रोत : स्थलगत अध्ययन २०६६*

माथिको तालिका अनुसार सबैभन्दा बढी वार्षिक आम्दानी हुनेहरूको प्रतिशत बढी भए पनि यिनीहरूको मुख्य स्रोत वैदेशिक रोजगार हो र यसको स्थायित्व पनि कम हुने भएको र खर्च पनि निकै गर्ने यिनीहरूको बानी व्यवहारले आर्थिक स्थिति मजबुत हुने देखिदैन । अर्कोतिर सबैभन्दा कम आम्दानी गर्ने २८ परिवारको अन्य आय स्रोतको रूपमा ज्यालादारीलाई सकिन्छ। यो ज्यालादारीको काम पनि सधै प्राप्त नहुने भएकोले यिनीहरूको आर्थिक अवस्था निकै कमजोर देखिन्छ ।

### ८.४.२ **वार्षिक व्यय**

अध्ययन क्षेत्रका उन्तरदाता मगर परिवारहरूले एक वर्षमा गर्ने आम्दानीलाई खर्चको रूपमा विभिन्न शीर्षकहरूमा खर्च गरेको पाइन्छ । घरायसी विविध आवश्यकताहरू परिपूर्ति गर्न जस्तै खाद्यवस्तुहरू खरिद गर्न, चाडपर्वहरू मनाउन, शिक्षा, स्वास्थ्य लुगाकपडा, लगायतका विविध क्षेत्रहरूमा खर्च गर्ने गरेको पाइन्छ ।

**तालिका ८.३**

**उत्तरदाताहरूको अनुमानित वार्षिक व्यय विवरण**

| क्र.स. | खर्च (हजारमा) | परिवारको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ० - ४०,००० | २६ | ३२.१० |
| २ | ४०,००० - ६०,००० | ८ | ९.८८ |
| ३ | ६०,००० - १००,००० | १२ | १४.८१ |
| ४ | १००,००० - माथि | ३५ | ४३.२१ |
| | जम्मा | ८१ | १०० |

*स्रोत स्थलगत अध्ययन, २०६६*

माथिको तालिका अनुसार सबैभन्दा कम खर्च गर्नेको घर सङ्ख्या ९.८८% रहेको र सबैभन्दा बढी खर्च गर्नेको सङ्ख्या ४३.२१% रहेको जनाइएको छ ।

अध्ययन क्षेत्रको मगरहरूको आर्थिक आय र व्ययलाई विश्लेषण गर्दा केही परिवारहरूको आर्थिक आय राम्रो देखिएपनि अधिकांश मगरहरूको आर्थिक आय त्यत्ति

राम्रो देखिँदैन। आर्थिक आय राम्रो हुनेहरूको पनि आम्दानीको प्रमुख स्रोत वैदेशिक रोजगार भएकोले र यो स्रोतको स्थायित्व पनि कमै हुने देखिन्छ। यहाँका मगरहरूले वचत भने कमै गर्दछन्। अध्ययन क्षेत्रमा धानखेती नहुने भएकोले भातखानको लागि चामल बजारबाट आयत गर्नुपर्ने हुन्छ। यसको लागि खर्च निकै हुन्छ। आजकल मगरहरू परम्परागत खाना ढिडो, रोटी खान छोडेर दाल भात बढी खान थालेका छन्। आम्दानी कम हुनेहरूले भात चाडपर्वमा मात्र खान्छन्। अन्य समयमा यिनीहरू ढिडो र रोटी बढी खान्छन्। आम्दानी कम हुनेहरूले खर्च पनि कमै गर्दछन्। बलि पूजा गर्दा कुखुरा वा भेडाका पाठाहरू किन्नुपर्ने भएको कारण र जाडरक्सी खाइ रमाइलो गर्ने भएकोले यिनीहरूले संस्कार र चाडपर्वमा बढी खर्च गर्ने गर्दछन्। अर्को तिर विशेष चाड पर्व पारेर मेलाजात्राहरू लगाउने भएकोले मेलाजात्रामा ऋण मागेर भए पनि खर्च बेसी गर्ने गर्दछन्। बच्चा बच्चीलाई मेला जात्रामा जाँदा खर्च दिने गर्दछन्। शिक्षामा लगानी भने यिनीहरू कमै गर्दछन्। यिनीहरूको समाजमा पढ्न पर्दछ भन्ने मान्यता निकै कमैले राख्दछन्। आर्थिक अवस्था निकै कमजोर हुने मगरहरूको खर्च पनि निकै कम हुन्छ भने बचत हुने सम्भाबना नै छैन। आर्थिक अवस्था कमजोर हुनु मगरहरूको आवश्यकता परिपूर्ति गर्न ऋण खोज्नपर्ने वाध्यता हुन्छ। अध्ययन क्षेत्रका मगरहरूलाई आफन्तले पनि सहयोग गर्ने गर्दछन्। आर्थिक अवस्था कमजोर हुने मगरहरूको आवश्यकता परिपूर्ति गर्न स्रोत जुटाउने स्रोतको रूपमा आफन्तको सहयोग, ऋण र ज्याला मजदुरी नै हो।

## ८.५ कृषि

म्याग्दी जिल्लाको भुरुङ गा.वि.स स्थित भुरुङ गाउँका मानिसहरूको मुख्य पेसा कृषि हो। यहाँका सम्पूर्ण मानिसहरू कृषिमा आश्रित छन्। परम्परागत कृषि प्रणालीमा आधारित खेतीपाती गरिने र खेतीयोग्य जमिन पनि प्रशस्त नभएकोले जीवन निर्वाह गर्न समेत मुस्किल परेको छ। अन्य आयस्रोतहरू बढाउन सकिएको छैन। यहाँ उत्पादन हुने बालीहरूमा मकै, कोदो, जौ, गहुँ, फापर, आलु, भट्टमास, सिमी, वोडी, फर्सी, तथा फलफूलहरूमा आलुवखडा, आरु, सुन्तला, मौसम इत्यादि उत्पादन हुने गर्दछन्। अन्य उत्पादन हुने बालीहरू भए पनि यहाँका मगरहरूको मुख्य बाली मकै र कोदो नै हुन्। तरकारी बाली अन्तर्गत सिमी र भट्ट पनि यहाँका प्रमुख बालीहरू नै हुन्। अध्ययन क्षेत्र

लेकाली भागमा रहेको र भिरालो प्रकृतिको जमिनको साथै सिञ्चाइको अभावले धान खेती हुँदैन ।

उनीहरू मौसम अनुसार विभिन्न प्रकारका बालीहरू लगाउँछन् । जसको मौसमी विवरण निम्नानुसार उल्लेख गरिन्छ ।

**तालिका ८.४**

**मौसमी विवरणअनुसार बाली लगाउने तरिका**

| महिना | मकै | कोदो | गहुँ/जौ | सिमी, भटमास | आलु | विभिन्न तरकारी |
|---|---|---|---|---|---|---|
| वैशाख | गोड्ने | | | | गोड्ने | |
| जेष्ठ | गोड्ने | ब्याडमा बिउ राख्ने | | | गोड्ने | |
| आषाढ | | रोप्ने | | बिउ छर्ने | भित्र्याउने | सीमित तरकारी खेती प्राय: सबै महिना गरिने तरकारीमा बन्दा, काउली, साग, गोलभेडा, भन्टा आदि । |
| श्रावण | भित्र्याउने | रोप्ने | | बिउ छर्ने | भित्र्याउने | |
| भाद्र | भित्र्याउने | | | गोड्ने | | |
| आश्विन | | | | गोड्ने | बाँझो जोत्ने, खन्ने | |
| कार्तिक | | भित्र्याउने | बाँझो जोत्ने, खन्ने विउ छर्ने | भित्र्याउने | रोप्ने | |
| मंसिर | | भित्र्याउने | धुल्याउने, बिउ छर्ने | भित्र्याउने | रोप्ने | |
| पौष | बाँझो जोत्ने | | | | बाँझो जोत्ने, खन्ने | |

| महिना | मकै | कोदो | गहुँ/जौ | सिमी, भटमास | आलु | विभिन्न तरकारी |
|---|---|---|---|---|---|---|
| माघ | बाँझो खन्ने | | | | बाँझो जोत्ने, खन्ने | |
| फाल्गुन | बिउ छर्ने | | | | रोप्ने, भित्र्याउने | |
| चैत्र | बिउ छर्ने | | | | रोप्ने, भित्र्याउने | |

*स्रोत : स्थलगत अध्ययन २०६६*

अध्ययन क्षेत्रमा सिञ्चाइको सुबिधा नभएकोले पानी मिलाउने उल्लेख गरिएको छैन । माथिको तालिकाबाट स्पष्ट हुन्छ की अध्ययन क्षेत्रमा सिञ्चाइको सुबिधा नभएकोले सरकारी तथा गैरसरकारी पक्षबाट सिञ्चाइको व्यवस्था गरी उत्पादन बढाउनु पर्ने देखिन्छ । सिञ्चाइको सुबिधा भएको खण्डमा सीमित जमिनबाट अधिकतम उत्पादन लिई कृषकलाई आत्मनिर्भर बनाउन सकिन्छ ।

**तालिका ८.५**

**कृषि उत्पादनको स्थिति**

| मुख्य बालीहरू | घर | प्रतिशत | कैफियत |
|---|---|---|---|
| मकै/कोदो | ८१ | १०० | विभिन्न तरकारी घरपरिवारलाई चाहिने प्राय सबै उत्तरदाताहरूले उत्पादन गरेको पाइयो । |
| सिमी/भट्ट | ७७ | ९५.०६ | |
| आलु | ४० | ४९.३८ | |
| तोरी | २० | २४.६९ | |
| गहुँ/जौ/उवा | २५ | ३०.८६ | |

*स्रोत : स्थलगत अध्ययन २०६६*

माथिको तालिका अुसार मकै र कोदो शतप्रतिशत घरपरिवारले गरेको पाइयो त्यसपछि ९५.०६ प्रतिशत घर परिवारले सिमी भट्ट खेती गरेको पाइयो । सिञ्चाइको अभाबले गर्दा गहुँ, जौं, तोरी जस्ता बालीहरू कम गरेको पाइयो । सिचांइको सुबिधा भएको खण्डमा धान बाहेकका अन्य बालीहरू पनि उत्पादन गर्न सकिने भएकोले उत्पादनमा बृद्धि गर्न सकिने देखिन्छ ।

## ८.६ खेती गर्ने तरिका

अध्ययन क्षेत्र भुरुङमा खेती गर्ने परम्परागत विधि नै कायमै छ। सिचाइको असुबिधा र समय समयमा पानी नभएमा लगाएको खेती बिग्रन्छ यात समयमा बाली लगाउन पाइदैन। मौसममा नै भर पर्नुपर्ने हुन्छ। अर्कोतिर कृषकहरूमा काठको हलो, कुटो, कोदालोजस्ता परम्परागत कृषि औजारको प्रयोगद्वारा खेती गर्दछन्। शिक्षा र जनचेतनाको कमीले नत उनीहरू माटो परीक्षण गराउँछन् न त कीटनाशक औषधिको प्रयोग नै गर्दछन्। उनीहरूले विशेष गरी कम्पोस्ट मल र गोठको मल नै प्रयोग गरिएको पाइयो। कतिपयले कुनै बालीमा मात्र रासायनिक मल प्रयोग गरेको पाइयो। उनीहरूलाई उन्नत जातका बिउ बिजनका बारेमा ज्ञान नहुनाले परम्परागत स्थानीय बिउबिजन ने प्रयोग गर्दछन्।

सरकारी तथा गैर सरकारी कुनै पक्षबाट पनि आवश्यक जानकारी नपाएकोले परम्परागत विधि अबलम्वन गर्नु परेको हो भनी यहाँका कृषकहरू गुनासो गर्दछन्।

**तालिका ८.६**

**मलको प्रयोग**

| मलको प्रकार | घरसङ्ख्या | प्रतिशत |
|---|---|---|
| गोठे मल तथा कम्पोष्ट मल | ६० | ७४.०७ |
| गोठे मल, कम्पोष्ट मल तथा रासायनिक मल | २१ | २५.९३ |
| जम्मा | ८१ | १०० |

*स्रोत : स्थलगत अध्ययन २०६६*

माथिको तालिकाबाट गोठेमल तथा कम्पोष्ट मल प्रयोग गर्ने सबैभन्दा बढी ७४.०७% घर परिवार र गोठेमल, कम्पोष्टमल र रासायनिक मल तीनवटै मिलाएर प्रयोग गर्ने २५.९३% घर परिवार देखियो। यहाँ शुद्ध रासायनिक मलमात्रै प्रयोग गर्ने घर परिवारहरू छैनन्।

## ८.७ जमिनको प्रकार

अध्ययन क्षेत्र पहाडी भू-भाग भएकोले डाँडाकाँडा पाखा पर्वतले घेरेको पाइन्छ। यस अध्ययन क्षेत्रको भू-भागलाई निम्न ३ भागमा विभाजन गर्न सकिन्छ।

बारी/खेत : यहाँको बारी भिरालो तथा केही समथर भएकोले सरकारले यहाँको बारीलाई दोयम, सीम र चाहार गरी वर्गीकरण गरेको पाइन्छ। अधिकांश बारीहरू सिम र चाहार अन्तर्गत पर्दछन्। जहाँ निम्न स्तरको उत्पादन हुन्छ यस्तो बारीमा मकै, कोदो, आलु, सिमी, भट्मास आदि खेती गरिन्छ।

### पाखो (खोरीया)

गाई वस्तुलाई ख्याउने घाँस भएको भिरालो प्रकृतिको जमिन नै पाखो हो। यो कुनै खेती योग्य जमिन हैन। यहाँ सार्वजनिक तथा व्यक्तिगत रूपमा पाखो भएको पाइन्छ। जसबाट उनीहरू घाँस काट्ने तथा हिउँदमा गाईवस्तु चराउने गर्दछन्।

### जङ्गल

यहाँ जङ्गल पनि भिरालै क्षेत्रमा पाइन्छ। यहाँ परापूर्व कालदेखिको वन तथा वृक्षारोपण गरेर बनाइएको सानो तथा ठूलो दुवै प्रकारको वन पाइन्छ। उनीहरू गाईवस्तुहरूलाई घाँस ख्वाउनदेखि लिएर इन्धनको रूपमा दाउरा र घरबनाउन काठको रूपमा वन जङ्गलको प्रयोग गर्दछन्। सामुदायिक वन समितिले घाँस, दाउरा छाड्ने काम गर्दछ।

**तालिका ८.७**

**उत्तरदाताहरूको जग्गा जमिन माथिको पहुँचको स्थिति**

| क.स. | हल | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ० - २ | २५ | ३०.८६ |
| २ | २ - ४ | ३५ | ४३.२१ |
| ३ | ४ भन्दा माथि | ३१ | २५.९३ |
| | जम्मा | ८१ | १०० |

*स्रोत घरधुरी सर्वेक्षण २०६६*

माथिको तालिकाबाट के कुरा प्रष्ट हुन्छ भने दुई देखी ४ हलसम्म खेत बारी हुने किसानहरूको बाहुल्यता देखिन्छ । त्यस्तै २ हलसम्म मात्रै खेतबारी हुने किसानहरूको पनि सङ्ख्या धेरै नै छ । ४ हलभन्दा माथि खेतबारी हुने किसानहरूको सङ्ख्या कम देखिन्छ ।

## ८.८ उत्पादनको पर्याप्तता

अध्ययन क्षेत्र लेकाली भागमा रहेको र भिरालो प्रकृतिको जमिन हुनाले उत्पादन कम नै हुन्छ । त्यस भन्दा पनि सिञ्चाइको अभाव हुनु र मौसमी वर्षामा भर पर्नु यहाँको मगर समुदायको बाध्यता नै हुने गरको छ । यहाँ खेती गरेर वर्षदिन खान पुग्ने परिवार अत्यन्त सीमित छन् ।

**तालिका ८.८**

**उत्पादनको पर्याप्तता**

| खाना पुग्ने महिना | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ० - ४ | २८ | ३४.५७ |
| ४ - ८ | ३३ | ४०.७४ |
| ८ - १२ | २० | २४.६९ |
| जम्मा | ८१ | १०० |

*स्रोत घरधुरी सर्वेक्षण २०६६*

माथिको तालिकाबाट के कुरा प्रष्ट हुन्छ भने सीमित घरपरिवारहरूले मात्र वर्ष भरी खाना पुऱ्याउँछन् । अधिकांश घरपरिवारको खाना पुग्ने महिना ४ देखि ८ सम्म रहेछ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने यहाँको उत्पादन उनीहरूको जीवन निर्वाहको लागि नपुग भएकोले थप विकल्पहरू खोजेर वा समयमै नेपाल सरकार लगायत सम्बद्ध पक्ष जिम्मेवार भई उत्पादन बढाउनु पर्ने देखिन्छ । अन्यथा यहाँको मगर समुदायको जीवन कष्टप्रद र घरायसी बन्दै जाने कुरा प्रायः निश्चित भइसकेको पाइयो ।

## ८.९ पशुपालन

मगर समुदायका मानिसहरू पशुपालनमा पनि लागेका छन् । खासगरी यिनीहरू पशुहरूमा गाई, गोरु, भैँसी, राँगो, बाखा, खसी, भेडा र पक्षीहरूमा कुखुरा पाल्दछन् । परम्परागत रूपमा अवैज्ञानिक ढङ्गले पशुपक्षी पालिने हुँदा त्यसबाट उनीहरूले खासै आर्थिक उन्नति गरेको पाइएन । केवल घरायसी प्रयोग दुध, मल र मासुको लागि मात्र पालेको भेटियो । यहाँका सीमित घरपरिवारले पशुपालनबाट आम्दानी गर्न सकेका छैनन् । प्राय सबै उत्तरदाताहरूले पशुपालन गरेपनि व्यक्तिगत प्रयोगमा नै खर्च हुन्छ । केही कृषि समूहबाट बाखा ल्याएर पाले पनि राम्रो उन्नति गर्न सकेका छैनन् । भुरुङ गाउँका अधिकांश उत्तरदाताहरूमा धेरै थोरै बाखा र सबै उत्तरदाताकोमा कुखुरा पालेको पाइयो । उनीहरूको विभिन्न किसिमका संस्कृतिक संस्कारमा कुखुराको भाले तथा भेडाको पाठाको बलि दिने भएकोले धेरै जस्तो व्यक्तिगत प्रयोगमा ने खर्च हुन्छ ।

विगतमा यहाँका अधिकांश मगरहरू गर्मी समयमा लेकमा (उपल्लो भुरुङ) पशु लगी त्यही बस्ने र जाडोमा तल्लो भुरुङमा (मान्द्रेढुङ्गा) झर्ने गर्दथे भने हाल सीमित मगर समुदायले मात्रै यस्तै प्रक्रिया अपनाएको पाइयो । पशुपालन र खेतीपातीप्रति यिनीहरूको हाल लगाव घट्दै गएको पाइयो ।

यहाँका मगरहरू पशुपक्षीलाई रोग लागेमा सकभर स्थानीय जडीबुटीद्वारा आफै उपचार गर्दछन् भने त्यसबाट सम्भव नभएमा यहाँ पशुकेन्द्र नभएकोले नजिकैको दाना गा.वि.स. को पशु स्वास्थ्य केन्द्रमा गई चिकित्सकको राय सल्लाह लिई आवश्यकता अनुसार उपचार गराउँछन् ।

## तालिका ८.९

## पशुपालनको विवरण

| क.स. | पशु तथा पक्षी | पशुपक्षी सङ्ख्या |
|---|---|---|
| १ | भैंसी, रागो, पाडा, पाडीहरू | ७० |
| २ | गाई, गोरु | १६० |
| ३ | भेडा बाखा | ३४१ |
| ४ | कुखुरा | २०५ |
| ५ | घोडा | ४ |
| | जम्मा | ७८० |

*स्रोत स्थलगत सर्वेक्षण २०६६*

माथिको तालिकाअनुसार सबैभन्दा बढी भेडाबाखा पालेको देखियो । जसको मुख्य कारण यी जनावरहरू भिरालो पाखामा पाल्न सकिनु र चरन उपलब्ध हुनु हो। बढी भिरालो जमिनमा भैंसी पालन कठिन हुने भएर होला सबैभन्दा कम पालेको देखियो । गाई गोरु भने भिरालो जमिनमा पनि पाल्न सकिने हुनाले बढी नै पालेको पाइयो । कुखुरा पनि घरायसी प्रयोगको लागि पालेको भेटियो। यिनीहरू भैंसीको सङ्ख्या वृद्धि हुने बित्तिकै यसलाई मासुको रूपमा प्रयोग गर्दछन्। जसले गर्दा एकातिर वातावरण र पशुबीच सन्तुलन कायम हुन्छ भने अर्कोतिर खाद्यान्नको आपूर्ति हुन्छ ।

## तालिका ८.१०

## उत्तरदाताअनुसार पशुपालनको विवरण

| क.स. | पशु तथा पक्षी | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भैंसी, रागो, पाडा, पाडीहरू | ५० | ६१.७२ |
| २ | गाई, गोरु | ८१ | १०० |
| ३ | भेडा बाखा | ६० | ७४.०७ |
| ४ | कुखुरा | ८१ | १०० |
| ५ | घोडा | २ | २.४७ |

*स्रोत स्थलगत सर्वेक्षण २०६६*

माथिको तालिकाअनुसार गाई गोरु र कुखुरा पाल्ने उत्तरदाताको सङ्ख्या १०० प्रतिशत नै छ। गोरु खेतबारी जोत्नको लागि प्रयोग हुने र भिरालो जमिनमा गाई गोरु पाल्न सकिने भएकोले सबै घरपरिवारले गाई गोरु पालेको भेटियो। विभिन्न किसिमका पूजाआजामा कुखुराको भालेले बलि दिनुपर्ने यिनीहरूको संस्कारअनुसार कुखुरा पनि सबै घरपरिवारले पालेको भेटियो। यस्तै ७४.०७ प्रतिशत परिवारले बाख्रा पालन गरेको भेटिए पनि केही सीमित परिवारले मात्र यसलाई व्यवसायको रूपमा अघि बढाएका छन् भने अन्य परिवारले आफ्नो व्यक्तिगत प्रयोग गर्दछन्। भैंसी, रागो, पाडा, पाडी भने ६१.७२ प्रतिशतले मात्र पालेको भेटियो। २.४७ प्रतिशत उत्तरदाताले सामान ओसार पसार गर्नको लागि घोडा पनि पालेको भेटियो।

## ८.१० मौरीपालन

अध्ययन क्षेत्रका केही सीमित मगरहरूले आफूलाई चाहिने मह आफै उत्पादन गर्ने गर्दछन्। अध्ययन क्षेत्रका २ घर परिवारले भने यसलाई व्यवसाय बनाई सामान्य आम्दानी गरेको पाइयो। यो व्यवसाय पनि परम्परागत विधिद्वारा सञ्चालित भएको पाइयो। परम्परागत मौरी घारको प्रयोग गरिएको छ।

## ८.११ व्यापार तथा व्यवसाय र उद्योगधन्दा

अन्नपूर्ण पैदल यात्राको एउटा बिसौनी र बेनी जोमसोम सडकखण्डको विश्रामस्थल यस अध्ययन क्षेत्रभित्र पर्ने भए पनि यहाँका मगरहरूको व्यापार व्यवसायप्रति त्यति आकर्षण भएको देखिएन। केही सीमित मगरहरूले मात्र यसबाट आंशिक लाभ लिएको पाइयो। अध्ययनको रूपमा छनौट गरिएका ४ घर परिवारले यस व्यवसायलाई सहायक पेसाको रूपमा अङ्गाली केही आम्दानी गरेको पाइयो। उद्योग धन्दाको रूपमा विश्लेषण गर्दा यस क्षेत्रका मगरहरू कसैको पनि संलग्नता भएको पाइएन। आफूलाई चाहिने सबै समानहरू बाहिरबाट नै किनेर ल्याउने गर्दछन् यहाँ उद्योगधन्दा तथा कलकारखानाहरू छैनन्। अध्ययनमा छनौट गरिएका ८१ घर मगर परिवारहरूमध्ये ४ घरले यस व्यवसायमा सामान्य आम्दानी गरेको देखिन्छ। यो व्यापार सामान्य किराना समानमा आधारित छ।

## ८.१२ कर्मचारी, वैदेशिक रोजगार तथा लाहुरे र पेन्सन

जुनसुकै ठाउँमा बसोबास गरे तापनि मगरहरूको मुख्य पेसा कृषि नै भएको देखिन्छ । कृषि पेसा अङ्गाले पनि यिनीहरू भौगोलिक विकटताको क्षेत्रमा बसोबास गर्ने र सिञ्चाइको अभाव भएको कराणले यिनीहरूले उत्पादन गरेको अन्नले प्रायजसोलाई ६ महिनासम्म पनि खान पुग्ने देखिँदैन । आम्दानीको दृष्टिकोणबाट हेर्ने हो भने उनीहरूको मुख्य आम्दानीको स्रोतको रूपमा प्रहरी तथा सैनिकमा भर्ती हुनु र वैदेशिक रोजगारमा सहभागी हुनु हो । यस अध्ययन क्षेत्रमा पनि सुरक्षा सेवालगायत लाहुरे पेसा र वैदेशिक रोजगार नै मुख्य आम्दानीको स्रोत हो । तर यस पेसामा सबै मगरहरूको पहँच पुग्न सकेको छैन । केही सीमित व्यक्ति पेन्सनबाट पनि आम्दानी गर्दछन् ।

**तालिका ८.११**

**कर्मचारी, वैदेशिक रोजगार तथा लाहुरे र पेन्सन**

| | |
|---|---|
| गोर्खा सैनिक | ६ |
| पेन्सन | ८ |
| विदेशमा अन्य पेसामा सम्मिलित | ४० |
| शिक्षक तथा कर्मचारी | ३ |

*स्रोत : स्थलगत सर्वेक्षण २०६६*

माथिको तालिकालाई अध्ययन गर्दा कुल जनसङ्ख्याको ४४२ मध्ये ४० जना व्यक्तिहरू वैदेशिक रोजगारमा सम्मिलित, ६ जना व्यक्तिहरू गोर्खा सैनिकमा ३ जना व्यक्तिहरू शिक्षक तथा कर्मचारी र ८ जना व्यक्तिहरू पेन्सनमा रहेका छन् । वैदेशिक रोजगारमा हुनेहरू सबै खाडी मुलुकमा लेवरको रूपमा काम गरिरहेका छन् ।

## ८.१३ ज्यालादारी तथा मजदुरी

अध्ययन क्षेत्रमा रहेका गरिब मगर समुदायहरू ज्याला दारी तथा मजदुरी गर्दछन् । किनकि धेरैलाई ६ महिना भन्दा बढी खान पुग्दैन । त्यसले गर्दा थप आर्थिक भार कम गर्न उनीहरू गाउँघर वा अन्य ठाउँमा गई ज्यालामजदुरी गर्ने गर्दछन् । तर यहाँका मगरहरू ज्यालादारी मात्रै गर्ने गर्दैनन्, उनीहरू आफ्नो खेतीपातीसँगै ज्यालादारी गर्ने गर्दछन् ।

# अध्याय-९

# सारांश, निष्कर्ष र सुझावहरू

यो अनुसन्धान मगर जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थासँग सम्बन्धित छ। त्यसमा पनि विशेष गरी म्याग्दी जिल्ला भुरुङ गाउँका मगर समुदायलाई नमुनाको रूपमा अध्ययन गरिएको छ। अध्ययन अनुसन्धानको क्रममा अबलोकन, प्रश्नाबली, अन्तर्वार्ता समूह छलफलजस्ता विधिहरू प्रयोग गरी उद्देश्यलाई केन्द्र बिन्दु बनाई अध्ययन अनुसन्धान गरी निष्कर्ष निकालिएको छ।

## ९.१ सारांश

नेपालको विभिन्न क्षेत्रमा छरिएर रहेका जनजातिहरूमध्ये मगर पनि एउटा जनजाति हो। तसर्थ यो अध्ययनमा भुरुङ तातोपानी गा.वि.स. को भुरुङ गाउँमा बसोबास गर्ने ८१ घर मगर परिवारको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाको बारेमा अध्ययन गरिएको छ।

मगर जातिको उत्पत्ति र नेपाल प्रवेश सम्बन्धी विभिन्न विद्वान्हरू तथा अनुसन्धान कर्ताहरूको फरक फरक मत पाइन्छ। केशरजङ्ग बराल मगरज्यूका अनुसार मगरहरू नेपालमा पाँच समूहमा प्रवेश गरेका थिए। जसमा पहिलो समूह पश्चिम भेगबाट आएका मनाङवाका सन्तानहरू नै सर्वप्रथम इ.पू. २३०० तिर फिरन्तेको रूपमा नेपाल प्रवेश गरेका थिए। त्यस्तै दोस्रो समूह आसामबाट, तेस्रो समूह उत्तर भेगबाट, चौथो समूह सिक्किमबाट र पाँचौ समूह दक्षिण भेगबाट नेपाल प्रवेश गरेको पाइन्छ।

मगरहरू चेप्टो अनुहार, साना आँखा, थेप्चो नाक, गोरो तथा रातो अनुहार, हृष्टपुष्ट र छोटो तथा मझौला कद भएका हुन्छन्। मजाक गर्ने र ठट्यौली गर्ने यिनीहरूको उल्लेखनीय प्रकृति हो। यिनीहरू सरल हुनुको साथै बोली वचनमा पनि इमानदार हुन्छन्। अध्ययन क्षेत्रमा पनि उल्लिखित विशेषताहरू भएका मगरहरूको बसोबास पाइन्छ।

मगर जातिमा सामाजिक रूपमा सहयोगको भावना बढी पाइन्छ। उनीहरू आफ्नो गाउँघरमा आइ पर्ने सामाजिक कार्य तथा संस्कारमा दिल खोलेर सहयोग आदान प्रदान गर्दछन्।

मगरहरू सांस्कृतिक रूपले धनी छन् । मगरहरूको मातृभाषा मगर भाषा भए पनि सबै ठाउँका मगरहरूले सो भाषा नजानेकोले नेपाली भाषा नै बोल्ने गरेको पाइन्छ । घरहरू प्रायः ढुङ्गाले बनेका र टिनले छाएको पाइन्छ । खानपानमा भने ढिडो, रोटी, तरकारी, मासु, दाल, भात आदि रहेका छन् । वेशभूषामा लोग्ने मानिसहरू कमिज, इष्टकोट, भोटो, कछाड, भाङ्ग्रा, गन्जी, टोपी आदि लगाउँछन् भने महिलाहरू लुङ्गी, टिसर्ट, ब्लाउज, चोलो आदि लगाउने तथा खास्टो ओढ्ने गर्दछन् । यसको साथै विभिन्न सुनका गहनाहरू लगाउँछन् ।

मगरहरू विभिन्न देवी देवताको पूजाआजा गर्ने गर्दछन् । यसबाहेक उनीहरू स्थानीय देवता र कुल देवताको पूजा गर्दछन् । यिनीहरू पूजाआजा धार्मिक रूपले नभइ आफ्नो परिवार, पशुपंक्षी तथा खेतीपातीको सुरक्षाको लागि गर्दछन् । विभिन्न चाडपर्व विबाह आदि हिन्दू संस्कार अनुसार सम्पन्न गरिन्छ । तर त्यसमा मौलिकपन पनि लुकेको हुन्छ । उनीहरू विभिन्न मेला पर्वहरूमा नाचगान गरी खुब रमाइलो गर्दछन् । त्यस अवसरमा मासु र रक्सी त अनिवार्य जस्तै हुन्छ ।

मगरहरूको सम्पूर्ण सामाजिक संस्कारमा कुटुम्बको उपस्थितिलाई अनिवार्य मानिन्छ । यिनीहरू ३, ५, ७, ९ वा ११ दिनमा न्वारान गर्ने गर्दछन् । यसमा पुरोहित तथा कुटुम्बको महत्त्वपूर्ण स्थान हुन्छ । छेवर संस्कार पनि बिजोर वर्ष ३, ५, ७ वा ९ वर्षमा गरिन्छ । यो कार्य शुक्रबार वा विहिबार पारेर गरिन्छ । छोरीलाई पनि ५ देखि ९ वर्षभित्रमा बिजोर वर्ष पारेर आमाले गुन्यु चोलो दिने चलन छ ।

अध्ययन क्षेत्र भुरुङ गाउँका मगरहरूमा पनि उल्लेखित विशेषताहरू पाइन्छन् । उनीहरू विभिन्न देवीदेवताको पूजा गर्नुका साथै धार्मिक संस्कार हिन्दू विधि तथा केही मात्रामा आफ्नो मौलिकपन समेत समिश्रण गरी सम्पन्न गर्दछन् ।

- भुरुङ गाउँको मगरको जनसङ्ख्या ४४२ पाइयो जसमा २२५ पुरुष र २१७ महिला छन् । जुन पुरुष तर्फ ५०.९० प्रतिशत र महिलातर्फ ४९.१० प्रतिशत हुन आउँदछ । त्यस्तै आर्थिक रूपले सक्रिय जनसङ्ख्या २७८ (६२.९०%) र आर्थिक रूपले निस्क्रिय जनसङ्ख्या १६४ (३७̐१०%) रहेको देखिन्छ ।

- महिला उत्तरदाता ३३ (४०.७४%) र पुरुष उत्तरदाता ४८ (५९.२९%) रहेका छन्। ४८ पुरुष उत्तरदाताहरू मध्ये ८ जना निरक्षर र ३३ जना महिला उत्तरदाताहरू मध्ये १२ जना निरक्षर रहेको देखिन्छ।
- ७५.३१% मगरहरूको एकात्मक परिवार रहेको छ भने २४.६९% मगरहरूको संयुक्त परिवार रहेको छ।
- ६ वर्षभन्दा माथिका ४०३ जनसङ्ख्या मध्ये १३.१५ % मगरहरू निरक्षर नै छन्। त्यस्तै २.७३% मगरहरू आइ.ए. वा सो सरहको शिक्षा प्राप्त गरेका छन् भने स्नातक वा सो सरहभन्दा माथि अध्ययन गर्ने मगर नै छैनन्।
- परिवार नियोजनका कार्यक्रमहरू सञ्चालन गरे पनि २४.६९% उत्तरदाताहरू परिवार नियोजन सम्बन्धी कुनै चासो देखाउँदैनन्। त्यस्तै ७५.३१% उत्तरदाताहरूको धामी झाँक्रीप्रतिको विश्वास हट्न सकेको छैन।
- यहाँका ९५.०६% परिवारले हिन्दू धर्म मान्दछन् भने ४.९४% परिवारले क्रिस्चियन धर्म मान्दछन्।
- यहाँका १०० प्रतिशत परिवारले धाराको खानोपानीको प्रयोग गरेको पाइन्छ। त्यस्तै ३५.८०% परिवारले खुल्ला चौरलाई चर्पीको रूपमा प्रयोग गरेका छन्।
- यहाँका १२.३५ % उत्तरदाताहरूले मात्र टेलिभिजन, टेलिफोन, बिजुली बत्ती रेडियोजस्ता आधारभूत सेबाहरू उपयोग गरेका छन्।
- यहाँका मगरहरूको मुख्य पेसा कृषि हो। सहायक पेसाको रूपमा ४३.२१% उत्तरदाताले वैदेशिक रोजगारलाई अपनाएका छन्। सैनिक सेवामा भर्ती हुने इच्छा भए पनि कुल जनसङ्ख्याको १.३६ % मगरहरू मात्र सैनिक सेवामा भर्ती भएको पाइयो। त्यस्तै ३२.०९% उत्तरदाताहरू कृषि पेसाको अतिरिक्त ज्यालादारी काम गर्दछन्। ८.८८% उत्तरदाताहरू पेन्सनलाई आम्दानीको स्रोत मान्दछन् र ७.४१% उत्तरदाताहरूले बाखा पालन व्यसायलाई आम्दानीको स्रोत मानेको देखिन्छ।
- यहाँका शतप्रतिशत परिवारले मकै, कोदो जस्ता बालिहरूको खेती गर्दछन्। त्यस्तै आफूलाई चाहिने तरकारीहरू पनि आफै उत्पादन गर्दछन्। त्यस्तै दोस्रो बालीको रूपमा सिमी र भट्ट ९५.०६% घरहरूले खेती गर्दछन्। खेती गर्ने क्रममा

७४.०७% ले गोठेमल र कम्पोष्ट मल मात्र प्रयोग गर्दछन् भने २५.९३% ले गोठमल र कम्पोस्ट मलको साथसाथै रासायनिक मल पनि प्रयोग गर्दछन् ।

- भुरुङ गाउँका ४ हलसम्म जग्गा जमिन भएका उत्तरदाताहरू ७४.०७% रहेका छन् भने २५.९३% उत्तरदाताहरूको जमिन ४ हलभन्दा माथि रहेको छ ।
- यहाँका २४.६९% परिवारलाई मात्र वर्ष भरिलाई खाने अन्न मकै र कोदो उब्जिन्छ भने ७५.३१% परिवारलाई ७।८ महिनासम्म पनि मकै र कोदोले खान पुग्दैन । धान उत्पादन नहुने भएकोले भात खानको लागि भने १०० % परिवार नै बाहिरबाट किनेर लैजानु पर्ने हुन्छ ।
- भुरुङ गाउँका केही सीमित घरपरिवारले आफूलाई चाहिने मह आफै उत्पादन गरे पनि २.४७% परिवारले यसलाई व्यवसाय बनाई सामान्य आम्दानी गरेको पाइन्छ ।
- भुरुङ गाउँका मगरहरू सबैले गाई, गोरु र कुखुरा पालन गरे पनि क्रमशः ६१.७२% र ७४.०७% उत्तरदाताहरू भैंसी पाल्ने र बाखा पाल्ने गर्दछन् । बाखा पालन कार्यलाई व्यवसायमा बदल्ने भने ७.४१% मात्र उत्तरदाता रहेका छन् ।

## ९.२ निष्कर्ष

मगरजाति नेपालका जनजातिहरूमध्ये जनसङ्ख्याको हिसाबले सबैभन्दा ठूलो जनजाति हो । यो जाति करिब २३०० इ.पू. तिर नेपाल प्रवेश गरी सर्वप्रथम पश्चिम नेपालमा र त्यसपछि मुलुकभरि विस्तार हुँदै गएको पाइन्छ । नेपालको जुनसुकै ठाउँमा गए पनि मगरहरूको अस्तित्व देखिन्छ । कालीगण्डकीभन्दा पश्चिम कर्णालीभन्दा पूर्व, चुरे वा सिवालिक पर्वत शृङ्खलाभन्दा उत्तर र अति हिमपात हुने हिमाली भागभन्दा दक्षिणको विशाल भूभाग मगरहरूको मूल थलो हो । यिनीहरूको मुख्य बसोबास भएमा क्षेत्रहरूमा पाल्पा, तनहुँ, स्याग्दी, प्युठान, रोल्पा, अर्घाखाँची, स्याङ्जा, पर्वत, बाग्लुङ, डोल्पा, सुर्खेत, सिन्धुली र उदयपुर आदि हुन् जहाँ यिनीहरूको बस्ती बाक्लो रहेको छ । मगरहरू थापा, राना, आले, घर्ती, पुनजस्ता विभिन्न थरमा विभाजित छन् । अध्ययन क्षेत्रमा भने पुनमगर र राना मगरहरूका थरहरूको बसोबास रहेको छ । यिनीहरूको शारीरिक बनोट दरिलो,

छोटो तथा मझौला कद, चेप्टो नाक सानो आँखा र गोरो तथा रातो वर्णका हुन्छन् । यिनीहरू सरल तथा इमानदार भइ आफ्नो जीवन व्यतित गर्दछन् ।

मगर जातिको आफ्नो छुट्टै भाषा मगराती भए तापनि सबै मगर समुदायमा यसको प्रयोग भेटिँदैन । मगरहरूका घरहरू प्रायः ढुङ्गा र माटोको प्रयोग गरी बनाएका र टिनका वा ढुङ्गाका छाना भएका हुन्छन् । घरहरू एकतलेदेखि दुई तलेसम्म हुन्छन् । खानको लागि मकै, कोदो र गहुँका परिकाहरू नै मुख्य छन् । पहिरनमा पुरुषले भोटो, कछाड, कमिज, इस्टकोट, गन्जी, भाङ्ग्रा, कट्टु, टोपी आदि र महिलाहरू लुङ्गी, चोलो, पटुका, ब्लाउज, साडी आदि तथा गहनामा सुनको फूली, रिङ, पोते आदि लगाउँछन् । आजकलका युवा युवतीमा भने आधुनिक पहिरनहरू प्रयोग गर्ने चलन चलिरहेको छ । भाँडावर्तनहरू विशेष गरी, सिलवट, तामा र काँसका प्रयोग गर्दछन् ।

मगरहरू सुरुमा बोन धर्म (प्रकृतिपूजक) पछि बौद्ध धर्म र अन्तमा हिन्दूहरूको प्रभावबाट हिन्दू धर्माबलम्बी बनेका हुन् । उनीहरूले हिन्दूहरूले मनाउने गरेका विभिन्न चाडपर्व दशैं, तिहार, तीज, माघे सङ्क्रान्ती, ठूली एकादशी, साउने सङक्रान्ति आदि चाडपर्वहरू मनाउँछन् । यी विभिन्न चाडपर्व तथा उत्सवहरूमा नाचगान गरी रमाइलो गर्दछन् । यिनीहरू विभिन्न देवीदेवताहरू गणेश, महादेव, कृष्ण, राम, पार्वती, लक्ष्मी, सरस्वती, वनदेवी, भुमे बराह आदिको पूजाआजा गर्दछन् । प्रायः मगरहरू पूजा धार्मिक दृष्टिकोणबाट भन्दा परिवार, पशु तथा खेतीपाति राम्रो होस् भन्ने दृष्टिकोणको गर्दछन् । कुनै आपत विपतबाट बच्न मगरहरू घरदेखि बाहिर कुनै स्थानमा थान बनाएर विधिपूर्वक बली पूजा गर्दछन् । यिनीहरू उत्सव तथा पर्वहरूमा जाँड रक्सी तथा मासु खाइ, खुब नाचगान गरी मनोरञ्जन लिन्छन् ।

मगर समुदायमा प्राचीन कालदेखि संयुक्त परिवार रहँदै आएकोमा हाल आएर सो परिवार क्रमशः एकात्मक परिवारमा रूपान्तर हुँदै गएको छ ।

मगरहरू बच्चा जन्मिएको तेस्रो दिनदेखि एघार दिनसम्म बिजोर दिन पारेर बच्चाको न्वारन गर्दछन् । बार तथा साइत हेरेर मात्र बच्चाको नामकरण हुन्छ । छेवर पनि बिजोर दिन पारेर छोराको ३ देखि ९ वर्षभित्र गरिन्छ । छेवरमा मामाको महत्त्व बढी हुन्छ । मामाले बच्चाको कपाल काटी दिनुपर्ने हुन्छ । छोरीलाई ५, ७, ९ वर्षमा बिजोर वर्ष पारेर आमाद्वारा गुन्यु चोलो दिने चलन छ । मगर समुदायमा विशेष गरी मागी विबाह नै गरिन्छ । हाल आएर प्रेम विबाहको पनि प्रचलन बढिरहेको छ । यिनीहरूमा मामाचेली,

फुपूचेला विबाह पनि हुन्छ । जन्मदेखि मृत्यु संस्कारसम्म कुटुम्बको ठूलो भूमिका हुन्छ । जसमा उनीहरू वंशज, घरछिमेकी लगायत कुटुम्बलाई भोज ख्वाउने गर्दछन् ।

मगरहरूको मुख्य पेसा कृषि तथा पशुपालन भए तापनि सैनिक सेवा लाहुरे भएर कमाएको धन नै उनीहरूको मुख्य आम्दानीको स्रोत हो । शिक्षाको क्षेत्रमा पनि उनीहरू पछाडि छन् । धामी, झाँक्री प्रथामा नै बढी विश्वास गर्दछन् ।

मगर समुदाय आफ्नो समुदायसँग मात्र सम्बन्ध गाँस्न चाहन्छन् । तर हाल विविध कारणवश सम्बन्धको दायरामा आफ्नो जातसँग मात्र नभइ अन्य जातसँग पनि वृद्धि हुँदै गएको पाइन्छ ।

यसरी प्रायः मगर जातिको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षमा एकरूपता पाइएता पनि हाल शिक्षा जनचेतना, बसाइँसराइ तथा रोजगारीको कारणले यी पक्षहरूमा क्रमशः परिवर्तनका सङ्केतहरू देखिन थालेका छन् । जेहोस् अधिकांश मगर हालसम्म पनि पिछडिएर रहेको पाइन्छ ।

## ९.३ सुझावहरू

मगर जाति उत्थानको लागि विभिन्न कदमहरू चाल्नुपर्ने देखिन्छ । जसको लागि सम्बद्ध पक्ष, निकाय एवं स्वयं मगर समुदाय नै जागरुक हुनुपर्ने देखिन्छ ।

- मगर जातिको मुख्य पेसा कृषि तथा पशुपालन भएको तर परम्परागत विधिद्वारा खेती गरिने भएकोले उनीहरूले त्यसबाट उचित प्रतिफल पाउन नसकेको अवस्थामा उन्नत प्रविधिबाट खेती तथा पशुपालन गर्न लगाइनुपर्दछ । कृषकलाई ऋण सर्वसुलभ व्याजमा उपलब्ध गराइनु पर्दछ । जसको कारण उनीहरू कृषि औजार तथा मल विउहरू सजिलै खरिद गर्न सक्छन् ।
- सिञ्चाई नहुने क्षेत्रमा सिञ्चाईको व्यवस्था गरी सम्बन्धित ठाउँमा बढी उब्जाऊ हुने बाली लगाउन प्रोत्साहन गर्नुपर्दछ ।
- कृषकले उत्पादन गरेको अनाज खपतको लागि बजारको व्यवस्थाको साथै उचित मूल्य निर्धारणको लागि सरकारी एवं गैर सरकारी पक्षले कदम चाल्नुपर्ने देखिन्छ ।
- बढ्दो युवा शक्तिलाई विदेश पलायनबाट रोक्न सरकारद्वारा स्वदेशमै उद्योग धन्दाको स्थापना एवं अन्य रोजगारका अवसरका सिर्जना गर्नुपर्दछ ।

- मगर समुदायमा शिक्षा र जनचेतनाको अभावमा परिवार नियोजनको ज्ञान कम भएकोले जनसङ्ख्या बढ्ने खतरालाई मध्यनजर राखी गाउँ गाउँमा घुम्ती टोली मार्फत् परिवार नियोजन कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- मगर समुदाय शिक्षा क्षेत्रमा पछि परेकाले उनीहरूलाई शिक्षाको मूल प्रबाहमा ल्याउन सरकारी, गैर सरकारी एवं सम्बन्धित पक्ष बढी जागरुक हुनुपर्ने देखिन्छ ।
- मगर जातिको परम्परागत पेसा गाउँघरमा सिलाइ, बुनाइ, डोका, नाम्ला, डाला बुनाइजस्ता साना तथा घरेलु उद्योग सम्बन्धी बढी भन्दा बढी व्यक्तिलाई संलग्न गराउनका लागि उनीहरूलाई ऋण दिइनुका साथै उचित बजार व्यवस्थापन र पुरस्कार तथा प्रोत्साहनको व्यवस्था सरकारी तथा गैर सरकारी पक्षबाट हुनुपर्ने देखिन्छ ।
- मगर समुदायको लोप हुन लागेको संस्कृति जोगाउन विभिन्न आम सञ्चारका साधनहरूबाट विविध सांस्कृतिक कार्यक्रम प्रचारप्रसार गर्ने तथा विभिन्न स्वदेशी एवं विदेशी समाजशास्त्री, मानवशास्त्री एवं शोधकर्ताहरूको निष्कर्ष एवं राय सुझावका आधारमा मगर संस्कृति संरक्षण अभियानको थालनी गर्नुपर्दछ । त्यसका लागि मगर जाति स्वयं जागरुक हुनुपर्ने देखिन्छ ।
- सम्पूर्ण मगर समुदायको लागि शुद्ध खानेपानी एवं शौचालयको व्यवस्था गरिनु पर्दछ । जसमा सरकारी, गैर सरकारी तथा सम्बद्ध पक्ष नै अगाडि बढ्नुपर्ने हुन्छ ।
- मगर समुदाय सामाजिक तथा सांस्कृतिक संस्कारमा बढी भोजभतेर गरी खर्च गर्ने नराम्रो आदत तथा धुमपान तथा मध्यपान गर्ने नराम्रो कुलतलाई हटाई उनीहरूमा अनावश्यक खर्चको कटौती गर्नुपर्ने देखिन्छ । यसको लागि स्वयं मगर समुदाय नै जागरुक हुनुपर्ने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची

## नेपाली


कार्की, हरिबहादुर (२०५८) : **धनुषा जिल्ला, तुलसी गा.वि.स. का मगरहरूको "सामाजिक सांस्कृतिक र आर्थिक पक्षको अध्ययन"** शोधपत्र त्रि.वि.वि. पाटन संयुक्त क्याम्पस ।

के.सी., हरिबहादुर (२०४७) : **उदयपुर जिल्ला धनबासे गा.वि.स. का मगर जातिको "सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था"** शोधपत्र, त्रि.वि.वि., कीर्तिपुर ।

घर्तीमगर, रणप्रसाद (२०६२) : **मगर सामाजिक संस्कार र नाता सम्बन्ध,** जनसेवा प्रिन्टर्स एण्ड ट्रेडर्स प्रा.लि. अनामनगर, काठमाडौं ।

घिमिरे, बलराम (२०६०) : **अर्घाखाँची जिल्लाको ढिकुर गा.वि.स. गौचरेका मगरहरूको "आर्थिक, सामाजिक, सांस्कृतिक स्थितिको अध्ययन"** शोधपत्र त्रि.वि.वि. पाटन संयुक्त क्याम्पस ।

जोशी, मिनु (२०५९) : **स्याङ्जा जिल्ला तीन दोबाटो र तुलसी भन्ज्याङ गा.वि.स. का मगर जातिको "सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको अध्ययन"** शोधपत्र, त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौं ।

पाण्डेय, मधुसुदन (२०६३) : **नेपालका जनजातिहरू,** काठमाडौं : पैरवी प्रकाशन ।

नागरिक वडापत्र (२०६१) : जि.वि.स. को कार्यालय, म्याग्दी ।

बराल मगर, केशरजङ्ग (२०५०) : **पाल्पा तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

विष्ट, डोरबहादुर (२०३५) : **सबै जातको फूलबारी,** काठमाडौं : साझा प्रकाशन ।

बुढा मगर, हर्षबहादुर (२०५३) : **किराँत वंश र मगर,** काठमाडौं : दीपतारा अपसेट प्रेस ।

रिमाल, प्रतिमा (२०५९) : **मगर जातिको सामाजिक सांस्कृतिक र आर्थिक पक्षको एक अध्ययन,** शोधपत्र त्रि.वि.वि. पाटन संयुक्त क्याम्पस ।

शर्मा, जनकलाल (२०५८) : **हाम्रो समाज एक अध्ययन,** काठमाडौं : साझा प्रकाशन ।

बूढामगर, बमकुमारी (२०६५) : **अठार मगराती ऐतिहासिक पृष्ठभूमि, पुनहिल,** वर्ष ३, अङ्क २, करपाकेली प्रकाशन समूह ।

## अङ्ग्रेजी

Bista, Dor Bahadur (2000) : **The People of Nepal,** Kathmandu : Ratna Pustak Bhandar, 7th Edition.

Fisher, J.F. (1986) : **Trans Himalayan Traders Economy, Society and Culture in North West Nepal**, University of California Press.

Gurung, Harka (1996) : **Ethnic Demography of Nepal**

Khatri, Man Bahadur (2005) : **Change in Ecological Relationship of Magars of Argel Dhaulagiri Journal of Society of Anthropology** Mahendra Multiple Campus Baglung.

Monlar, Augusta (1981) : **Economic Strategies of Ecological Constrainsts : Case of the Kham Magar of North West Nepal in C. furer, Haimendorf** (ed), Asian High land societies in Anthropological Perspective New Delhi, Sterling Publishers.

Rana, Chandra Kumari (2002) : **Gender analysis of forming activities in mager community Baughgumba VDC** Palpa District.

Sharma P.R. (1981) : **Magar of Nepal,** Kathmandu : Ratna Pustak Bhandar.

## अनुसूची-१

## घरधुरी सर्बेक्षणको प्रश्नावली

भुरुङ तातोपानीका मगर जातिको सामाजिक, आर्थिक र साँस्कृतिक पक्षको समाजशास्त्रीय अध्ययन

अनुसन्धानकर्ता : कमलचन्द्र लामिछाने, पृथ्वीनारायण क्याम्पस, पोखरा

१.१ व्यक्तिगत जानकारी

क) उत्तरदाताको नामथर

ख) उमेर

ग) लिङ्ग

घ) धर्म

ङ) बोलिने भाषा

च) शैक्षिक स्थिति क) साक्षर ख) निरक्षर

साक्षर भए शैक्षिक स्थिति

क) एस.एल.सी वा सो सरह

ख) प्रवीणता प्रमाण पत्र वा सो सरह

ग) स्नातक वा सो सरह

घ) स्नातकोत्तर वा सो सरह

ङ) अन्य ........................

१.२ पारिवारिक विवरण

| क्र.स | उमेर | लिङ्ग | शिक्षा | वैवाहिक स्थिति | पेशा | घरमुली सँगको सम्बन्ध |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१.३ घरको बनोट

क)  ढुङ्गाको गाह्रो टिनले छाएको  ख) ढुङ्गाको गाह्रो ढुङ्गाले छाएको

ग)  ढुङ्गाको गाह्रो, ढुङ्गा र टिन दुवैले छाएको

घ) पक्की  ङ)  अन्य ........

१.४  घरमा प्रयोग भएका सुविधाहरू

क)  पानीको धारा  ख)  विजुलीबत्ती  ग)  चर्पी  घ)  टेलिफोन

ङ)  टेलिभिजन  च)  रेडियो  छ)  सबै  ज)  अन्य

**२.०  शैक्षिक अवस्था**

२.१  तपाईको बच्चाहरू स्कुल/क्याम्पस जान्छन् ।

क)  जान्छन्  ख)  जादैनन् ।  → प्र.नं. २.३

२.२  यदि जान्छन् भने कस्तो प्रकारको स्कुल/क्याम्पस

| संस्था | लिङ्ग | निजी | सरकारी | सामुदायिक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

२.३  तपाईको घरबाट साक्षरता अभियान अन्तर्गत प्रौढ शिक्षा पढ्ने व्यक्ति छन् या छैनन् ? छन् भने कति जना छन् ?

.........................................................................................................

२.४  तपाईको घरबाट नजिकको विद्यालय कुन हो र पुग्न कति समय लाग्छ ?

.........................................................................................................

२.५  शैक्षिक अवसर सरल छ या जटिल छ ?

क)  जटिल छ  ख)  सरल छ  → प्र.नं. २.७

२.६  यदि जटिल छ भने कस्ता समस्याहरू छन् ?

क) साँस्कृतिक कारण  ख) आर्थिक करण ग) सामाजिक कारण घ)  भौगोलिक कारण  ङ) अन्य ..........

२.७  शैक्षिक संस्थाबाट पाइएका सेवा सुबिधाहरू पर्याप्त छन् या छैनन् ।

क)  छन्  ख)  छैनन्

२.८  छैनन् भने कुन पक्षमा छैनन्

क) ................  ख) ...............  ग) ............. घ) ............

## ३.० विवाह र परिवार

३.१ तपाईको परिवार कस्तो प्रकारको छ ?

क) एकल परिवा  ख) संयुक्त परिवार  ग) बृहत्त परिवार

३.२ तपाईको परिवामा कस्तो विवाह गरिन्छ ?

क) मागी विवाह  ख) प्रेम विवाह  ग) मामाचेली फुपुचेला विवाह

घ) फुपुचेली मामाचेला विवाह  ङ) अन्य विवाह ............

३.३ अन्तरजातिय विवाहलाई मान्यता दिनुहुन्छ ?

क) दिइन्छ  ख) दिइदैन्

३.४ तपाईलाई परिवार नियोजनको बारेमा थाहा छ ?

क) थाहा छ  ख) थाहा छैन  → प्र.नं. ४.१

३.५ यदि थाहा छ भने कुन प्रकारको परिवार नियोजन गर्नुहुन्छ ?

क) थाहा छ  ख) थाहा छैन

३.६ परिवार नियोजनका कुन-कुन साधनहरू प्रयोग गर्नुहुन्छ ?

.........................................................................

## ४.० व्यवसाय

४.१ तपाईको आफ्नो पेशा के हो ?

क) किसान  ख) ज्यालामजदुरी  ग) व्यापार  घ) नोकरी

ङ) पेन्सनर  अ) गोर्खा  आ) इन्डियन  इ) नेपाली

च) वैदेशिक रोजगार

४.२ नोकरी हो भने कस्तो प्रकारको नोकरी हो ?

क) सरकारी  ख) निजी  ग) अर्धसरकारी  घ) विदेशी

४.३ यदि तपाईका परिवारहरू वैदेशिक रोजगारमा छन् भने कुन मुलुकमा कति जना छन् ?

......................................................................................................

४.४ तपाईको पेशाबाट सन्तुष्ट हुनुहुन्छ ?

क)   सन्तुष्ट छैन ।   ख)  सन्तुष्ट छु । → प्र.नं. ४.६

४.५  सन्तुष्ट हुनुहुन्न भने के कारणले हुनुहुन्न ?

............................................................................................................

४.६  आर्थिक रूपले मगर जाति र अन्य जातिमा के भिन्नता देख्नुहुन्छ ?

............................................................................................................

४.७  यदि मगर जाति पछिडिएको थाहा भए के कारणले होला ?

............................................................................................................

४.८  तपाईको कमाइले तपाईका आवश्यकता पुरा गर्न सक्नुहुन्छ ?

क)   सक्तिन   ख)  सक्छु   → प्र.नं. ५.१

४.९  यदि नसकेमा कस्ता किसिमका आवश्यकता पुरा गर्न सक्नुहुन्न ?

............................................................................................................

**५.०  खेतीपाती र पशुपालन**

५.१  तपाईको जग्गा जमिन कस्तो प्रकारको छ ?

क)   खेती   ख)  बारी  ग)  दुवै

५.२  कुन कति कति छ ?

| | २-४ हल | ४-६ हल | ६-८ हल | ८-माथि |
|---|---|---|---|---|
| खेत | | | | |
| बारी | | | | |

५.३  तपाईको जग्गा जमिनमा सिँचाइको सुबिधा छ या छैन ? छ भने कति भागमा छ

............................................................................................................

५.४  तपाईको जग्गा जमिन पुर्ख्यौली हो वा आजित हो ?

............................................................................................................

५.५  आर्जित हो भने कसरी किन्न सक्नुभयो ?

............................................................................................................

५.६  तपाईको खेतियोग्य जमिनबाट हुने उत्पादन पर्याप्त छ वा छैन ।

क)  छैन  ख)  छ  → प्र.नं. ५.८

५.७ उत्पादन पर्याप्त छैन भने कसरी आफ्ना आवश्यकताहरू पुरा गर्नुहुन्छ ?

..........................................................................................................

५.८ यदि पशुपालन गर्नुहुन्छ भने के-के पाल्नुहुन्छ ?

| पशु विवरण | सङ्ख्या |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

५.९ पशुपालन आफ्नै उपभोगका लागि हो वा व्यापारको लागि हो ?

..........................................................................................................

५.१० यदि पशुपालनबाट आम्दानी गर्नुहुन्छ भने वर्षमा कति रूपैया आम्दानी गर्नुहुन्छ ?

..........................................................................................................

५.११ प्रमुख बालीको रूपमा के-के बालीहरू लगाउनुहुन्छ ?

क) मकै  ख) कोदो  ग) गहुँ  घ) सिमी  ङ) अन्य ....

५.१२ सहायक बालीको रूपमा के-के बालीहरू लगाउनुहुन्छ ?

..........................................................................................................

५.१३ नगदेबालीहरू लगाउनु हुन्छ कि हुँदैन ? हुन्छ भने कुन बाली लगाउनु हुन्छ ?

..........................................................................................................

**६.० रीतिरिवाज/धर्म संस्कृति**

६.१ तपाईको वर्षभरिमा मनाउने चाडपर्वहरू के-के हुन् ?

..........................................................................................................

६.२ कुलदेवताको रूपमा कुन-कुन देवी देवतालाई पूजा गर्नुहुन्छ ?

..........................................................................................................

६.३ तपाई कुन चाडपर्वलाई बढी महत्व दिनुहुन्छ ? किन ?

………………………………………………………………………………………

६.४ मगर समुदायको आफ्नो कर्मकाण्ड छ कि छैन ?

………………………………………………………………………………………

६.५ तपाईको जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरू के-के हुन् ?

………………………………………………………………………………………

६.६ तपाईको जातिमा पुरोहित को हो ?

………………………………………………………………………………………

६.७ तपाई बिरामी पर्दा कस्को सहारा लिनुहुन्छ ?

क) डाक्टर ख) धामीझाँक्री ग) जडीबुटी घ) माथिका सबै

६.८ तपाई आफ्नो संस्कृतिलाई परम्परागत रूपमा कायम राख्न चाहनुहुन्छ वा समय अनुसार परिवर्तन गर्न चाहनुहुन्छ ?

………………………………………………………………………………………

**७.० सामाजिक पक्ष**

७.१ तपाईको घरमा विभिन्न समस्याहरू पर्दाखेरी समाजका अन्य सदस्यहरूसँग सहयोग माग्नुहुन्छ कि हुँदैन ?

क) माग्छु ख) माग्दिन → प्र.नं. ७.३

७.२ माग्नुहुन्छ भने के-कस्ता सहयोग माग्नुहुन्छ ?

………………………………………………………………………………………

७.३ तपाईको समाजमा समाजलाई व्यवस्थित गर्ने सामाजिक संगठनहरू क्रियाशील छन् वा छैनन् ? → प्र.नं. ७.५

………………………………………………………………………………………

७.४ छन् भने कस्ता संगठनहरू छन् ?

………………………………………………………………………………………

७.५ समाजमा भएका सामाजिक संगठनले गर्ने कामबाट तपाई सन्तुष्ट हुनुहुन्छ कि हुँदैन ?

क) सन्तुष्ट छैन ख) सन्तुष्ट छु । → प्र.नं. ७.७

७.६ सन्तुष्ट हुनुहुन्न भने के-कस्ता कामबाट सन्तुष्ट हुनुहुन्न ?

.................................................................................................

७.७ तपाईको परिवारका कुनै सदस्यले समाजका कुनै संघसंस्था इत्यादिको नेतृत्व गरेका छन् कि छैनन् ?

क) छन् ख) छैनन् → प्र.नं. ७.९

७.८ नेतृत्व गरेका छन् भने नेतृत्वको विवरण

| संस्था | पद |
|---|---|
| | |
| | |
| | |
| | |

७.९ गाउँमा हुने छलफल, निर्णय र संघसंस्थाहरूमा तपाईको भूमिका कस्तो रहन्छ ?

क) अधिक संलग्नता ख) समान संलग्नता

ग) कम संलग्नता घ) संलग्नता हुँदैन

७.१० तपाईको समाजका राजनैतिक संगठनले गर्ने कामबाट सन्तुष्ट हुनुहुन्छ वा हुँदैन ?

क) सन्तुष्ट छैन् ख) सन्तुष्ट छु → प्र.नं. ७.१२

७.११ सन्तुष्ट नभए राजनैतिक दलका कस्ता क्रियाकलापबाट सन्तुष्ट हुनुहुन्न ?

.................................................................................................

७.१२ समाजमा रहेका अन्य जातजातिसँग तपाईको कसतो सम्पर्क रहन्छ ?

.................................................................................................

**८. अन्य**

८.१ मगरहरू नेपालमा कहिले र कहाँबाट प्रवेश गरे बताइदिनुहुन्छ कि ?

.................................................................................................

८.२ मगर जातिको परम्परागत पेशा के हो ?

.................................................................................................

८.३ तपाईको समुदायमा जातीय विभाजन छ कि छैन ?

.................................................................................................

८.४ तपाईको परिवारमा छोरा र छोरीलाई समान व्यवहार गर्नुहुन्छ कि हुँदैन ?

.......................................................................................................

८.५ परिवारमा कसरी श्रम विभाजन गर्नुहुन्छ ?

| क.स | कामको विवरण | पुरुष | महिला | दुवै | कैफियत |
|---|---|---|---|---|---|
| १ | खाना पकाउने | | | | |
| २ | पानी ल्याउने | | | | |
| ३ | कपडा धुने | | | | |
| ४ | किनमेल गर्ने | | | | |
| ५ | घाँसपात गर्ने | | | | |
| ६ | बच्चा हेर्ने | | | | |
| ७ | घर सफा गर्ने | | | | |

८.६ तपाईको परिवारमा पुरुष र महिलामध्ये कस्को भूमिका प्रमुख हुन्छ ?

.......................................................................................................

८.७ तपाईले कसैबाट ऋण लिनु भएको छ ?

.......................................................................................................

८.८ तपाईको मातृभाषाका विद्यालयहरू छन् कि छैनन् ?

.......................................................................................................

८.९ तपाईहरूले ज्यालादारी काम गर्नुहुन्छ ?

.......................................................................................................

८.१० तपाईहरू सँगोलमा बस्न चाहनुहुन्छ कि हुँदैन ?

.......................................................................................................

८.११ तपाई भूतप्रेत, धामीझाँक्रीप्रति कत्तिको विश्वास गर्नुहुन्छ ?

.......................................................................................................

८.१२ तपाईको समुदायमा मगर भाषा बोल्ने व्यक्तिहरू छन् ?

.......................................................................................................

८.१३ मगर समुदायका मनपर्ने र नपर्ने व्यवहारहरू छन् भने किन त्यस्तो ठान्नु हुन्छ, बताइदिनुहोस् ।

..........................................................................................................

## अनुसूची-२

## समूह छलफलको लागि

१. तपाईहरू यहाँ कहाँबाट आउनुभएको हो ?

..........................................................................................

२. तपाईहरूको पुर्ख्यौली पेशा के हो ?

..........................................................................................

३. वर्तमानमा के पेशा गर्दै हुनुहुन्छ ?

..........................................................................................

४. के कारणले गर्दा पेशा परिवर्तन गर्नुभएको हो ?

..........................................................................................

५. परम्परागत संस्कृतिमा परिवर्तन आउनुको कारण के हो ?

..........................................................................................

६. तपाईहरूका अन्य जातजातिसँगको सम्पर्क कस्तो रहन्छ र अन्य जातजातिसँग विवाह गर्नुहुन्छ कि हुँदैन ?

..........................................................................................

७. मगर समुदाय शिक्षामा पछि पर्नुको कारण के हो ?

..........................................................................................

८. मगर समुदाय र अन्य समुदायको संस्कृतिमा के भिन्नता देख्नुहुन्छ ?

..........................................................................................

९. तपाईहरू बढी सुरक्षा सेवामा लाग्नुको कारण के हो ?

..........................................................................................

१०. मगर जातिहरू मेला पर्वमा हुरुक्क हुने कारणहरू तपाईलाई थाहा छ ? छ भने के होला ? बताइदिनुहुन्छ कि ?

..........................................................................................

११. तपाईहरूलाई धामीझाँक्रीप्रति बढी विश्वास लाग्नाको कारण के हो ?

..........................................................................................

१२. तपाईहरूको समुदायमा कति परिवर्तन आए जस्तो लाग्छ ?

..........................................................................................................

१३. विवाह आदि संस्कारहरू गर्दा आफ्नो जातअनुसार गर्नुहुन्छ कि हिन्दू परम्परालाई अँगाल्नुहुन्छ ?

..........................................................................................................

१४. समाजमा घट्ने घटनाहरूमध्ये कस्ता घटनाहरूलाई समाजमा नै बसि मिलाउनुहुन्छ वा कस्ता घटनाहरूलाई कानुनी प्रक्रियामा लैजानुहुन्छ ?

| घटना | समाजमा मिलाउने | कानुनी प्रक्रियामा जाने |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

१५. प्राय पूजा गर्दा मगर जातिले बलि दिने कारण के हो ?

..........................................................................................................

१६. तपाईहरूले चाडपर्व मनाउँदा गरिने संस्कारहरू के-के हुन् ?

| चाडपर्व | खाना | पहिरन | संस्कारहरू | महत्व |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची-१**

## घरधुरी सर्बेक्षणको प्रश्नावली

भुरुङ तातोपानीका मगर जातिको सामाजिक, आर्थिक र साँस्कृतिक पक्षको

समाजशास्त्रीय अध्ययन

अनुसन्धानकर्ता : कमलचन्द्र लामिछाने, पृथ्वीनारायण क्याम्पस, पोखरा

१.१ व्यक्तिगत जानकारी

क) उत्तरदाताको नामथर

ख) उमेर

ग) लिङ्ग

घ) धर्म

ङ) बोलिने भाषा

च) शैक्षिक स्थिति क) साक्षर ख) निरक्षर

साक्षर भए शैक्षिक स्थिति

क) एस.एल.सी वा सो सरह

ख) प्रवीणता प्रमाण पत्र वा सो सरह

ग) स्नातक वा सो सरह

घ) स्नातकोत्तर वा सो सरह

ङ) अन्य ......................

१.२ पारिवारिक विवरण

| क.स | उमेर | लिङ्ग | शिक्षा | वैवाहिक स्थिति | पेशा | घरमुली सँगको सम्बन्ध |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१.३ घरको बनोट

क) ढुङ्गाको गाह्रो टिनले छाएको ख) ढुङ्गाको गाह्रो ढुङ्गाले छाएको

ग)  ढुङ्गाको गाह्रो, ढुङ्गा र टिन दुवैले छाएको

घ) पक्की  ङ)  अन्य ........

१.४  घरमा प्रयोग भएका सुबिधाहरू

क)  पानीको धारा  ख)  विजुलीबत्ती  ग)  चर्पी  घ)  टेलिफोन

ङ)  टेलिभिजन  च)  रेडियो  छ)  सबै  ज)  अन्य

**२.०  शैक्षिक अवस्था**

२.१  तपाईको बच्चाहरू स्कुल/क्याम्पस जान्छन् ।

क)  जान्छन्  ख)  जादैनन् ।  → प्र.नं. २.३

२.२  यदि जान्छन् भने कस्तो प्रकारको स्कुल/क्याम्पस

| संस्था | लिङ्ग | निजी | सरकारी | सामुदायिक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

२.३  तपाईको घरबाट साक्षरता अभियान अन्तर्गत प्रौढ शिक्षा पढ्ने व्यक्ति छन् या छैनन् ? छन् भने कति जना छन् ?

..........................................................................................................

२.४  तपाईको घरबाट नजिकको विद्यालय कुन हो र पुग्न कति समय लाग्छ ?

..........................................................................................................

२.५  शैक्षिक अवसर सरल छ या जटिल छ ?

क)  जटिल छ  ख)  सरल छ  → प्र.नं. २.७

२.६  यदि जटिल छ भने कस्ता समस्याहरू छन् ?

क) साँस्कृतिक कारण  ख) आर्थिक करण ग) सामाजिक कारण घ)  भौगोलिक कारण  ङ) अन्य ..........

२.७  शैक्षिक संस्थाबाट पाइएका सेवा सुबिधाहरू पर्याप्त छन् या छैनन् ।

क)  छन्  ख)  छैनन्

२.८  छैनन् भने कुन पक्षमा छैनन्

क) ................  ख) ...............  ग) ............  घ) ............

**३.० विवाह र परिवार**

३.१ तपाईको परिवार कस्तो प्रकारको छ ?

क) एकल परिवा  ख) संयुक्त परिवार  ग) बृहत्त परिवार

३.२ तपाईको परिवामा कस्तो विवाह गरिन्छ ?

क) मागी विवाह  ख) प्रेम विवाह ग) मामाचेली फुपुचेला विवाह

घ) फुपुचेली मामाचेला विवाह ङ) अन्य विवाह …………

३.३ अन्तरजातिय विवाहलाई मान्यता दिनुहुन्छ ?

क) दिइन्छ  ख) दिइदैन्

३.४ तपाईलाई परिवार नियोजनको बारेमा थाहा छ ?

क) थाहा छ  ख) थाहा छैन  → प्र.नं. ४.१

३.५ यदि थाहा छ भने कुन प्रकारको परिवार नियोजन गर्नुहुन्छ ?

क) थाहा छ  ख) थाहा छैन

३.६ परिवार नियोजनका कुन-कुन साधनहरू प्रयोग गर्नुहुन्छ ?

………………………………………………………………

**४.० व्यवसाय**

४.१ तपाईको आफ्नो पेशा के हो ?

क) किसान  ख) ज्यालामजदुरी  ग) व्यापार  घ) नोकरी

ङ) पेन्सनर  अ) गोर्खा  आ) इन्डियन  इ) नेपाली

च) वैदेशिक रोजगार

४.२ नोकरी हो भने कस्तो प्रकारको नोकरी हो ?

क) सरकारी  ख) निजी  ग) अर्धसरकारी  घ) विदेशी

४.३ यदि तपाईका परिवारहरू वैदेशिक रोजगारमा छन् भने कुन मुलुकमा कति जना छन् ?

………………………………………………………………………………………

४.४ तपाईको पेशाबाट सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट छैन ।  ख) सन्तुष्ट छु । → प्र.नं. ४.६

४.५ सन्तुष्ट हुनुहुन्न भने के कारणले हुनुहुन्न ?

.........................................................................................................

४.६ आर्थिक रूपले मगर जाति र अन्य जातिमा के भिन्नता देख्नुहुन्छ ?

.........................................................................................................

४.७ यदि मगर जाति पछिडिएको थाहा भए के कारणले होला ?

.........................................................................................................

४.८ तपाईको कमाइले तपाईका आवश्यकता पुरा गर्न सक्नुहुन्छ ?

क) सक्तिन ख) सक्छु → प्र.नं. ५.१

४.९ यदि नसकेमा कस्ता किसिमका आवश्यकता पुरा गर्न सक्नुहुन्न ?

.........................................................................................................

**५.० खेतीपाती र पशुपालन**

५.१ तपाईको जग्गा जमिन कस्तो प्रकारको छ ?

क) खेती ख) बारी ग) दुवै

५.२ कुन कति कति छ ?

| | २-४ हल | ४-६ हल | ६-८ हल | ८-माथि |
|---|---|---|---|---|
| खेत | | | | |
| बारी | | | | |

५.३ तपाईको जग्गा जमिनमा सिँचाइको सुबिधा छ या छैन ? छ भने कति भागमा छ

.........................................................................................................

५.४ तपाईको जग्गा जमिन पुर्ख्यौली हो वा आजित हो ?

.........................................................................................................

५.५ आर्जित हो भने कसरी किन्न सक्नुभयो ?

.........................................................................................................

५.६ तपाईको खेतियोग्य जमिनबाट हुने उत्पादन पर्याप्त छ वा छैन ।

क) छैन ख) छ → प्र.नं. ५.८

५.७ उत्पादन पर्याप्त छैन भने कसरी आफ्ना आवश्यकताहरू पुरा गर्नुहुन्छ ?

..........................................................................................................

५.८ यदि पशुपालन गर्नुहुन्छ भने के-के पाल्नुहुन्छ ?

| पशु विवरण | सङ्ख्या |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

५.९ पशुपालन आफ्नै उपभोगका लागि हो वा व्यापारको लागि हो ?

..........................................................................................................

५.१० यदि पशुपालनबाट आम्दानी गर्नुहुन्छ भने वर्षमा कति रूपैया आम्दानी गर्नुहुन्छ ?

..........................................................................................................

५.११ प्रमुख बालीको रूपमा के-के बालीहरू लगाउनुहुन्छ ?

क) मकै ख) कोदो ग) गहुँ घ) सिमी ङ) अन्य ....

५.१२ सहायक बालीको रूपमा के-के बालीहरू लगाउनुहुन्छ ?

..........................................................................................................

५.१३ नगदेबालीहरू लगाउनु हुन्छ कि हुँदैन ? हुन्छ भने कुन बाली लगाउनु हुन्छ ?

..........................................................................................................

**६.० रीतिरिवाज/धर्म संस्कृति**

६.१ तपाईको वर्षभरिमा मनाउने चाडपर्वहरू के-के हुन् ?

..........................................................................................................

६.२ कुलदेवताको रूपमा कुन-कुन देवी देवतालाई पूजा गर्नुहुन्छ ?

..........................................................................................................

६.३ तपाई कुन चाडपर्वलाई बढी महत्व दिनुहुन्छ ? किन ?

..........................................................................................................

६.४ मगर समुदायको आफ्नो कर्मकाण्ड छ कि छैन ?

..........................................................................................................

६.५ तपाईको जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरू के-के हुन् ?

..........................................................................................................

६.६ तपाईको जातिमा पुरोहित को हो ?

..........................................................................................................

६.७ तपाई बिरामी पर्दा कस्को सहारा लिनुहुन्छ ?

क) डाक्टर ख) धामीझाँक्री ग) जडीबुटी घ) माथिका सवै

६.८ तपाई आफ्नो संस्कृतिलाई परम्परागत रूपमा कायम राख्न चाहनुहुन्छ वा समय अनुसार परिवर्तन गर्न चाहनुहुन्छ ?

..........................................................................................................

**७.० सामाजिक पक्ष**

७.१ तपाईको घरमा विभिन्न समस्याहरू पर्दाखेरी समाजका अन्य सदस्यहरूसँग सहयोग माग्नुहुन्छ कि हुँदैन ?

क) माग्छु ख) माग्दिन → प्र.नं. ७.३

७.२ माग्नुहुन्छ भने के-कस्ता सहयोग माग्नुहुन्छ ?

..........................................................................................................

७.३ तपाईको समाजमा समाजलाई व्यवस्थित गर्ने सामाजिक संगठनहरू क्रियाशील छन् वा छैनन् ? → प्र.नं. ७.५

..........................................................................................................

७.४ छन् भने कस्ता संगठनहरू छन् ?

..........................................................................................................

७.५ समाजमा भएका सामाजिक संगठनले गर्ने कामबाट तपाई सन्तुष्ट हुनुहुन्छ कि हुँदैन ?

क) सन्तुष्ट छैन ख) सन्तुष्ट छु । → प्र.नं. ७.७

७.६ सन्तुष्ट हुनुहुन्न भने के-कस्ता कामबाट सन्तुष्ट हुनुहुन्न ?

..........................................................................................................

७.७ तपाईको परिवारका कुनै सदस्यले समाजका कुनै संघसंस्था इत्यादिको नेतृत्व गरेका छन् कि छैनन् ?

क) छन् ख) छैनन् → प्र.नं. ७.९

७.८ नेतृत्व गरेका छन् भने नेतृत्वको विवरण

| संस्था | पद |
|---|---|
| | |
| | |
| | |
| | |

७.९ गाउँमा हुने छलफल, निर्णय र संघसंस्थाहरूमा तपाईको भूमिका कस्तो रहन्छ ?

क) अधिक संलग्नता ख) समान संलग्नता

ग) कम संलग्नता घ) संलग्नता हुँदैन

७.१० तपाईको समाजका राजनैतिक संगठनले गर्ने कामबाट सन्तुष्ट हुनुहुन्छ वा हुँदैन ?

क) सन्तुष्ट छैन् ख) सन्तुष्ट छु → प्र.नं. ७.१२

७.११ सन्तुष्ट नभए राजनैतिक दलका कस्ता क्रियाकलापबाट सन्तुष्ट हुनुहुन्न ?

.............................................................................................

७.१२ समाजमा रहेका अन्य जातजातिसँग तपाईको कसतो सम्पर्क रहन्छ ?

.............................................................................................

**८. अन्य**

८.१ मगरहरू नेपालमा कहिले र कहाँबाट प्रवेश गरे बताइदिनुहुन्छ कि ?

.............................................................................................

८.२ मगर जातिको परम्परागत पेशा के हो ?

.............................................................................................

८.३ तपाईको समुदायमा जातीय विभाजन छ कि छैन ?

.............................................................................................

८.४ तपाईको परिवारमा छोरा र छोरीलाई समान व्यवहार गर्नुहुन्छ कि हुँदैन ?

..........................................................................................................

८.५ परिवारमा कसरी श्रम विभाजन गर्नुहुन्छ ?

| क.स | कामको विवरण | पुरुष | महिला | दुवै | कैफियत |
|---|---|---|---|---|---|
| १ | खाना पकाउने | | | | |
| २ | पानी ल्याउने | | | | |
| ३ | कपडा धुने | | | | |
| ४ | किनमेल गर्ने | | | | |
| ५ | घाँसपात गर्ने | | | | |
| ६ | बच्चा हेर्ने | | | | |
| ७ | घर सफा गर्ने | | | | |

८.६ तपाईको परिवारमा पुरुष र महिलामध्ये कस्को भूमिका प्रमुख हुन्छ ?

..........................................................................................................

८.७ तपाईले कसैबाट ऋण लिनु भएको छ ?

..........................................................................................................

८.८ तपाईको मातृभाषाका विद्यालयहरू छन् कि छैनन् ?

..........................................................................................................

८.९ तपाईहरूले ज्यालादारी काम गर्नुहुन्छ ?

..........................................................................................................

८.१० तपाईहरू सँगोलमा बस्न चाहनुहुन्छ कि हुँदैन ?

..........................................................................................................

८.११ तपाई भूतप्रेत, धामीझाँक्रीप्रति कत्तिको विश्वास गर्नुहुन्छ ?

..........................................................................................................

८.१२ तपाईको समुदायमा मगर भाषा बोल्ने व्यक्तिहरू छन् ?

..........................................................................................................

८.१३ मगर समुदायका मनपर्ने र नपर्ने व्यवहारहरू छन् भने किन त्यस्तो ठान्नु हुन्छ, बताइदिनुहोस् ।

## अनुसूची-२

## समूह छलफलको लागि

१. तपाईहरू यहाँ कहाँबाट आउनुभएको हो ?

.........................................................................................................

२. तपाईहरूको पुर्ख्यौली पेशा के हो ?

.........................................................................................................

३. वर्तमानमा के पेशा गर्दै हुनुहुन्छ ?

.........................................................................................................

४. के कारणले गर्दा पेशा परिवर्तन गर्नुभएको हो ?

.........................................................................................................

५. परम्परागत संस्कृतिमा परिवर्तन आउनुको कारण के हो ?

.........................................................................................................

६. तपाईहरूका अन्य जातजातिसँगको सम्पर्क कस्तो रहन्छ र अन्य जातजातिसँग विवाह गर्नुहुन्छ कि हुँदैन ?

.........................................................................................................

७. मगर समुदाय शिक्षामा पछि पर्नुको कारण के हो ?

.........................................................................................................

८. मगर समुदाय र अन्य समुदायको संस्कृतिमा के भिन्नता देख्नुहुन्छ ?

.........................................................................................................

९. तपाईहरू बढी सुरक्षा सेवामा लाग्नुको कारण के हो ?

.........................................................................................................

१०. मगर जातिहरू मेला पर्वमा हुरुक्क हुने कारणहरू तपाईलाई थाहा छ ? छ भने के होला ? बताइदिनुहुन्छ कि ?

.........................................................................................................

११. तपाईहरूलाई धामीभाँक्रीप्रति बढी विश्वास लाग्नाको कारण के हो ?

.........................................................................................................

१२. तपाईहरूको समुदायमा कति परिवर्तन आए जस्तो लाग्छ ?

.................................................................................................

१३. विवाह आदि संस्कारहरू गर्दा आफ्नो जातअनुसार गर्नुहुन्छ कि हिन्दू परम्परालाई अँगाल्नुहुन्छ ?

.................................................................................................

१४. समाजमा घट्ने घटनाहरूमध्ये कस्ता घटनाहरूलाई समाजमा नै बसि मिलाउनुहुन्छ वा कस्ता घटनाहरूलाई कानुनी प्रक्रियामा लैजानुहुन्छ ?

| घटना | समाजमा मिलाउने | कानुनी प्रक्रियामा जाने |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

१५. प्राय पूजा गर्दा मगर जातिले बलि दिने कारण के हो ?

.................................................................................................

१६. तपाईहरूले चाडपर्व मनाउँदा गरिने संस्कारहरू के-के हुन् ?

| चाडपर्व | खाना | पहिरन | संस्कारहरू | महत्व |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |